नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» शनिबार, कात्तिक ११, २०७४ » Saturday, October 28, 2017 » www.newsofnepal.com » नेसं ११३८ कछलाथ्व: ८ » वर्ष २३, अंक २८२ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { गोरखा २ मा कसले मार्ला बाजी
५ { फनपार्कभित्र गैर कानुनीरूपमा जुवा खेलाइँदै
९ { विश्व हिन्दू महासंघद्वारा ज्ञानेन्द्रको समर्थन
११ { अन्नपूर्ण बेसक्याम्पमा होटल अभाव



महाभूकम्पले क्षति पुऱ्याएको ललितपुरको कृष्ण मन्दिर पुनर्निर्माण हुन नसक्दा पर्यटकहरूलाई मन्दिर अवलोकन गर्न कठिन हुने गरेको छ।
तस्वीर : उजोल डंगोल/काठमाडौं

### प्रत्यक्षतर्फको मतपत्र छपाइ शुरू

# अब चुनाव कुनै हालतमा रोकिँदैन : आयोग

सुनील महर्जन, काठमाडौं

मतपत्रबारे सर्वोच्च अदालतको पछिल्लो आदेशबारे औपचारिक जानकारी नपाएको भन्दै आयोगले पूर्वनिर्धारित कार्यतालिकाअनुसार मतपत्र छपाइ शुरू गरेको छ।

आयोग मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको प्रत्यक्षतर्फको मतपत्र छपाइ शुक्रबार शुरू गरेको हो। अदालतले बुधबार प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको प्रत्यक्षतर्फको मतपत्र अलग अलग गर्नु बाध्यकारी रहेको भन्दै छपाइमा के कति प्रगति भएको छ तीन दिनभित्र लिखित जवाफ पेस गर्न भनेको थियो।

अदालतको सो आदेशको पत्र औपचारिकरूपमा नआएको भन्दै पहिलो खण्ड प्रतिनिधिसभा र तल्लो खण्ड प्रदेशसभाको रहने गरी एउटै मतपत्र छपाइ शुरु गरेको थियो। पूर्वनिर्धारित कार्यक्रमअनुसार समानुपातिकतर्फको मतपत्र छपाइको काम सकिएको र प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको मतपत्रको छपाइ कार्य शुरू भएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले जानकारी दिनुभयो।

कडा सुरक्षाको घेराबीच सानो ठिमीस्थित जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छाप्ने कार्य शुरू गरिएको छ। मतपत्र छाप्न जनक शिक्षा सामग्री केन्द्र, मुद्रण विभाग, निर्वाचन आयोग तथा अन्य कर्मचारी खटिने आयोगले जनाएको छ। पहिलो चरणको निर्वाचनमा ३२ लाख २८ हजार ८७९ जना मतदाता रहेको उल्लेख गर्दै सो संख्या केही बढी मत छापिने आयोगले जनाएको छ। हाल व्यवस्थापिका संसद्मा रहेका दलहरूले अघिल्लो संविधानसभा निर्वाचनमा समानुपातिकतर्फ ल्याएको मत संख्याअनुसार मतपत्रमा क्रमश: निर्वाचन चिह्न रहने कानुनी प्रावधान रहेको छ।

आयोगले मतपत्र छपाइ शुरू गरेर अदालतको आदेश नमान्ने संकेत देखाएको हो त भन्ने प्रश्नमा प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो- 'पछिल्लो पटकको सर्वोच्च अदालतको निर्णय आयोगलाई प्राप्त भइसकेको छैन।'

'एउटै पानामा मतपत्र छाप्ने र मतदान गर्ने कार्य व्यवस्थापकीय र प्राविधिक दृष्टिकोणबाट ज्यादै जटिल छ। तैपनि राजनीतिक दलको सहमति र सरकारको आग्रहमा दुवै निर्वाचनलाई एकैसाथ गर्न आयोग तयार भएको हो।' प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो- 'निर्वाचनको बारेमा अन्योलका कुरा पनि आएका छन्, आयोगमा कुनै अन्योल छैन, तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न हामी प्रतिबद्ध छौं।'

प्रमुख आयुक्त यादवले सम्मानित सर्वोच्च अदालतको आदेशको सम्मान गर्दै आयोगले प्राविधिक समिति गठन गरी त्यसले दिएको प्रतिवेदनको आधारमा आयोग अगाडि बढेको बताउनुभयो। उहाँले पछिल्लो पटकको सर्वोच्च अदालतको निर्णय आयोगलाई प्राप्त भइनसकेको जानकारी दिनुभयो।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले तोकिएको मितिमै निर्वाचन गर्ने सन्दर्भमा पहिलो चरणको निर्वाचनको उम्मेदवारको मनोनयन र निर्वाचन चिह्न प्रदान भई प्रचारप्रसारको काम शुरू भइसकेको, समानुपातिकतर्फको मतपत्र छाप्ने काम पूरा भएको, दोस्रोचरणका लागि समेत निर्वाचन अधिकृतको कार्यालय खोलिसकिएको हुँदा विश्वासका साथ निर्वाचन सञ्चालन गर्न आयोग अघि बढेकाले अन्योलको वातावरण नरहेको पनि उहाँको भनाइ रहेको छ।

आयोगले असोज १७ गते शुरू गरेको समानुपातिकतर्फको मतपत्र छपाइ बिहीबार सकिएको थियो। समानुपातिकतर्फ १ करोड ८० लाख मत छापिएको छ।

# गठबन्धनको ११० सिट बाँडफाँड

- एमालेले ७२ र माओवादीले ३३ सिट लिने सहमति
- १८ सिट शीर्ष तहले टुंगो लगाउने

नेपाल समाचारपत्र
काठमाडौं

नेकपा एमाले र नेकपा माओवादीबीच निर्वाचन क्षेत्र बाँडफाँडमा सहमति भएको छ। वाम गठबन्धले दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लाका प्रतिनिधिसभाको १ सय २८ मध्ये १ सय १० क्षेत्रको बाँडफाँट टुंगो लागेको हो। नेकपा एमाले महासचिव ईश्वर पोखरेल नेतृत्वको कार्यदलले १ सय १० क्षेत्रको बाँडफाँडमा सहमति जुटेको छ। वाम गठबन्धनबीच भएको सहमतिअनुसार माओवादी ३३ र एमालेले ७२ सिट लिएको छ।

चुनावी तालेमलसँगै पार्टी एकता गर्ने सहमति गर्दै वाम गठबन्धन बनाएका एमाले र माओवादीबीच भएको ६ बुँदे सहमतिअनुसार माओवादीले ४० र एमालेले ६० प्रतिशत निर्वाचन क्षेत्र लिने सहमति भएको थियो। सोहीअनुसार आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभाका लागि वाम गठबन्धनले निर्वाचन क्षेत्र बाँडफाँड गरेर साझा उम्मेदवार खडा गरिसकेका छन्।

कार्यदलमा सहभागी एक नेताका अनुसार शीर्ष नेताहरूबीच छलफलपछि बाँकी रहेका सिटको शनिबारसम्म टुंगो लाग्नेछ। सहमति जुट्न बाँकी रहेका १९ निर्वाचन क्षेत्रमा सहमतिका लागि गृहकार्य भइरहेको ती नेताले जानकारी दिए।

प्रतिनिधिसभासँगै प्रदेशसभाको पनि सिट बाँडफाँट भएको छ। स्थानीय चुनावको मत, सम्भावित उम्मेदवारको व्यक्तित्वलगायतका आधारमा सिट बाँडफाँट गरिएको बताइएको छ। धनकुटासँगै तेह्रथुमको प्रदेश र प्रतिनिधिसभाको सबै सिट एमालेले पाएको छ भने इलाममा माओवादीले प्रदेशसभाको एक सिट लिएको छ। दुई दलबीच सिन्धुलीको प्रदेश र प्रतिनिधिसभा आधा-आधा लिने सहमति भएको छ भने मकवानपुरमा प्रतिनिधिसभाको दुवै सिट एमालेले लिएको छ। प्रदेशमा भने आधा-आधा गरी सहमति कायम गरिएको छ। चितवनमा एमाले र माओवादीले एक/एक निर्वाचन क्षेत्र लिएका छन्। एउटा निर्वाचन क्षेत्रको भने अझै टुंगो लाग्न सकेको छैन। चितवन ३ बाट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' उम्मेदवार बन्ने मोटामोटी सहमति भएको छ। काभ्रेमा एमालेले प्रतिनिसिभाको एक र प्रदेशको तीन सिट लिएको छ भने माओवादीले दुवै सभाको एक/एक सिट पाएको छ।

काठमाडौंमा एमालेले प्रदेशको १७ र प्रतिनिधिसभाको ७ सिट लिएको छ। माओवादीले प्रतिनिधिसभा र प्रदेशसभाको तीन/तीन सिट पाएको छ। ललितपुरमा एमालेले प्रतिनिधिसभाको दुई सिट लिएको छ भने माओवादीले एक सिट लिएको छ। तनहुँ, स्याङ्जा, पर्वत, पाल्पा, गुल्मीको प्रतिनिधिसभा एमालेको भागमा परेको छ भने अर्घाखाँचीको प्रतिनिधिसभा माओवादीले लिएको छ। कपिलवस्तुमा भने दुई सिट स्वतन्त्रलाई दिइएको छ भने एक सिटबारे टुंगो लागेको छैन। दाङमा एमाले र माओवादीले एक/एक सिट लिने सहमति भए पनि एउटा निर्वाचन क्षेत्रको भने टुंगो लाग्न बाँकी छ।

(क्रमश: पृष्ठ ९ मा)

## जनप्रतिनिधिले तिहार खर्च भन्दै १२ लाख खाए

सुरेश तामाङ, काठमाडौं

गोदावरी नगरपालिकाको नगर कार्यपालिकाले चाडपर्व खर्च भन्दै १२ लाख रुपियाँ दामासाही रूपमा बाँडेको रहस्य खुलेको छ। नगरपालिकाका निर्वाचित प्रमुख, उपप्रमुख र वडाध्यक्षसहितको नगर कार्यपालिकाले निर्णय गराएरै सो रकम बाँडफाँड गरेको खुलेको हो।

नगरपालिका स्रोतका अनुसार तिहार पर्वका लागि खर्च स्वरूप भन्दै नगर कार्यपालिकाका २४ जना सदस्यलाई जनही ५०/५० हजार रुपियाँका दरले १२ लाख रुपियाँ दामासाहीले बाडिएको हो हो। तिहार आउनुअघि नै सो निर्णय भएको थियो। उक्त निर्णयपछि तिहार अघि र पछि गरी जनप्रतिनिधिहरूले सो रक बुझेको नगरपालिका स्रोतले जानकारी दिएको छ।

(क्रमश: पृष्ठ ९ मा)

जग्गा बिक्रीमा




स्कूल, कलेज, डिपार्टमेन्टल स्टोर, नर्सिङ होम, सिनेमाहल, गाडी सर्भिसिङ सेन्टर आदिका लागि अत्यन्त उपयोगी काठमाडौंको मध्यभागमा रहेको नक्सांकनअनुसार जग्गाको दुईतर्फी बाटो भएको ५ रोपनी जग्गा बिक्रीमा छ। आवश्यक र खरीदगर्न इच्छुक व्यक्तिले मात्र सीधै सम्पर्क गर्नुहोला।
सम्पर्क नं. ९८४१३१४७८१

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यत: हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# आँखा रोगीको संख्या बढ्दै

### बिरामी जाँच्ने चिकित्सकको अभाव

प्रशान्त वली, काठमाडौं

नेपालमा ६ सय जना नेत्र रोग विशेषज्ञ चिकित्सक हुनुपर्ने हो। विश्व स्वास्थ्य संगठनको मापदण्डलाई आधार मान्ने हो भने ५० हजार जनता बराबर एकजना नेत्र रोग विशेषज्ञ चिकित्सकको आवश्यकता पर्छ। नेपालमा त्यो संख्या कहिले पुग्ने अहिलेसम्म कुनै निकायसँग ठोस योजना छैन।

हाल २ सय १५ जना मात्रै नेत्र रोग विशेषज्ञ छन्। तीमध्ये ७० देखि ८० जना त काठमाडौंमा नै कार्यरत रहेका छन् भने बाँकी चिकित्सक पनि राजधानी बाहिरका सुविधा सम्पन्न शहरमा बस्ने गरेका छन्।

बिरामीको अनुपातमा चिकित्सकको संख्या कम हुँदा अस्पतालहरूमा बिरामीको चाप बढ्दै गएको छ। नेपालको आँखा रोगीको संख्याअनुसार चिकित्सको संख्या ज्यादै न्यून रहेको छ। नेपालमा ६ सयको हाराहारीमा नेत्र रोग विशेषज्ञ हुनुपर्ने तिलगंगा आँखा प्रतिष्ठानले जानकारी दिएको छ।

नेपालमा अझै ३ सय ८५ जना विशेषज्ञ डाक्टरको अभाव रहेको प्रतिष्ठानको दाबी छ। आँखा चिकित्सकहरूको अभाव र डाक्टरहरू ग्रामीण तहमा जान नमान्दा बिरामीहरू निकै समस्यामा परेका छन्।

आँखा अस्पतालहरूमा आँखाको डिल, आँखाको डल्लो बस्ने ठाँउ, आँसु नली, आँखाको क्यान्सर, आँखाको सुन्दरता, रेटिनामा समस्या र जटिल रोगसम्बन्धी बिरामीहरू आउने गरेका छन्।

नेपालमा करीब ६० हजार जनामा आँखाको समस्या भएको बताइएको छ। सरकारले स्वास्थ्य क्षेत्रमा बजेट कम विनियोजन गर्दा आँखा रोगको बारेमा जनचेतना फैलाउन नसकेको नेत्र रोग विशेषज्ञहरूले बताएका छन्। आँखासम्बन्धी समस्या भएका बिरामीहरूलाई प्रकृति हेरेर स्वास्थ्य उपचार प्रदान गरिँदै आएको आँखाको प्लास्टिक शल्यक्रिया विशेषज्ञ डा. रोहित सैंजुले जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, OCT Saturday 28



प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष

# गोरखा २ मा कसले मार्ला बाजी ?

## भट्टराई र श्रेष्ठ दुवै ढुक्क छैनन् !





**सन्तोष अधिकारी, गोरखा**

सशस्त्र संघर्षको बेला फरक-फरक विचार र नेतृत्वबाट राजनीतिमा रहेका पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ पछि माओवादीको राजनीतिमा सँगै यात्रा गरे। लामो समयसम्म एउटै पार्टीमा रहेर एउटै विचारको राजनीतिक हस्ती रहेका उनीहरु अहिले फरक-फरक किनारमा छन्। अचम्म त के छ भने यी दुबै आसन्न प्रतिनिधि सभा निर्वाचनमा एक अर्काको प्रतिद्वन्द्वीसमेत हुन्।

भट्टराई कांग्रेस र नयाँशक्तिका साझा उम्मेदवार हुन्। श्रेष्ठ एमाले र माओवादी केन्द्रका साझा। दुबैले आफ्नो गृहक्षेत्र गोरखा क्षेत्र २ बाट उम्मेद्वारी दर्ता गरेका छन्।

अब यी दुईमध्ये एकको मात्र जित हुनेछ।

दुबैले चुनावी प्रचार तयारीका लागि गठबन्धनसँग मिलेर गाउँ छिर्ने बताइरहेका छन्। यसअघिका दुई निर्वाचनमा तत्कालीन अवस्थामा माओवादीकै उम्मेदवार बनेर बाबुराम भट्टराई नै निर्वाचित भएका थिए। ०७० को निर्वाचनमा पनि माओवादीकै नेता हितराज पाण्डे निर्वाचित भए। अहिले माओवादी फुटेको छ। माओवादीबाट फुटेर भट्टराईले नयाँ शक्ति नेपाल पार्टी स्थापना गरे। दुबैले ढुक्कसँग जित्ने आँकलन गर्न मुश्किल छ।

स्थानीय तहको मतको मतान्तर हेर्दा जम्मा एक सय ५८ मतको फरक देखिन्छ। गोरखा क्षेत्र नं. २ को मतदाता संख्या ९० हजार ८२६ छ। गत स्थानीय तहको निर्वाचनमा यो क्षेत्रमा कांग्रेसले १७ हजार ८८ र नयाँशक्तिले ७ हजार ८७७ मत पाएका थिए। दुवै पार्टीको मत जोड्दा २४ हजार ९६५ हुन्छ।

सोही क्षेत्रमा एमाले ७ हजार २०८ र माओवादी केन्द्रको १७ हजार ९१५ मत पाएका थिए। गबन्धनका यी दुई पार्टीको मत जोड्दा २५ हजार १२३ हुन्छ। सोही अंक गणितलाई आधार मान्ने हो भने पनि दुबैको जित सहज छैन। गोरखामा भट्टराईको गृहनगरसमेत रहेको पालुङ्टार नगरपालिका नयाँ शक्तिको सबैभन्दा धेरै मतदाता रहेको मानिन्छ। स्वयम् भट्टराई नै उम्मेद्वार हुँदा नारायणकाजीको भन्दा बाबुरामले त्यहाँ धेरै भोट पाउने निश्चित छ। अहिले क्षेत्र नं. २ मा गाभिएको गोरखा नगरपालिकाको केही वडाहरुमा पनि नयाँ शक्तिको पहुँच त्यति पातलो भने छैन। पालुङ्टार नगरपालिकामा स्थानीय चुनावमा नयाँशक्तिले ३ हजार ९७६ मत ल्याएको थियो। त्यहाँ कांग्रेसले ४ हजार ६९८, माओवादी केन्द्रले ४ हजार ४९१ र एमालेले २ हजार ४१० मत पाएका थिए।

त्यसो त नारायणकाजीको गृह गाउँपालिका सिरान्चोक गाउँपालिका पनि नेपाली कांग्रेसले नै जितेको क्षेत्र हो। नयाँ शक्तिले पनि केही वडामा जित हाँसिल गरेको छ। त्यस्तै श्रेष्ठको गृहगाउँ जौबारी भने अधिकांश मत उनैलाई जाने निश्चित छ। उनीहरुको मतदाता रहेको अर्को गाउँपालिका अजिरकोट पनि जिल्लामै सबैभन्दा धेरै नेपाली कांग्रेसको पल्लाभारि भएको देखिन्छ। नेपाली कांग्रेसले नयाँ शक्तिका उमेद्वारलाई कत्तिको भोट हाल्छन् त्यसैमा भट्टराईको जित निर्भर छ।

भट्टराईले माओवादी छोडेर लोकतान्त्रिक पार्टी गठन र लोकतन्त्रलाई आफ्नो आइडोलोजी मान्ने कांग्रेससँग तालमेल गरिसकेकाले कांग्रेसीहरुले पनि भट्टराईलाई भोट हाल्ने कांग्रेस गोरखाका नेता सुकदेव दवाडीको तर्क छ। 'बाबुरामलाई नदिए त झन् माओवादीले जित्छ। त्यसैले बाबुरामलाई नदिई सुखै छैन' उनी भन्छन्। एउटा कुरा के प्रष्ट छ भने सबै कांग्रेसले भट्टराईलाई भोट भने हाल्ने छैनन्। भट्टराईलाई नगएको भने श्रेष्ठलाई पनि जाने छैन। श्रेष्ठ अहिलेको हिसाब किताबको आधारमा सुलिकोटमा केही बलियो छन्। सुलिकोट गाउँपालिका माओवादी केन्द्रले जितेको क्षेत्र हो। उसो त सुलिकोट गाउँपालिका अध्यक्ष जितेका विष्णु भट्ट नारायणकाजी निकटका नेता मानिन्छन्। उनी नारायणकाजीको प्रचारमा हिँड्न थालिसकेको बताउँछन्। अहिले श्रेष्ठ र भट्टराई प्रतिस्पर्धामा उत्रेको दुई नं. क्षेत्रमा शुलिकोट गाउँपालिका मात्रै माओवादी केन्द्रले जितेको छ।

भट्टराई भने अर्थमन्त्री, प्रधानमन्त्री हुँदा र हिसिला यमी भौतिक योजना मन्त्री हुँदा गोरखामा गरेको विकासको काम सम्झेर क्षेत्र नं. २ का मतदाताले आफूलाई मतदान गर्ने आधार पेश गर्छन्। 'मैले गोरखाको विकासको नक्सा कोरेको छु काम गरेर त्यसमा रंग भर्न जनताले फेरि एकपटक मलाई जिताउने छन्' भट्टराई भन्छन्।

नारायणकाजी पनि ढुक्क हुने अवस्था छैन। उनी आफैं पनि ढुक्क छैनन्। गोरखा क्षेत्र नं. दुई मा माओवादीको प्रभावशाली मानिने भट्टराई नै माओवादीमा नभएपछि नारायणकाजी श्रेष्ठलाई जित हात पार्न पहिलेजस्तो सजिलो छैन। एमालेकै केही जिल्ला स्तरका नेताहरुले पनि गठबन्धनभन्दा बाबुरामलाई भोट हाल्ने आँकलन एमालेकै नेताहरुले गर्न थालेका छन्।

अहिले केही हदसम्म बाबुराम बलियो देखिन्छन्। बुधबार मात्रै राप्रपा र संघीय समाजवादी फोरमका उमेद्वारले भट्टराईलाई नै समर्थन जनाउने बताउँदै आफ्नो उम्मेद्वारी फिर्ता लिएका छन्। उनीहरु दुबैको मत स्थानीय तहको मत जोड्दा ११ सय हुन आउँछ।

# नेतृत्व चयनमा दलहरुलाई फलामको चिउरा

## नेताविहीन बन्दै जिल्ला

**अमृत अर्याल, स्याङ्जा वालिङ**

यतिबेला जिल्ला नेताविहीन बनेको छ। टिकट चाहियो भन्दै उनीहरु काठमाडौं गएपछि जिल्ला नेताविहीन बनेको हो। कांग्रेस, एमाले, माओवादीलगायत दलका अधिकांश नेता काठमाडौंमा रहेका छन्। यसले गर्दा जिल्लाको चुनावी माहोल अझै तात्न सकेको छैन। जिल्लामा एमालेका नेताहरु आंशिक रूपमा सक्रिय देखिए तापनि कांग्रेसका नेताहरु भने टिकटका लागि राजधानी धाएका छन्। प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनको माहोलसँगै केही दिन यता दल प्रवेश र गठबन्धनको चहलपहल ह्वात्तै बढेको छ। यसमध्ये सबैभन्दा ठूलो तरङ्ग वाम गठबन्धनको प्रसङ्गले ल्याएको देखिन्छ। प्रतिनिधि सभाका लागि दुईवटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा नेकपा एमालेबाट क्षेत्र नं. १ का लागि गणेशमान गुरुङ र नारायण मरासिनी टिकटको दौडमा देखिन्छन् भने वाम गठबन्धनबाट माओवादीकी अमृता थापाको समेत टिकटका लागि दावी रहेको देखिन्छ। क्षेत्र नं. २ का लागि भने एमालेबाट पदमा अर्याल मात्र सिफारिस भएको एमालेले जनाएको छ। त्यसै गरी प्रदेश सभाका लागि क्षेत्र नं. १ को (क) बाट एमालेका जिल्ला अध्यक्ष मिनप्रसाद गुरुङको नाम मात्र सिफारिस भएको छ। वाम गठबन्धनअन्तर्गत अन्यको दावी नरहेपछि प्रतिनिधि सभाका लागि क्षेत्र नं. २ मा पदमा अर्याल र क्षेत्र नं. १ को (क) मा प्रदेश सभाका लागि मिनप्रसाद गुरुङको उमेदवारी सुनिश्चित देखिन्छ।

प्रदेश सभाअन्तर्गत क्षेत्र नं. १ (ख) एमालेबाट विश्व पौडेल र रामबहादुर थापा तथा माओवादीबाट जिल्ला इन्चार्ज शैलेन्द्र घिमिरेको दौडधुप देखिन्छ। प्रदेश सभाकै लागि क्षेत्र नं. २ (क) मा एमालेबाट मोहन रेग्मी र माओवादीका ज्वालाको नाम सिफारीसमा परेको वाम गठबन्धनले जनाएको छ। यसै गरी प्रदेश सभाअन्तर्गत क्षेत्र नं. २ को (ख) मा एमालेबाट सोभियत ढकाल, ढाकाराम अर्याल र रामचन्द्र भट्टराई तथा माओवादीबाट पारसु गैह्रेको दावी रहेको छ। वाम गठबन्धनबाट सबैलाई मिलाएर लैजान एमालेललाई पनि फलामको चिउरा सरह भएको छ। अर्कोतर्फ लोकतान्त्रिक गठबन्धनअन्तर्गत नेतृत्व गरेको कांग्रेका आकांक्षीनै धेरै भएपछि उसलाई पनि निर्णयमा पुग्न कठिन भएको सम्बद्ध स्रोतले जनाएको छ। लोकतान्त्रिक गठबन्धनमा सहभागी राप्रपालगायत अन्यदलले जिल्लामा कुनै पनि पदमा दावी नगरी स्याङ्जा कांग्रेसलाई सघाउने भएका छन्। नेपाली कांग्रेसबाट प्रत्यक्ष तथा समानुपातिकतर्फ गरी जिल्लाबाट करिब १ सय १२ नाम सिफारिस भएको थियो। नेपाली कांग्रेसका जिल्ला सचिव कुमार रानाका अनुसार प्रतिनिधि सभाका लागि क्षेत्र नं. १ बाट कांग्रेसका केन्द्रीय सदस्य तथा निर्वतमान सांसद धनराज गुरुङ र निवर्तमान सांसद राजु थापामध्ये एकको सम्भावना बढी रहेको छ। क्षेत्र नं. २ का लागि नेपाल सरकारका उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ चुनाव लड्न इच्छुक देखिएपछि कसैले पनि अहिलेसम्म दाबी गर्न सकेका छैनन्। यस कारण श्रेष्ठ क्षेत्र नं. २ का उम्मेदवार बन्ने लगभग पक्कापक्की छ।

यता प्रदेश सभाका लागि क्षेत्र नं. १ (क) बाट पाटी सचिव कुमार राना र देवी अर्याल, (ख) बाट तुलसी गिरी र प्रेमप्रसाद पौडेलको सम्भावना बढी रहेको छ। प्रदेश सभाका लागि क्षेत्र नं. २ (क) बाट भोजराज अर्याल र खगेन्द्रराज रेग्मीमध्ये एक जना उम्मेदवार बन्ने निश्चित देखिएको पार्टी सचिव कुमार रानाले बताउनुभयो। त्यसमा पनि अर्याल वालिङ नगरपालिकाको पूर्वमेयरसमेत भएकाले बलियो उम्मेदवारका रूपमा लिने गरिएको छ। अर्कोतर्फ क्षेत्र नं. २ को (ख) बाट भागवतप्रकाश मल्ललाई नै पार्टीले उम्मेदवार बनाउन सक्ने आँकलन गरिएको छ। त्यसो त गुरुप्रसाद भट्टराई र इश्वर खाँण पनि चुनावी दौडमा अग्रपङ्तिमा नै देखिएका छन्। कार्यकर्ताले पनि विवेकशील, विकासशील र इमानदार नेतालाई छिटो टिकट दिएर अन्योल सिर्जना नगर्न अपिल गरेका छन्।

# गठबन्धन र काङ्ग्रेसबीच भिडन्त

**सिर्जना पन्त, बागलुङ**

आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनअन्तर्गत बागलुङको निर्वाचनमा बामपन्थी मोर्चा र कांग्रेसका उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ। बागलुङमा क्रियाशील ९ राजनीतिक दलले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि आफ्ना उम्मेदवार उठाएको भए पनि बामपन्थी मोर्चा र नेपाली कांग्रेस बीचमा प्रतिस्पर्धा हुने भएको हो।

बागलुङ जिल्लामा वाम गठबन्धन, नेपाली कांग्रेस, राप्रपा राष्ट्रवादी, संघीय समाजवादी फोरम, नयाँ शक्ति, नेकपा माले, देशभक्त जनतान्त्रिक पार्टीले निर्वाचन अधिकृतको कार्यालमा मनोनयन दर्ता गराएका छन्। नेकपा एमाले, माओबादी केन्द्र र राष्ट्रिय जनमोर्चाबीच वाम गठबन्धन गरी उम्मेदवार दर्ता गराएका छन् भने नेपाली कांग्रेसलाई राप्रपा नेपालले सर्मथन गरेको छ। बामपन्थी मोर्चाका तर्फबाट नेकपा एमालेले एउटा प्रतिनिधिसभा र एउटा प्रदेशसभा, नेकपा माओवादी केन्द्रले एउटा प्रतिनिधिसभा र एउटा प्रदेशसभा तथा राष्ट्रिय जनमोर्चाले २ वटा प्रदेशसभामा उम्मेदवारी दर्ता गराएका छन्।

बामपन्थीहरुको बाहुल्यता रहेर पनि २०७० को दोस्रो संविधानसभा निर्वाचनमा ३ वटै निर्वाचन क्षेत्रमा जितेको नेपाली कांग्रेसलाई यसपटक जसरी पनि किनारा लगाउने लक्ष्यका साथ ३ वटा बामपन्थी शक्तिहरु एकतावद्ध भएर निर्वाचनमा होमिएको नेकपा एमालेका निर्वतमान जिल्ला अध्यक्ष श्रीप्रसाद शर्माले बताउनुभयो। पार्टीले उठाएका र समर्थन गरेका उम्मेदवारप्रति असन्तुष्टी राख्दै बामपन्थीहरुको तर्फबाट बागलुङ क्षेत्र नं. १ मा गंगा थापा र पूर्णबहादुर पौडेल, प्रतिनिधिसभा क्षेत्र नम्बर दुईबाट धनबहादुर विक रक्षेत्र नं. २ ख प्रदेशसभामा बागी उम्मेदवार उठेका दधिराम शर्माले बुधबार आफ्नो उमेदवारी फिर्तालिएपछि बामपन्थी गठबन्धनका आधिकारिक उम्मेदवार मात्र चुनावी मैदानमा जाने भन्दै शर्माले बागलुङलाई बामपन्थीको किल्ला बन्नबाट कसैले रोक्न नसक्ने बताउनुभयो।

बामपन्थीहरुमा मात्रै होइन, कांग्रेसमा पनि उमेदवारीप्रति चरम असन्तुष्टीहरु देखिन थालेका छन्। पुराना र पार्टीमा योगदान गरेकाहरुलाई नेपाली कांग्रेसले वेवास्ता गरेको कांग्रेसका पुराना नेता मणिभद्र शर्माले बताउनुभयो। निर्वाचन अगाडि बढ्दै जादा जसले आन्तरिक समस्यालाई समाधान गर्दै अगाडि बढ्छ, उसैले जित हासिल गर्ने अवस्था देखिन्छ। यद्यपि बागलुङमा तीनवटै बामपन्थी दलहरु तालमेल गरेर निर्वाचनमा गएकाले जित बामपन्थीहरुकै हुनेमा बामपन्थीहरु ढुक्क देखिन्छन्। कांग्रेसका नेता कार्यकर्ताहरु पनि निर्वाचन उकालो हुने ठहरका साथ निर्वाचनमा होमिएको अनुमान गर्न थालिएको बामपन्थीहरु बताउँछन्।

बागलुङ जिल्ला क्षेत्र नं. १ मा नेपाली कांग्रेसका चम्पादेवी खड्का र नेकपा एमालेका डा.सूर्य पाठकबीच प्रतिस्पर्धा हुने भएको छ। खड्कालाई राप्रपाको समर्थन छ भने पाठकलाई नेकपा माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाको समर्थन छ। बामपन्थी र लोकतान्त्रिक मोर्चाबीच हुने प्रतिस्पर्धामा कसले बाजी मार्ला चर्चा चल्न थालेको छ। बागलुङ जिल्ला मतको हिसाबले बामपन्थीहरुको बाहुल्यता रहेको जिल्ला हो तर बामपन्थीहरु एक ठाउँ नहुँदा नेपाली कांग्रेसले धेरैपटक जित हासिल गरेको छ। यसपटक बामपन्थीहरु एक भएर निर्वाचनमा गएकाले प्रतिनिधि सभाका २ र प्रदेश सभाका ४ वटै सिट बामपन्थीहरुले जित्ने आंकलन गरिएको छ।

गत स्थानीय तह निर्वाचनको मत हेर्दा नेपाली कांग्रेस र बामपन्थी दलहरुबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। बामपन्थीहरुका मत यदि एकता र सहकार्यको भावनाअनुसार नै सही ठाउँमा परे भने ६ वटै स्थानमा बामपन्थीहरु विजयी हुने निश्चित छ। गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा बागलुङ नगरपालिकामा एमाले, राजमो र राप्रपाको तालमेलबाट एमाले र राप्रपाले विजयी प्राप्त गरेका थिए। तीनवटा पार्टी एकतावद्ध भएर निर्वाचनमा जाँदा कांग्रेसलाई २ हजार २ सय ९४ मतले पराजित गरेका थिए। स्थानीय निर्वाचनमा एमालेलाई साथ दिएको राप्रपा यतिबेला कांग्रेससंगको मोर्चामा छ। एमाले राजमोहरुले स्थानीय तह निर्वाचनमा राप्रपाको मत १ हजार ५ सय आएको आंकलन गरेका छन्। राप्रपाले आफ्नो मत ३ हजारभन्दा बढी भएको दावी गर्दै आएको छ। माओवादी केन्द्रको उम्मेदवार नभएका कारण उनीहरुका मत अलमलिएका थिए। यसपटक राप्रपाको मत घट्ने र माओवादी केन्द्रको मत बढ्ने देखिन्छ ।

एमाले र राजमोले जितेको काँठेखोला गाउँपालिकामा कांग्रेसबाहेक सबै दलहरु एकताबद्ध भएका थिए। राप्रपासहितलाई सहभागी गराएका बामपन्थीहरुले काठेखोलामा स्थानीय तह निर्वाचनमा १ हजार ४ सय ७५ मतान्तरमा कांग्रेसलाई पराजित गरेका थिए।

नेपाली कांग्रेसले प्रमुख र बामपन्थीहरुले उपप्रमुखमा विजय प्राप्त गरेका जैमिनीमा नेपाली कांग्रेसले ४ सय ६ मतले जित हासिल गरेको थियो। जैमिनीमा नेकपा माओवादी केन्द्र छुट्टै निर्वाचनमा गएको थियो र उसले ९ सय ५२ मत प्राप्त गरेको थियो। माओवादी र एमाले तथा राजमोको मत मिलाउदा जैमिनीमा कांग्रेस ५ सय ४६ मतले पछाडि छ। प्रतिनिधिसभा क्षेत्र नं. १ को अर्को स्थानीय तह बरेङ गाउँपालिकामा राजमोले अध्यक्ष र उपाध्यक्ष जित हासिल गरेको छ। त्यहाँ एमाले र राजमोबीच चुनावी तालमेल भएको थियो। कांग्रेस र माओवादीबीच भएको तालमेलअनुसार यो स्थानीय तहमा पनि बामपन्थीहरु ८३९ मतले अगाडि छन्।

यसरी क्षेत्र नं. १ का ४ वटा स्थानीय तहमा दलहरुले प्राप्त गरेको मतका आधारमा बामपन्थीहरुले २८ हजार २ सय ९३ र कांग्रेसले २३ हजार १ सय ३९ मत प्राप्त गरेका छन्। क्षेत्र १ मा गत स्थानीय तहको निर्वाचनको नतिजा अनुसार ५ हजार ५४ मतले बामपन्थीहरु अगाडि छन्।

क्षेत्र नं. १ प्रदेश सभा क अन्तर्गत बागलुङ नगरपालिका वडा नं. १ देखि ११ सम्म बामपन्थी उम्मेदवारले ९ हजार ६ सय ९१ र नेपाली कांग्रेसका उम्मेदवारले ७ हजार ६ मत प्राप्त गरेका छन्। यस्तै काठेखोलामा बामपन्थी उम्मेदवारले ६ हजार ६ सय ९६ र कांग्रेस उम्मेदवारले ५ हजार २ सय २१ मत प्राप्त गरेका छन्। यो प्रदेश सभा निर्वाचन क्षेत्रमा गत स्थानीय तहमा बामपन्थीहरुले १६ हजार २ सय २७ र कांग्रेसले १२ हजार २ सय २७ मत प्राप्त गरेको छ। यो क्षेत्रमा बामपन्थीहरु कांग्रेसभन्दा ४ हजार १ सय ६० मतले अगाडि रहेका छन्। यो प्रदेशसभामा बामपन्थी मोर्चाका तर्फबाट नेकपा एमालेका जिल्ला अध्यक्ष इन्द्रलाल सापकोटा र नेपाली कांग्रेसका तर्फबाट जिल्ला सभापति दिपेन्द्रबहादुर थापाबीच प्रतिस्पर्धा हुँदै छ।

यस्तै क्षेत्र नं. १ प्रदेशसभा ख मा पनि बामपन्थीहरुको अग्रता रहेको छ। बामपन्थीहरुले जैमिनी, बरेङ र बानपाका १२, १३ र १४ नं. वडामा ११ हजार ९ सय ६ मत प्राप्त गरेका छन्। नेपाली कांग्रेसले सो क्षेत्रमा १० हजार ९ सय १२ मत प्राप्त गरेको छ। यस क्षेत्रमा बामपन्थीहरु ९ सय ९४ मतले अगाडि देखिन्छन्। यो क्षेत्रमा बामपन्थी मोर्चाका साझा उम्मेदवारका रूपमा राष्ट्रिय जनमोर्चा बागलुङका पूर्वअध्यक्ष कृष्ण थापा र नेपाली कांग्रेसका तर्फबाट नितर्वमान सांसद प्रकाश शर्मा पौडेलबीच प्रतिस्पर्धा हुँदै छ। यो प्रदेशमा अलि बढी प्रतिस्पर्धा हुने स्थानीय तहको निर्वाचनको परिणामले देखाउँछ।

स्थानीय तहको निर्वाचनमा पाएको मतका आधारमा बामपन्थीहरुका लागि बागलुङ क्षेत्र नं. १ र यो क्षेत्र अन्तरगतका दुईवटै प्रदेश सजिलै जित्ने आधारका रुपमा देखिन्छ। बामपन्थीहरुबीचको एकताले स्वतन्त्र खालका मत अझै थप हुने विश्वास बामपन्थीहरुले गरेका छन्।

तर नेपाली कांग्रेसका जिल्ला नेताहरु भने स्थानीय तह निर्वाचनमा पार्टीको आन्तरिक व्यवस्थापनमा समस्या भएका कारण मत कमी आएको दावी गर्छन्, बामपन्थीहरुबीच एकता हुदाँ मत बढ्ने मात्रै होइन, कतिपय ठाउँमा घट्ने उनीहरुको आंकलन छ। त्यति मात्रै होइन, बागलुङ नगरपालिकामा राप्रपाका अध्यक्ष सुरेन्द्र खड्काका कारण एमालेले जितेको र यो चुनावमा खड्काको साथ कांग्रेसलाई हुने भएकाले जित कांग्रेसको हुने उनीहरुको दावी छ। कांग्रेस र राप्रपा मिलेर लड्दा बामपन्थीहरुलाई सहजै पराजित गर्न सकिने आंकलन उनीहरुको छ।

बामपन्थीहरुले सिंगो जिल्लामा एक जना पनि महिला उम्मेदवार प्रत्यासी नबनाएको, प्रत्यक्षतर्फ बागलुङ नगरपालिकावासी, विगतमा निर्वाचन जितेर राज्यमन्त्रीसमेत बनाएको चम्पादेवीलाई उम्मेदवार बनाएकाले स्वभाविक रूपमा मत बढ्ने उनीहरुको दावी छ। बागलुङ क्षेत्र नं. २ मा रहेका ६ वटा स्थानीय तहमध्ये ३ वटामा बामपन्थी र ३ वटामा कांग्रेसले जित हासिल गरेका छन्। ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिकामा नेकपा एमाले तथा ताराखोला गाउँपालिकामा नेकपा माओवादी केन्द्रले जितेका छन्। गलकोट नगरपालिका, निसीखोला गाउँपालिका र तमानखोला गाउँपालिका कांग्रेसले जितेको छ। यो क्षेत्रमा नेपाली कांग्रेसले पहिलो संविधानसभाको निर्वाचनमा विजयी नरबहादुर थापा निरजलाई उम्मेदवार बनाएको छ। बामपन्थीहरुको तर्फबाट माओवादी केन्द्रका नेता देवेन्द्र पौडेल उमेदवारका रूपमा रहेका छन्। उनको उम्मेदवारी पछि पार्टीभित्र केही असन्तुष्टीहरु देखिएका छन्। यद्यपि छिट्टै ती समस्याहरु समाधान हुने माओवादी केन्द्रले बताएको छ।

गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा क्षेत्र नं. २ मा बामपन्थीहरुले २६ हजार ५ सय ४० मत प्राप्त गरेका छन्। त्यहाँ नेपाली कांग्रेसले १८ हजार ३४ मत प्राप्त गरेको छ। यसरी हेर्दा गत निर्वाचनमा बामपन्थीभन्दा कांग्रेस ८ हजार ५ सय ६ मतले पछाडि रहेको छ। क्षेत्र नं.२ को प्रदेश सभा क मा पनि बामपन्थीहरुकै अग्रता छ। बामपन्थीहरुले सो क्षेत्रमा १५ हजार ८ सय ८ मत प्राप्त गरेका छन्। कांग्रेसको प्रदेश सभाअन्तर्गतका स्थानीय तहमा ११ हजार १ सय मत प्राप्त भएको छ। यसरी हेर्दा यो प्रदेशमा पनि ४ हजार ७ सय मतको अन्तरमा बामपन्थीहरु अग्रस्थानमा रहेका छन्।

त्यस्तै क्षेत्र नं. २ प्रदेशसभा ख मा पनि बामपन्थीहरुकै अग्रता रहेको छ। बामपन्थीहरुले १० हजार ७ सय ३२ मत पाएका छन् भने कांग्रेसले ६ हजार ९ सय ३४ मत प्राप्त गरेको छ। यस क्षेत्रमा पनि बामपन्थीहरु ३ हजार ७ सय ९८ मतले अगाडि छन्। बागलुङमा २०४६ सालको परिवर्तनपछि कांग्रेस अग्रस्थानमा रहँदै आएको छ। बहुदलीय व्यवस्था पुनस्थापना पछि ३ निर्वाचन क्षेत्र रहेको बागलुङमा कांग्रेसले २०४८ मा तीनवटै क्षेत्रमा जित हात पारेको थियो। २०५१, २०५६ र २०६४ मा एक-एक सिट जितेको कांग्रेसले २०७० मा भने ३ वटै क्षेत्र जितेको थियो। २०५१ र २०६४ मा क्षेत्र नं. १ मा विजय प्राप्त गरेको एमालेले ३ वटा निर्वाचनमा एउटा पनि सिट जित्न सकेको थिएन। २०५१ र २०६४ मा एक-एक क्षेत्र जितेको राजमोले २०५६ मा २ वटा निर्वाचन क्षेत्रमा जित हासिल गरेको थियो। बामपन्थीहरुले २०५१ मा २ सिट, २०५६ मा २ सिट र २०६४ मा २ सिट जितेका थिए। यस पटक उनीहरुले संघीय संरचनाअनुसार बनेका २ वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभाका सबै सिटमा कब्जा जमाउने उद्घोष गरेका छन्। कांग्रेसले बामपन्थीहरुलाई जुधाएर जिल्ला कब्जा गर्दै आएको भन्दै यसपटक बामपन्थीहरु एकतावद्ध भएका छन्।

बामपन्थीहरु एकता भइरहँदा कांग्रेसमा निराशा देखिए पनि उनीहरुबीचमा खेलेर निर्वाचन जित्ने दाउ कांग्रेसमा देखिन्छ। कांग्रेसमा उम्मेदवारीमा चर्को विवाद देखिएकाले पनि बामपन्थीहरु उत्साहित देखिन्छन्। पछिल्ला निर्वाचनहरुमा पैसाको चलखेल बढी हुने गरेको छ।

# नेपाली फिल्मको हावा राम्रो चलेको छ : हरिवंश आचार्य



५ प्रश्न

ख्यातिप्राप्त हास्य जोडी मह लामो समयको अन्तरालपछि पुनः फिल्म निर्माणमा फर्केको छ। केही दिनअघि मात्र फिल्म *शत्रुगते*को घोषणासँगै फिल्म निर्माण शुरु गरेको फिल्म युनिट यतिबेला वीरगजन्मा छ। *लालपुर्जा, भकुण्डे भूत, भाइरस, दशैं, वनपाले, १५ गते, मदनबहादुर हरिबहादुर*लगायत विभिन्न टेलिसिरियलमार्फत् लोकप्रियता कमाएको यस जोडीले एक समय *जे भो राम्रै भो, तँ त साह्रै बिग्रिस् नि बद्री, फिलिम*लगायतका ठूलो पर्दाका फिल्म निर्माण गरेको थियो। अहिले भने लामो समयको अन्तरालपछि दीपकराज गिरी, दीपाश्री निरौला, किरण केसीका साथ *शत्रुगते* निर्माण गरिरहेको छ। यसै मेलोमा हास्य अभिनेता हरिवंश आचार्यलाई गरिएको ५ प्रश्न यहाँ प्रस्तुत गरिएको छ :

**रश्मी थापा**

**लामो समयपछि फेरि कसरी फिल्म निर्माणमा फर्कनुभयो?**

अहिले नेपाली फिल्मको हावा राम्रो चलिरहेको छ। मह सञ्चारले पहिले पनि *जे भो राम्रै भो, त त साह्रै बिग्रिस नि बद्री, फिलिम*लगायतका फिल्म निर्माण गरेको हो। तर त्यो बेला हेरिकन अहिले नेपाली फिल्म नयाँ चरणमा प्रवेश गरेको छ। यसरी हेर्दा फिल्मको लगानी सुरक्षित हुने समय छ। यस कारण पनि यस्तो युगको उपयोग गर्नुपर्छ भनेर फिल्म निर्माणमा आएका हौँ।

**शत्रुगते भनेको के हो ?**

यो एउटा सामाजिक फिल्म हो। यसमा सिचुयसन बेस्ड कमेडीको प्रयोग गरिएको छ। हास्य फिल्म नै हो भन्नुभन्दा पनि कथाले मागेको ठाउँमा कमेडी प्रयोग गरेर फिल्मलाई राम्रो बनाउने प्रयास गर्दै छौं। यो ह्युमर बेस्ड फिल्म हो।

**पहिले पहिलेको फिल्म निर्माणको क्षेत्र र अहिलेको फिल्म निर्माण क्षेत्रमा के फरक पाउनुभयो?**

अहिलेको फिल्मले नयाँ युग पाएको छ। विषेश गरी त डिजिटल प्रविधिको विकास भएको छ। पहिले १६ एमएममा खिचिएको फिल्म ३५ एमएममा तन्काएर देखाउँदा पिक्चर धमिलो हुन्थ्य, तर अहिले सिनेमाको क्वालीटी राम्रो भएकाले नेपाली सिनेमा टेक्निकल्ली संसारका कुनै पनि सिनेमासँग प्रतिस्पर्धा गर्न सक्ने भइसकेका छन्। पहिले नेपाली समाजमा एउटा त्यस्तो वर्ग थियो, जुन वर्गले नेपाली सिनेमा हेर्दै हेर्दैनथे। तर अहिले राम्रो सिनेमा जुनसुकै वर्गले पनि हेर्छन्। पहिले टिकटको मूल्य पनि निकै कम थियो। तर अहिले त्यस्तो छैन। नेपाली दर्शकको क्रयशक्ति पनि बढेको छ।

**यो फिल्ममा हास्य कलाकारिताको क्षेत्रमा नाम कमाएका कलाकारहरुको ठूलो जमघट छ। काम गर्न र गराउन कस्तो लागिरहेको छ?**

संसारमा अहिले ह्युमरको युग चलिरहेको छ। ह्युमरको युग भनेको हाम्रो युग हो। अहिले संसारकै दर्शकहरु सिनेमा हेर्दै हास्न चाहन्छन्। हाम्रो फिल्म पनि ह्युमर बेस्ड भएकाले यसमा हास्य कलाकारको जमघट त हुने नै भयो। काम गर्न पनि गाह्रो छ र गराउन पनि गाह्रो छ। म पनि आफ्नो काम गरिरहेको छु र काम गराउने जिम्मा चाहिँ निर्देशक प्रदीप भट्टराईले लिनुभएको छ। स्कृप्टमा हामी सबै कलाकारहरु मिलेर मेहनत गरिरहेका छौँ र हाल हामी जितपुरको बागवान भन्ने ठाउँमा छौं। यहाँका मानिसहरु निकै सहयोगी हुनुहुँदोरहेछ। त्यस कारण पनि हामीलाई काम गर्न सहज भइरहेको छ।

**यो फिल्म चाहिँ मह जोडी आफैंले किन निर्देशन नगरेको?**

मैले पनि *जे भो राम्रै भो* नामक चलचित्र निर्देशन गरेको थिएँ। तर अहिलेका पुस्ता हामी भन्दा निकै ट्यालेन्ट छन्। उनीहरुसँग उमेरसँगै नया जोश जाँगर छ र हामीभन्दा धेरै खट्न सक्छन्। नयाँ युवाहरुले गरेको कामको क्वालीटी राम्रो हुने भएकाले हामीले *जात्रा*का निर्देशक प्रदीप भट्टराईलाई निर्देशन गर्न दिएका हौं।

# मेलामा आमेष र अशिष्माको रोमान्स



रिलिज डेट नजिकिँदै गरेको बेला फिल्म *मेला*को अर्को गीत सार्वजनिक गरिएको छ। आगामी कात्तिक २४ गते रिलिज हुने *मेला*को रोमान्टिक गीत रिलिज गरिएको हो।

फिल्मको *यो मुटुमा अब तिम्रो* बोलको गीत सार्वजनिक गरेको हो। गीतको भिडियोमा नायक आमेष भण्डारी र नायिका अशिष्मा नकर्मीले रोमान्स गरेका छन्। गीतमा आमेश र अशिष्माले एकअर्काभित्र हराएर आफ्नो जिन्दगी खास बनाउने कुरा गरेका छन्। पुरुषोत्तम सुवेदी र स्वेच्छा ठकुरीको स्वर रहेको गीतमा संगीतकार तथा गायक अर्जुन पोखरेलको शब्द र संगीत रहेको छ। गीतमा अभिनेत्री पवित्रा आचार्यले कोरियोग्राफी गरेकी छिन्।

आमेष भण्डारी र अशिष्मा नकर्मीका साथमा सलोन बस्नेत, बसन्त भट्ट, निरज श्रेष्ठलगायतका कलाकारले मूख्य भूमिकामा अभिनय गरेको फिल्म राज राधिका इन्टरटेन्मेन्टको प्रस्तुति तयार भएको छ भने फिल्मको निर्देशन बसन्त निरौलाले निर्देशन गरेका छन्। हरि पन्तको लेखन र प्रस्तुति तथा मनोज के मरोडियाको निर्माण रहेको फिल्ममा अष्ट महर्जनको द्वन्द्व रहेको छ।

# भूमिका कलेज क्विन




केएनजी कलेजमा अध्ययनरत भूमिका घिमिरे *कलेज क्विन नेपाल२०१७* भएकी छिन्। आरके इन्टरटेन्मेन्ट ग्रुपले राजधानीमा आयोजना गरेको कार्यक्रममा सुबानी गोर्खाली *क्विन एजुकेसनल एम्बास्डर अफ नेपाल* र श्रीषा न्यौपाने *कलेज क्विन आइकन नेपाल* भए।

प्रतियोगितामा प्रेक्षा केसी *पब्लिक च्वाइस अवार्ड*, सञ्जु तामाङ *बेस्ट ड्रेस*, लसता महर्जन *बेस्ट क्याटवक*, सामना सत्याल *बेस्ट डिसिप्लिन*, अनिमा गौतम *बेस्ट ब्युटी* र अनुपमा पौडेल *बेस्ट फ्रेन्डसिप* उप-उपाधि विजेता भए।

प्रतियोगितामा निशुकान्त झा, सरोज प्याकुरेल, महिमा सिलवाल, सुमित राना र सुस्मा लामा निर्णायक रहेका थिए।




302 PAGES

सर्वत्र बजारमा उपलब्ध छ

३३ वर्षे कामनाको गौरवपूर्ण
३०० विशेषांक

पहिलोपटक ३०२ पृष्ठमा नेपाली चलचित्र क्षेत्रमा रूचि राख्नु हुने, यस विषयमा अनुसन्धान र अन्वेषण गर्नुहुने तथा संलग्न सम्पूर्णका लागि उपयोगी एवम् संग्रहणीय दस्तावेज

नेपाली गीतको विकास
बलिउडको सफलता
चलचित्रमा पत्रकार
सिनेमाका ३० हस्ती
चलचित्र : मैले छोडेको बाटो
एउटा अमर गीतको गायिका र गीतकारको ३८ वर्षपछि पहिलो भेट
नेपालको फिल्म यात्रा
फिल्ममा बढ्दै छ महिला सहभागिता
नेपालभाषाका चलचित्रको यात्रा र उपलब्धि
६७ वर्षमा ९ महिला निर्देशक
चलचित्रको 'च' चर्चा
नेपाली चलचित्रमा जुनेली
हलिउडलाई पछ्याउन किन सकिँदैन !
सिनेमासँगै सुध्रिँदै हल फाइभ स्टारदेखि थोत्रासम्म कायमै
निर्यात, मौलिक निर्माण र व्यावसायिकतामा कमी
नेपालमा फेसन शो हिजोदेखि आजसम्म
प्रविधिको खोजीमा बलिउडमा नौ दिन
नेपाली सिनेमाका मुख्य कालखण्ड
कलाकर्मीको नजरमा फिल्ममा देखिएको परिवर्तन



चलचित्र विवरण
पछिल्लोपटक २०६७ सालमा प्रकाशित कामनाको २५० विशेषांकमा २०६६ सालमा प्रदर्शनमा आएका नेपाली चलचित्रको विवरणपश्चात् २०७३ सालको चैत मसान्तसम्म सार्वजनिक प्रदर्शनमा आएका १०० पृष्ठ लामो ५६७ चलचित्रको पूर्ण विवरण ।



नेपाली चलचित्रका पिता डीबी परिहारबारे नौला तथ्य
सत्य हरिश्चन्द्रका निर्देशक डीबी परिहार (परियार) का सम्बन्धमा अहिलेसम्म बाहिर नआएको विशेष सामग्री ।

कामना ३ अंकमै बन्द हुन्छ भन्थे
३ सय अंकका लागि लेखिरहेको छु
कामनाको जन्मदेखि ३०० विषेशांकबारे प्रधान सम्पादक पुष्करलाल श्रेष्ठबाट रमाइला तथ्य ।



नबोल्नेदेखि उड्नेसम्मका फिल्मको इतिहास
विश्व सिनेमाको पूर्ण जानकारी



फेरिँदै फिल्म
पुरातन शैलीलाई छोडेर नेपाली फिल्म आधुनिक र नयाँ जमानामा फेरिएको छ । उपयोगी रिपोर्ट ।



नेपाल समाचारपत्र

www.newsofnepal.com

2017, OCT Saturday 28

# साहित्य

कविता कल्पनाको अभिव्यक्ति हो।
– पर्सी बिस शेली

पागल, प्रेमी र कविका कल्पना उस्तै हुन्छन्।
–सेक्सपियर

व्यक्तिवृत्त

## उन्नत सृजन कलाका धनी राष्ट्रकवि घिमिरे

डा. ईश्वरीप्रसाद गैरे

वि.सं. १९७६ असोज ७ गते गौरी शङ्कर उपाध्याय र द्रौपदीदेवीको पहिलो पुत्रका रूपमा गण्डकी अञ्चल, लमजुङ जिल्लाको पुस्तुन गाउँमा माधव घिमिरेको जन्म भएको हो। ग्रामीण जनजीवनको छाप, प्रकृतिको सुन्दर चित्रण एवं लोकगीत र लोकगाथा गायनले यिनलाई प्रभावित तुल्याएको पाइन्छ। त्यस्तै, घरभन्दा टाढा जगरा भन्ने ठाउँको गोठमा पितासँग बस्ने क्रममा पिताबाट श्लोक हाल्ने र बालुन एवं लोकगीत सुन्ने परिवेशले समेत यिनलाई उत्प्रेरित तुल्याएको पाइन्छ।

वि.सं. १९८१ मा ६ वर्षको उमेरदेखि घरमै शिक्षा आरम्भ गरी माधव घिमिरेले सप्तशती चण्डी कण्ठस्थ गर्न पुगेका थिए। यसपछि गणित र फलित ज्योतिष पढ्दै गरेका उनले खुदीवेनीको संस्कृत पाठशालामा बद्रीनाथ सुवेदीबाट आफ्नो पढाइ अगाडि बढाएको देखिन्छ। यस्तै, १९९३ सालमा रानीपोखरी संस्कृत पाठशाला काठमाडौंबाट प्रथमा परीक्षा प्रथम श्रेणीमा र बनारसको क्विन्स कलेजबाट १९९७ मा मध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गर्दै यसै कलेजबाट २००१ सालमा सर्वदर्शन विषयमा शास्त्री परीक्षा उत्तीर्ण गरेको देखिन्छ। यति बेलै यिनले गुरुका रूपमा व्याकरण र साहित्यका मर्मज्ञ सोमनाथ सिग्द्यालको सान्निध्यसमेत पाएको देखिन्छ। उत्कृष्ट साहित्यिक प्रतिभा हुनुमा यिनलाई स्वाध्ययनले नै बलियो तुल्याएको तथ्य आँकलन गर्न सकिन्छ।

घिमिरेले प्रथमतः १९९० सालमा गौरी पोखरेलसँग र २००५ सालमा महाकाली अधिकारीसँग गरी दुई विवाह गरेको देखन पाइन्छ। गौरीबाट ज्योति र कान्ति गरी दुईवटी छोरी तथा महाकालीबाट चार छोरीहरू मञ्जु, उषा, किरण र ज्योति अनि दुई छोराहरू इन्दीवर र राजीव गरी आठवटा सन्तानका पिता भएको देखन पाइन्छ।



साहित्यिक लेखनगत प्रेरणा र प्रभावका रूपमा माधव घिमिरे प्रारम्भमा लेखनाथ पौड्याल, तीर्थराज पाण्डेका कविताबाट प्रभावित भई लेखनाथबाट कविता लेखन र तीर्थराजबाट ठेट नेपालीपन प्रयोग गर्ने कुरामा प्रभावित भएको बताउँछन्। बाल्यकालमा यिनी 'सुनका घोडाको पुच्छर काट्ने बोक्सीको क्रियाकलाप, मधुमालतीको प्रेम, सुन केशरी मैयाका सुनौला कपाल कथाहरूलाई विशेष चाख र चेवा दिने गरेका पाइन्छन् भने पुस्तुनका छहराहरूको गर्जन, सुन्दर हिमाली दृश्यबाट समेत औधि आकर्षित एवं प्रेरित रहेका पाइन्छन्।

साहित्यिक यात्राका क्रममा घिमिरे भारतका महात्मा गान्धीबाट वैचारिकरूपमा अहिंसावादी मानवतावादी विचारबाट प्रेरित भएका पाइन्छन् भने संस्कृतका कालिदास, बङ्गालीका विशिष्ट कवि रवीन्द्रनाथ ठाकुरलाई आदर्शका रूपमा लिने गरेको पाइन्छ।

साहित्यिकरूपमा माधव घिमिरेले प्रकृति, दर्शन, विज्ञान, लोकजीवन आदि सहायकका रूपमा आई जीवनसँग अटुट सम्बन्ध भएको साहित्य नै असल साहित्य हो भन्दछन् भने कविता कृतिलाई परिष्कार गर्ने सन्दर्भमा उनी भन्दछन्- 'म त्यति बेलासम्म संशोधन गर्छु जति बेलासम्म मैले भन्न खोजेको भित्री भावना, यसमा पार्न सक्दिन।' कवितात्मक शैलीशिल्पको प्रयोगमा लेखनाथ पौड्याल र स्वच्छन्दतावादी भावप्रवाहका लक्ष्मीप्रसाद देवकोटाबाट प्रभावित घिमिरे भावप्रवाह र शैलीशिल्पका हालसम्मका लेखनाथको अत्युन्नत कालीगढी र देवकोटाको भाव तुमुल सामुद्रिक सृजन प्रवाह यी दुवै तथ्यलाई सुन्दररूपमा संयोजन गर्दै अत्युन्नत सृजन कलाका अत्युन्नत कवि कालीगढी प्रयोक्ताका कवि तथा खण्डकाव्यकार गीति नाटक गीतिकार बन्न पुगेको देखिन्छ। माधवप्रसाद घिमिरे साहित्यकारका रूपमा कवि, खण्डकाव्यकार, गीतकार, गीति नाटककार, बालकवि, निबन्धकार र कथाकार एवं समालोचक र अनुवादकका रूपमा सुविख्यात भएका पाइन्छन्। यिनका यी व्यक्तित्व र विविध व्यक्तित्व वृत्तलाई यहाँ यसरी हेर्न सकिन्छ :

### कविका रूपमा :

घिमिरेले कृतिगतरूपमा प्रथम कविता 'वैराग्य पुष्प' लेखे तापनि यिनको प्रकाशित प्रथम कविता भने गोरखापत्रको वि.सं. १९९२ साल भाद्र २४ गते शुक्रवारका दिन 'ज्ञान पुष्प' प्रकाशित भएको देखिन्छ। पुस्तकाकारका रूपमा माधव घिमिरेका 'नव मञ्जरी' (१९९४) र चैत वैशाख (२०६०) गरी दुईवटा कविता संग्रह प्रकाशित छन्। यी संग्रहका कवितामा घिमिरेको मानवतावाद, राष्ट्रवादको विचारसूत्र वा जीवनदृष्टि प्रकट भएका छन् भने प्रकृतिचेतनाको प्रखर कविता दुलही कञ्चनजङ्घा रहेको छ। स्वचछन्दतावादी भावधाराका भावप्रवाही यी कवितामा शैलीशिल्पको समेत सहज छटा यिनमा मुखरित भएको पाइन्छ।

घिमिरे भन्छन्- 'लेखनाथ वसन्त कोकिल हुन् र देवकोटा कुहिरोभित्र अकाशिँदै गाउने स्काइलार्क हुन् भने मचाहिँ एकान्त शान्त पर्वत प्रान्तमा राति लुकेर गाउने गोलसिमल हुँ।' यिनै परम्परामा हेर्दा घिमिरे वर्णमात्रिक छन्द प्रयोगका दृष्टिले लेखनाथका उत्तराधिकारी र वार्णिकलोक छन्द प्रयोगका दृष्टिले देवकोटाका उत्तराधिकारी रहेका पाइन्छन्। समग्रमा शिल्प पक्षमा लेखनाथकै अत्युत्कर्ष प्रयोग र भावप्रवाहमा देवकोटाकै अत्युत्कर्ष बर्साउने घिमिरे नेपाली कविता जगत्का अत्युन्नत सृजन कलाका सफल कालीगढ बन्न पुगेको देखिन्छ।

### खण्डकाव्यकारका रूपमा :

नेपाली खण्डकाव्य जगत्मा घिमिरे पापिनी आमा, गौरी, राजेश्वरी, राष्ट्र निर्माता, धर्ती माता, इन्द्रकुमारी, बोराको परदा तथा गौंथली र गजधम्मे गरी आठवटा खण्डकाव्य लेख्ने अति उत्कृष्ट खण्डकाव्यकार बन्न पुगेको देखन पाइन्छ।

यी खण्डकाव्यहरूमध्ये 'पापिनी आमा'को कथावस्तु एउटी बालविधवा जीवनको मार्मिक घटनामा आधारित छ। कवितात्मकरूपमा एक उत्कृष्ट खण्डकाव्य बनेको छ। अर्को 'गौरी' (२००५) खण्डकाव्य कवि घिमिरेको जीवनको एक दुःखद घटनामा आधारित वैयक्तिक कथा कुशलतालाई शोकभावमा प्रस्तुत गरिएको नेपाली शोकभावमूलक खण्डकाव्यमा सर्वोत्कृष्ट शोककाव्य बनेको छ। यस्तै, अर्को 'राजेश्वरी' ऐतिहासिक घटनामा आधारित एक ऐतिहासिक उत्कृष्ट दुःखान्तक खण्डकाव्य बन्न पुगेको छ। चौथो 'राष्ट्रनिर्माता' खण्डकाव्य नेपाल एकीकरणको ऐतिहासिक घटनामा आधारित संवादात्मक शैलीमा प्रस्तुत राष्ट्रवादी भावनाको उत्कृष्ट खण्डकाव्यात्मक प्रस्तुति प्रस्तुत भएको खण्डकाव्य बनेको छ। पाँचौं खण्डकाव्य 'धर्ती माता' वैदिक पृथ्वीसूक्तको भावानुवाद गरिएको मौलिक कृति बनेको छ। यस्तै 'इन्द्रकुमारी' ऐतिहासिक विषयवस्तुमा आधारित छ भने 'बोराको परदा'मा बोरा ओढेर सडकमा निदाउन विवश सडक बालकहरूको कथाको काव्यात्मक अभिव्यक्ति बनेको छ। गौंथली र गजधम्मेमा लाटी गजधम्मे र लंगडी गौंथलीका बीचको प्रेमाकर्षणलाई कथावस्तु बनाइएको खण्डकाव्य रहेको छ।

यसरी संख्यात्मकरूपमा लक्ष्मीप्रसाद देवकोटाभन्दा पछि र अन्य खण्डकाव्यकारभन्दा बहुप्रयोगी खण्डकाव्यकार घिमिरे कथावस्तु, पात्रविधान, परिवेश भाषाशैली प्रयोगमा उत्तरवर्ती खण्डकाव्यकारभन्दा उत्कृष्ट र पूर्ववर्ती खण्डकाव्यकारहरूमा लेखनाथभन्दा सबल अनि देवकोटाभन्दा सहज संयमित उत्कृष्ट खण्डकाव्यकार बन्न पुगेका छन्। समग्रमा खण्डकाव्य यात्रामा माधव घिमिरे एक अत्युन्नत सृजन कलाका उत्कृष्ट खण्डकाव्यकारका कालीगढी प्रस्तुत गर्न सक्षम भएका पाइन्छन्।

### गीतकारका रूपमा :

नेपाली गीतका क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा, गोकुल जोशी, धर्मराज थापा, केवलपुरे किसानको लोकलयात्मक गीति कविता लेखन गरिरहेकै समयमा देखा परेका गीतकार घिमिरे २००२ सालदेखि गीत लेखन गर्न थालेका पाइन्छन्। गाउँछ गीत नेपाली, लाग्दछ मलाई रमाइलो, परन्तु एउटै मूर्तिमा विराटजस्ता उत्कृष्ट गीत लेखन गर्ने घिमिरेका नयाँ नेपाल (२०१३), किन्नर किन्नरी (२०३३) गीत संग्रह प्रकाशित भएका छन्। यिनका साथै नेपालै नरहे, क्षमा गर्न सक्दिन म, आज र राति के देखे सपना, कहिले भेट होला है दाजै जस्ता कालजयी गीत लेख्ने घिमिरे एक उत्कृष्ट गीतकार भएको देखन सकिन्छ।

### गीति नाटककारका रूपमा :

नेपाली गीति नाटककार क्षेत्रमा घिमिरे सातवटा गीति नाटक लेखन गरेर संख्यात्मक तथा गुणात्मक दुवै दृष्टिमा उत्कृष्ट गीतिनाट्य कृति लेख्ने गीति नाटककार बनेका छन् र यस रूपमा यिनका, शकुन्तला, मालती मंगले, विषकन्या, अश्वत्थामा, हिमालपारि हिमालवारि, देउकी, बालकुमारी रहेका छन्।

यसरी सामाजिक, ऐतिहासिक र पौराणिक कथावस्तु प्रयोग गरी लेखिएका घिमिरेका गीति नाटकमा समसामयिक परिस्थितिको कलात्मक प्रस्तुति दिइएको छ। पौराणिक र ऐतिहासिक पात्रलाई समेत युगसापेक्ष तुल्याएर संयोजन गरिएको छ।

### बालकविका रूपमा :

घिमिरेका बालकविता कृतिका रूपमा क्रमशः घामपानी (२०१०), बाललहरी (२०२६), राहुल यशोधरा (२०३५), सुनपङ्खी चरी (२०३५) रहेका छन्। यी कृतिमध्ये राहुल यशोधरा बालकाव्य हो, जसमा बुद्धका छोरा राहुल र पत्नी यशोधराको जीवनकाललाई काव्यात्मक रूप दिइएको छ भने घामपानीमा २२, बाललहरीमा २४ र सुनपङ्खी चरीमा ३० गरी जम्मा ७६ वटा बालकविताहरू रहेका छन्। घिमिरे एक उत्कृष्ट बालकविका रूपमा सर्वाधिक चर्चित बनेका छन्।

### निबन्धकारका रूपमा :

घिमिरे एक निबन्धकारका रूपमा समेत परिचित छन्। विशुद्ध सिर्जनात्मक दुईवटा निबन्ध रहे तापनि यिनको निबन्धनात्मक लेखको संग्रह 'आफ्नै बाँसुरी आफ्नै गीत' (२०३०) अर्को निबन्धात्मक कृति 'चारु चर्चा' (२०५८) रहेको छ। निबन्धकार समालोचकका रूपमा भूमिका लेखन र निबन्धनात्मक समीक्षा लेखन गर्ने घिमिरे एक निबन्धकारका रूपमा समेत चर्चित र स्थापित बन्न पुगेको पाइन्छ।

### कथाकारका रूपमा :

कथाकारका रूपमा माधव घिमिरेलाई स्थापित एवं चर्चित तुल्याउने उनको एकमात्र कथासंग्रह 'मनचिन्ते मुरली' (२०५७) रहेको छ। यसमा ६ वटा कथा संग्रहित छन्। धेरैजसो कथा सामाजिक यथार्थवादी छन् भने एउटा कथा स्वैरकल्पनामा आधारित रहेको छ। आफ्ना यी कथामा घिमिरे समाजका उपल्लो वर्गबाट हेपिएका निम्न तथा मध्यमवर्गका मानिएका कारुणिक अवस्थाको चित्रण गर्ने एक मानवतावादी कथाकार भएका छन् र यस रूपमा घिमिरे नेपाली कथा क्षेत्रमा उत्कृष्ट स्थान कायम गर्दछन्।

समग्रमा भन्दा, वर्तमानमा सयबर्से यो मानवजीवनमा दीर्घजयी रहिरहेका माधव घिमिरे र उनका कविता नोपली कविता जगत्कै सर्वाग्रणी कालजयी कविता कृति बन्न पुगेको तथ्यमा एकमत हुन सकिन्छ।

पुस्तक चर्चा

## विनयको कविता 'मार्गदीप'

ज्ञानमणि नेपाल कालोटोपी

कहिले निबन्ध त कहिले शब्दकोश लेखेर चर्चामा आइरहने साहित्यकार विनयकुमार शर्मा नेपाल यसपटक मार्गदीप भन्ने कविता संग्रह लिएर आएका छन्। उनका हरेक कविताले मानवजीवनका विविध विषय र यथार्थताहरु प्रस्तुत गरिरहेका छन्। मार्ग र दीप शब्दलाई अलग पार्ने हो भने बाटो र उज्यालो दिने बत्तीको अर्थ लाग्छ। साँच्चै कविता पनि उज्यालोको बाटो देखाउने खालकै लेखिएको पढ्दै जाँदा पाठकले बुझ्न अप्ठ्यारो पर्दैन।

जीवन, दर्शन, जगत् र वैचारिक सघनताले सजिएको मार्गदीपमा मान्छेले कसैलाई देख्न नसक्नु भनेको शरीरबाट मन र आत्मालाई निकालेर लयबद्ध हुन खोज्नुजस्तै हो भनिएको छ। कवितामा नारी र पुरुषका बीचको आकर्षण, मायाप्रेमका यथार्थ पक्षलाई पनि निकै रोचक पाराले उतारिएको छ। सानो कुरालाई पनि कविता बनाउन सक्नुले उनको कवित्व यहाँ छर्लङ्ग देख्न सकिन्छ।




*हो म यो पनि जान्दछु*
*मान्छे भन्ने जात*
*आफू बदलिन गए गिरेको ठान्दछ।*
*अरुलाई बदल्न पाए जितेको ठान्दछ*
*त्यसैले अहंकार र कुण्ठाको पोको हो मान्छे।*
(मान्छे, मन र स्वभावबाट)

यसमा मानवको स्वाभाविक अवस्थालाई देखाइएको छ। उनका कुनै कवितामा लक्ष्मीप्रसाद देवकोटाको प्रभाव पनि पाइन्छ।

*म फलाममा फलाम ठोकिनु*
*संगीतको झंकार ठान्छु।*
*त्यसको लयतामा मदहोस बन्छु।*
*तर तिमी समर्पणलाई हार ठानेर*
*आगो नै आगोको प्रचण्ड लप्काले*
*भरिएको कुवा देख्छौ र जीवनबाट पलायन हुन्छौ*
(हो म तरल छु बाट)

उनका कविता पढ्दा रसिला छन्। तर कुनै-कुनै पट्यार लाग्दा पनि छन् कि झैं लाग्छ। कुन मुडमा के लेखेका होलान् भन्ने पनि लाग्न सक्छ। तर त्यो बुझ्न नसकिएको अवस्था हो। उनले जे उठान गरेका छन् वास्तवमा यथार्थपरक छन्। शब्दार्थ प्रकाशनले बजारमा पठाएको यस संग्रहमा ३९ वटा साना-ठूला कविताहरु छन्। बजारमा यसलाई २ सय रुपियाँमा किन्न पाइन्छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

कार्तिक ११ देखि १७ गतेसम्म

**मेष**
तपाईंका लागि यस साताका शुरुका दिनहरु धेरै फलदायक देखिन्छन्। आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापार आदिमा सफलता होला। राज्यबाट लाभ, कूटनीतिक प्रयास सफल, धनलाभ, मानसिक सन्तुष्टि हुने देखिन्छ। प्रतिस्पर्धामा विजय नहोला भन्न सकिन्न। तर बुधबार र बिहीबार भने वायुजन्य रोग ग्यास्टिकले सताउन सक्छ। दौडधुप, तनाव एवम् लखतरान परिएला। पारिवारिक विवाद हुन सक्छ।

**वृष**
यो साता तपाईंका लागि धेरै उपलब्धिमूलक छ। गरेका काम सफल हुने, कहीं कतै वंशवृद्धिको सम्भावना, रिसाएका व्यक्तिहरु खुसाएर नजिकिन खोज्ने, मुद्दामामिला वा प्रतियोगितामा विजयको सम्भावना, पठनपाठनमा सफलता, आम्दानी हुने प्रबल सम्भावना, साथीभाइ-इष्टमित्रबाट सहयोग, नेतृत्वदायी भूमिकामा सफलता हुनेछ। तर शुक्रबार भने स्वास्थ्य समस्या, कार्य बाधा हुने देखिन्छ।

**मिथुन**
साताको शुरु आइतबारसम्म त्यति सन्तोषजनक छैन। छिमेकी-साथीभाइसँग विवाद, दुर्घटना, चोटपटक, रोगको भय, असफलता हुने देखिन्छ भने बाँकी सबै दिन उपलब्धिमूलक छन्। उपहार, सम्मान, पुरस्कार प्राप्तिको सम्भावना छ। व्यापार, ठेक्कापट्टा, पढाइ, खेलकुद आदिमा सफलता हासिल हुने, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता, फाइदाजनक भ्रमण, कार्य सफल हुने देखिन्छ। प्रयास सफल हुनेछ।

**कर्कट**
साता मिश्रित फलदायक छ। आइतबारसम्म द्रव्यलाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मानमा वृद्धि, ठूलै उपलब्धिको सम्भावना छ। तर सोमबार र मंगलबार परिवार-इष्टमित्रमा विवाद सृजना हुने, व्यर्थमा दौडधुप हुने, दिनचर्या अस्तव्यस्त हुनेछ। त्यसपछिका दिनहरुमा भने गरेका कामहरु सफल हुने, लगानीबाट लाभांश पाइने, व्यापारिक कारोबारबाट लाभ मिल्ने, खेल-परीक्षा आदिमा सफलता मिल्नेछ।

**सिंह**
साताको धेरैजसो दिनहरु शुभ छन्। शारीरिक स्फूर्ति बढ्नेछ। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति, हर्षविभोर हुनेछ। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। घरमा वा अन्यत्र भए पनि शुभकार्यममा सरिक भई मिष्ठान्न भोजन पाइनेछ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्न सक्छ।

**कन्या**
तपाईंका लागि यो साताका दिनहरु धेरै शुभ फलदायक देखिन्छन्। सानै प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुन सक्छ। साताको अन्त्य शुक्रबार भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**तुला**
तापाईंका लागि साताको शुरु शुभ फलदायक छैन। राज्य सञ्चालकको भय, मान-प्रतिष्ठामा आघात, व्यापारिक असफलता, कष्टदायक यात्राको सम्भावना छ। तर सोमबारबाट भने दिनहरु शुभ छन्। स्वस्थताको महसुस हुने, आफ्नो व्यवसायबाट पर्याप्त आम्दानी हुने, गुम्न लागेको धन हात लाग्ने सम्भावना छ। त्यस्तै रोजगारीको अवसर मिल्ने, परीक्षामा सफलता हासिल हुने देखिन्छ।

**वृश्चिक**
तपाईंका लागि यस साताको मध्यभाग सोमबार र मंगलबार त्यति राम्रो देखिँदैन। बाँकी दिनहरु शुभ फलदायक छन्। विविध वस्तु वा सेवाको प्राप्ति होला। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। साथीभाइसँगको भेटघाट उपलब्धिमूलक हुनेछ। तर साताको मध्यभागमा भने अनावश्यक खर्च, स्वास्थ्य समस्या, चोटपटकको भय हुने देखिन्छ।

**धनु**
यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

**मकर**
यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**कुम्भ**
तपाईंका लागि साताको शुरुका दुई दिन शुभ देखिँदैन। शोक-सन्ताप बढ्ने, कार्य असफल हुने, ग्यास्टिक, अपचजस्ता समस्याले सताउला। सोमबारदेखि समय उत्तम फलदायक छ। पढाइ, प्रतियोगिता, खेलकुद, मुद्दामामिला आदिमा विजय हुनेछ। अधुरा कार्यहरु पूरा हुनेछन्। प्रेमप्रसंग सफल हुनेछ। आफ्नो जीवनसाथीबाट धेरै सहयोग मिल्नेछ। कतैबाट पुरस्कृत भइने सम्भावना छ।

**मीन**
यस साताको शुरु शनिबार र आइतबार विविध वस्तु वा सेवाको प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, मन प्रफुल्लित हुनेछ भने साताको मध्यभाग सोमबार र मंगलबार चोटपटकको भय, पढाइमा असफलता, आर्थिक नोक्सानी हुने सम्भावना छ। तर बुधबारदेखि भाग्योदय हुनेछ। आफ्नो बोली बिक्ने, कार्य सफल हुने, चिट्ठा-उपहारादि वस्तु प्राप्ति हुने, आर्थिक लाभ हुने योग छ।

{ 'सर्वोच्च अदालतले दिएको कारण देखाऊ आदेशको जवाफ आयोगले दिइसकेको छ, त्यसैले निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ आजैबाट शुरू गरेका हौं, सर्वोच्च अदालतले मतपत्र छपाइ रोक्न विशेष आदेश दिए मात्रै रोकिन्छ, अन्यथा मतपत्र छपाइ समयमै सम्पन्न हुन्छ।'



छठ पर्वको समापनका अवसरमा भक्तपुरको कमल विनायकमा प्रसाद लिंदै एक भक्तजन। तस्वीर: किरण न्हिसुतु

# फनपार्कभित्र गैरकानुनी रूपमा जुवा खेलाइँदै

सुरेश तामाङ, काठमाडौं

भृकुटीमण्डपको हाताभित्र रहेको फनपार्कमा सम्झौताविपरीत गैरकानुनी रूपमा जुवा (ज्याकपोर्ट) खेलाउने गरेको पाइएको छ। फनपार्कभित्र जुवा (ज्याकपोर्ट) खेल निर्वाध सञ्चालनमा रहेको समाज कल्याण परिषद् स्रोतले जनाएको छ।

कलिला बालबालिकाका लागि मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन हुने संवेदनशील स्थान फनपार्कभित्र ग्याङफाइटको कला सिकाउने प्रकृतिको खेलसमेत खेलाइरहेको पाइएको छ। यस्ता गैरकानुनी क्रियाकलापले गर्दा बालबालिकालाई नकारात्मक असर पर्ने बाल मनोविद्हरूको भनाइ रहेको छ। मनोविमर्शकर्ता डा. सन्दीप बस्नेतले जुवा प्रकृतिको खेलमा बालबालिकाले खेलको माध्यमबाट मनोरञ्जन लिने कार्य गरे पनि लत बस्दै कालान्तरमा आपराधिक क्रियाकलापमा रूपान्तरण हुने भएकाले अभिभावकसमेत यस्ता विषयमा चनाखो रहनुपर्ने बताउनुभयो।

फनपार्कसँग समाज कल्याण परिषद्ले १५ वर्षसम्मका लागि गरेको सम्झौताको ९ नम्बर बुँदामा द्वितीयपक्ष (फनपार्क सञ्चालक) ले कानुनले निषेधित कार्य गर्न / गराउन पाइने छैन। मेला क्षेत्रभित्र जुवा खेल्ने, खेलाउने र यस्तै प्रकृतिका खेल/स्टल राख्न पाइने छैन भनी उल्लेख गरिएको छ।

तर फनपार्कभित्र खुलमखुलारूपमा यस्ता प्रकृतिका खेल खेलाउँदा पनि कारबाही गर्नुको सट्टा सम्बन्धित नियमक निकाय मौन छ। परिषद्का सदस्य सचिव डिल्लीप्रसाद भट्टसँग जिज्ञासा राख्दा उहाँले यस विषयमा बुझेर बताउने जानकारी दिनुभयो।

२०६९ असोज १ मा भएको उक्त सम्झौतामा परिषद्का तर्फबाट तत्कालीन सदस्य सचिव रवीन्द्रकुमार यादव र पार्क सञ्चालकका तर्फबाट पूर्वराज्यमन्त्री तथा सांसद टेकबहादुर गुरुङले हस्ताक्षर गर्नुभएको थियो।

सम्झौताका बारेमा उजुरी परेपछि राष्ट्रिय सतर्कता केन्द्रले ३ वर्षअघि स्थलगत अनुगमन, निरीक्षण गरी परिषद्, मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रतिवेदन बुझाएको थियो।

केन्द्रले अनुगमन गर्दा पनि फनपार्कक्षेत्रभित्र सम्झौतामा उल्लेख गरिएभन्दा फरक प्रकृतिका जुवा जस्तो खेल र ग्याङफाइटजस्ता कला सिकाउने प्रकृतिको खेलसमेत सञ्चालन भएको भेटिएको प्रतिवेदनमा उल्लेख छ।

# कांग्रेसका उम्मेदवारलाई जिताउन प्रमको आग्रह

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभामा कांग्रेसका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभएको छ। शुक्रबार बालुवाटारमा नेपाल तरुण दलको ६४औं स्थापना दिवसको अवसरमा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो।

उहाँले कांग्रेसका उम्मेदवारलाई जिताउन वामपन्थी उम्मेदवारको डटेर सामना गर्न कार्यकर्तालाई निर्देशन दिनुभयो। तरुण दलका कार्यकर्तालाई गाउँ-गाउँमा गएर चुनावी कार्यक्रमलाई तीव्रता दिनुपर्ने उहाँको भनाइ थियो।

देउवाले गठबन्धनले लोकतन्त्रलाई खतरामा पार्ने भएकाले त्यसबाट सचेत रहन जोड दिनुभयो। सोही कार्यक्रममा बोल्दै कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धनले संविधानको मूल मर्ममाथि नै प्रहार गरेकाले संविधानको रक्षा गर्न आगामी निर्वाचनमा कांग्रेस विजयी हुनुको विकल्प नरहेको बताउनुभयो।

# निर्वाचन आयोगको टोलीद्वारा मतपत्र छपाइ अनुगमन

नेपाल समाचारपत्र

भक्तपुर

निर्वाचन आयोगले शुक्रबार साँझबाट आसन्न प्रतिनिधिसभा निर्वाचन र प्रदेशसभा निर्वाचनका लागि प्रत्यक्षतर्फका मतपत्र छपाइ शुरू गरेको छ। निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवसहितको टोलीले आज साँझ भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा मतपत्र छपाइको काम शुरू गराउँदै अनुमगनसमेत गरेको छ। साँझ ५:२० मा जनक शिक्षा पुगेको टोलीले मतपत्र छपाइ शुरू गराएर ६:३० बजे फर्किएको थियो।

मतपत्र छपाइ शुरू गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिंदै प्रमुख आयुक्त यादवले समानुपातिकतर्फका मतपत्र छपाइ सम्पन्न गरेर पहिलो चरणमा हुने ३२ जिल्लाको लागि आवश्यक पर्ने प्रत्यक्षतर्फका मतपत्र छपाइ आजबाट शुरू गरी अनुमगन गर्न केन्द्र आएको बताउनुभयो।

निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी तीव्र रूपमा गरेको र समय मै मतपत्र छापेर जिल्ला जिल्ला पठाउने बताउँदै उहाँले भन्नुभयो- 'तोकिएकै मितिमा निर्वाचन गर्न आयोग सक्षम छ, त्यसका लागि आयोगले सम्पूर्ण तयारी तीव्र रूपमा गरेको छ, आयोगले निर्वाचन गराउन सक्छ।'

निर्वाचन नहुनेमा शंका नगर्न आग्रह गर्दै उहाँले सर्वोच्च अदालतले दिएको कारण देखाऊ आदेशको आयोगले जवाफ दिइसकेको बताउँनुभयो। उहाँले सर्वोच्च अदालतले अर्को विशेष आदेश दिए मात्रै अदालतको सम्मान गर्दै मतपत्र छपाइ रोकिने अन्यथा मतपत्र छपाइ नरोकिने प्रतिक्रिया दिनुभयो।

आयुक्त यादवले भन्नुभयो- 'सर्वोच्च अदालतले दिएको कारण देखाऊ आदेशको जवाफ आयोगले दिइसकेको छ, त्यसैले निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ आजैबाट शुरू गरेका हौं, सर्वोच्च अदालतले मतपत्र छपाइ रोक्न विशेष आदेश दिए मात्रै रोकिन्छ, अन्यथा मतपत्र छपाइ समयमै सम्पन्न हुन्छ।'

# निर्वाचन रोकिए देश द्वन्द्वमा जान्छ : *बस्नेत*

भक्तपुर, (नेस)

नेकपा (एमाले) का युवा नेता तथा पूर्वउद्योगमन्त्री महेश बस्नेतले निर्धारित मितिमा नै प्रतिनिधि र प्रदेशसभाको निर्वाचन नभए देश द्वन्द्व जाने बताउनुभएको छ।

रफत सञ्चार क्लबले गरेको साक्षात्कार कार्यक्रममा उहाँले वाम गठबन्धनबाट सरकार अत्तालिएर निर्वाचन रोकिए देश द्वन्द्वमा जाने खतरा रहेको स्पष्ट पार्नुभयो। उहाँले प्रदेश र प्रतिनिधिसभाको निर्वाचनपछि देश आर्थिक समृद्धिमा जाने लागेको बेला मतपत्रको विवाद निकालेर निर्वाचन रोक्न नहुने बताउनुभयो।

केही समयअघि एनआरएन निर्वाचनका समयमा शेष घलेले ६ करोड एमालेलाई दिएको र त्यसमध्ये एमाले अध्यक्ष केपी शर्मा ओलीले आफूलाई दिएको २ करोड मिडियाको हल्ला मात्र भएको बताउनुभयो। आफू युवा संघको अध्यक्ष हुँदादेखि नै केही मिडियाकर्मीले आफ्नो खेदो खन्दै आएको र यो पनि यसैको परिणाम भएको बताउनुभयो।

स्थानीय तहको निर्वाचनलाई आधार मान्दा भक्तपुरमा नेकपा (एमाले) ले प्रतिनिधिसभातर्फ भक्तपुर क्षेत्र नं. २ प्रदेशसभातर्फ सूर्यविनायक र चाँगुनारायण नगरपालिका क्षेत्र जित्ने दाबी गर्नुभयो। उहाँले मध्यपुर थिमीमा एमाले र कांग्रेसको कडा प्रतिस्पर्धा हुने दाबी गर्नुभयो।

आफू प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचित भएपछि भक्तपुरलाई समृद्धि बनाउने योजना आफूसँग भएको चर्चा गर्दै बस्नेतले भारी मतले आफू निर्वाचन जित्नेमा सबैलाई विश्वस्त हुन आग्रह गर्नुभयो।

# बालबालिकाले देखाए प्रतिभा

काठमाडौं, (नेस)

विश्व बालिका दिवसका अवसरमा उपत्यकाका निजी तथा सामुदायिक विद्यालयका १४ देखि १९ वर्षका बालिकाले विभिन्न प्रतिभा प्रस्तुत गरेका छन्।

'नाइस फाउन्डसनले आयोजना गरेको 'स्टयान्ड अप फर गर्ल' नामक कार्यक्रममा बालबालिकाहरूले ले विभिन्न कार्यक्रम प्रस्तुत गरेका थिए।

ज्योति एकेडेमी, नमोनिक मावि, गोकर्णेश्वर मावि, मंगल मावि र जनसेवा मावि, इमाडोलस्थित महालक्ष्मी एकेडेमी, बालकुमारीको शान्ति मावि, कुपन्डोलको प्रगति शिक्षा सदन, ग्वार्कोको प्रभात मावि, भैंसेपाटीको आदर्श मावि र बुङ्मतीको रुद्रायणी मावि तथा भक्तपुरको गणेश माविका बालबालिका सहभागी भएका थिए।

सो फाउन्डेसनका निर्देशक जगदीश भट्टराईले बालिकालाई समाजका विभिन्न गतिविधिमा सहभागी बनाएर शिक्षा प्रदान गर्न सकेमा भविष्यमा राम्रो परिवर्तित समाज निर्माण गर्ने परिकल्पनाका साथ यस्ता गतिविधि ३ वर्षदेखि सञ्चालन गरिँदै आएको जानकारी दिनुभयो।

विद्यालय सञ्चालक समिति महासंघका अध्यक्ष कृष्णबहादुर थापा, साथी नेपालकी अध्यक्ष सरिता सापकोटालगायतले बालिकालाई विद्यालय शिक्षाका अतिरिक्त क्रियाकलापमा आकर्षित गर्न सकेमा मुलुकमा महिला सशक्तिकरण हुन सक्ने विचार व्यक्त गर्नुभयो।

# ठक्करबाट २ को मृत्यु

काठमाडौं (नेस)

धादिङको धुनिवेशी नगरपालिका टायलघरस्थित त्रिभुवन राजपथमा बा२ख ७१८२ नम्बरको बालुवा बोकेको ट्रिपरले बा८१प ७७९७ नम्बरको मोटरसाइकललाई शुक्रबार ठक्कर दिंदा २ जनाको मृत्यु भएको छ।

उक्त दुर्घटनामा परी मोटरसाइकलमा सवार काठमाडौं त्रिपुरेश्वर बस्ने सलिन तुलाधर र मोटरसाइकल चालक काठमाडौं बबरमहल बस्ने रामेश्वर सिलवालको घटनास्थलमै मृत्यु भएको छ। ट्रिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# चोर्दा चोर्दै पक्राउ

काठमाडौं(नेस) । चन्द्रागिरी नगरपालिका-१३ पुरानो नैकाप डेरा गरी बस्ने बिष्णु बानियाको कोठामा चार्जमा राखेको ल्यापटप कोठाको झ्याल खोलेर चोरी गरी भाग्दै गरेको अवस्थामा कलंकी बस्ने बाराको निजगढ घर भएका नवराज तामाङलाई उक्त ल्यापटपसहित प्रहरीले पक्राउ गरेको छ।

# संयुक्त निर्वाचन परिचालन समिति घोषणा

काठमाडौं (नेस)

आगामी निर्वाचनका लागि तालमेल गरेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) निकटका युवा संगठनले ३ हजार १ सदस्यीय केन्द्रीय निर्वाचन परिचालन समिति गठन गरेको घोषणा गरेका छन्।

दुवै पार्टी निकटका युवा संगठनको केन्द्रीय इन्चार्जसहितको आजको बैठकले केन्द्र, प्रदेश र स्थानीय तहमा समेत संयुक्त रूपमा प्रचारप्रसार समिति गठन गर्ने र त्यसलाई प्रभावकारी रूपमा परिचालन गर्ने निर्णय गरेको छ।

युवा संघ नेपाल र वाईसीएल नेपालको संयुक्त बैठकले दुवै संगठनका पदाधिकारी रहेको सचिवालय र दैनिक कार्य सञ्चालनका लागि दुवै अध्यक्षसहितको ११ सदस्यीय शीर्ष संयोजन समिति गठन गरेको छ।

बैठकले दुवै संगठनको प्रदेश इन्चार्ज वा प्रमुखको नेतृत्वमा जिल्लामा जिल्ला अध्यक्ष वा संयोजकको अध्यक्षतामा निर्वाचन परिचालन समिति बनाउने र जिल्ला मातहत रहेका समितिसमेत सोहीअनुसार गरिने निर्णय गरेको छ।

बैठकमा युवा संघका इन्चार्ज महेन्द्रबहादुर पाण्डेले संविधान कार्यान्वयनको महत्त्वपूर्ण चरणका रूपमा रहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा वाम शक्तिलाई विजयी गराउन युवाको भूमिका महत्त्वपूर्ण भएकाले सोहीअनुसार कार्य क्षेत्रमा प्रस्तुत हुन आग्रह गर्नुभयो।

वाईसीएलका इन्चार्ज मणि थापाले कुनै पनि आग्रह वा पूर्वाग्रहभन्दा माथि उठेर इतिहासको आवश्यकता पूरा गर्दै वामपन्थी गठबन्धनलाई विजयी गराउनु प्रमुख कार्यभार रहेको बताउनुभयो।

युवा संघका अध्यक्ष राजीव पहारीले निर्वाचनलाई केन्द्रमा राखेर दुवै संगठन परिचालित हुने बताउनुभयो। वाईसीएलका अध्यक्ष रामप्रसाद सापकोटाले युवाकै प्रयासमा मुलुकमा ठूला-ठूला राजनीतिक परिवर्तन भएकाले त्यसलाई संस्थागत गर्ने महत्त्वपूर्ण अवसर आएको बताउनुभयो।

## सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुखको अनुभूति, गरेका काम सफल, स्वास्थ्य लाभ।
**वृष** : राजनीतिमा सफलता, पुरस्कृत-सम्मानितको अवसर, सुखानुभूति।
**मिथुन** : स्वास्थ्य खराबी, धनको क्षति, पढाइ-लेखाइमा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूर्णता।
**सिंह** : पैसा प्राप्ति, मुद्दामामिला, परीक्षा, खेलकुद आदिमा जीत, सम्मान।
**कन्या** : आँटेका कार्य सफल, आर्थिक लाभ, बौद्धिक क्षमतामा वृद्धि।
**तुला** : पाचन समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था, चिन्ता।
**वृश्चिक** : द्रव्यलाभ, मान वृद्धि, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : आर्थिक लाभ, सुख, मानसिक सन्तुष्टि, पेसा-व्यवसायबाट लाभ।
**मकर** : धनलाभ, पुरस्कार-सम्मान प्राप्ति, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, साथीभाइबाट प्राप्तिको सम्भावना।

# नेपाल

'के पाप गरेकी थिएँ र मैले ? यो सजाय भोग्दै छु। छिमेकीले मेरो चप्पल पनि छुँदैनन्, रोग सल्किन्छ भनेर सबैजना मबाट टाढा भाग्छन्।'

## राष्ट्रपति भण्डारी ताप्लेजुङमा

**नेपाल समाचारपत्र**
ताप्लेजुङ



स्वर्गीय पति मदन भण्डारीको जन्मस्थलमा गरिने नागरिक अभिनन्दनका लागि राष्ट्रपति विद्यादेवी भण्डारी अहिले बिहान ताप्लेजुङ सदरमुकाम फुंलिङ आइपुग्नुभएको छ। राष्ट्रपति भण्डारी केही बेरअघि मात्र नेपाली सेनाको नयाँ रणभीम गुल्ममा अवतरण हुनुभएको हो।

उहाँलाई त्यहाँ फुंलिङ नगरपालिकाका मेयर छत्रपति प्याकुरेल, प्रमुख जिल्ला अधिकारी मोनबहादुर जिसी, वरिष्ठ प्रहरी उपरीक्षक पीताम्बर अधिकारीसहित नयाँ रणभीम गुल्मका गुल्मपति रवि केसीसहितले स्वागत गरे।

काठमाडौंबाट सीधै पाथीभरा जाने कार्यक्रम रहे पनि मौसममा आएको परिवर्तनले राष्ट्रपति सवार हेलिकोप्टर उपल्लो ताप्लेजुङको घुन्सा र गोला क्षेत्रको अवलोकनका लागि त्यसतर्फ गई व्यारेकमा अवतरण भएको थियो।

मुख्य पर्यटकीयस्थल गोला र घुन्सा क्षेत्रको अवलोकन भने राष्ट्रपतिले हेलिकोप्टरबाटै गरेको यहाँस्थित नेपाली सेनाले जनाएको छ। काठमाडौंबाट आएको हेलिकोप्टर पाथीभरा मन्दिरमा अवतरण हुन नसकेपछि सुकेटार एयरपोर्टमा अवतरण गरी गोला घुन्सातर्फ गएको थियो। त्यहाँबाट फर्किएपछि हेलिकोप्टर सीधै व्यारेकमा अवतरण भएको छ।

मौसममा सुधार आएपछि राष्ट्रपति भण्डारी पाथीभरातर्फ गएर त्यसपछि नागरिक अभिनन्दनका लागि मैवाखोला गाउँपालिकाको ढुंगेसाँघुतर्फ प्रस्थान गर्नुहुनेछ। उहाँले स्वर्गीय पति मदनको जन्मघर अवलोकन गर्नुहुनेछ भने त्यहाँ उहाँलाई मैवाखोला गाउँपालिका र मैवाखोला सेवा समाजले नागरिक अभिनन्दन गर्नेछ।

## निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिबद्धता

**नवराज पथिक, रामेछाप**

आगामी मंसिर १० गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनका उम्मेदवारहरूले निर्वाचन चिह्न पाएसँगै रामेछापमा निर्वाचनको माहोल तात्तिएको छ। जिल्लाका प्रमुख राजनीतिक दलहरू निर्वाचन जित्ने रणनीतिका साथ प्रचारप्रसारको योजनामा छन् भने सरोकारवाला निकाय पनि भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि चनाखो बनेका छन्।

निर्वाचनलाई मर्यादित बनाउन सदरमुकाम मन्थलीमा निर्वाचन आचारसंहिताका सवालमा सर्वदलीय बैठक सम्पन्न भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न बैठकमा निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्ने दलहरूले प्रतिबद्धता जनाएका छन् । बैठकमा बोल्दै मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद पौडेलले सबै निकायले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने विश्वास व्यक्त गरे। उनले सबैले आ-आफ्ना ठाउँबाट आचारसंहिताको पालना गरे निर्वाचन मर्यादित हुने बताए। बैठकमा बोल्दै प्रमुख जिल्ला अधिकारी दिलीपप्रसाद लामिछाने वाम गठबन्धन र लोकतान्त्रिक गठबनधनको चुनावी प्रचारप्रसारको समयतालिका केही ठाउँमा जुधेको बताए। उनले यसका लागि सम्बन्धित दलसँग बसेर समस्या समाधान गर्ने बताए।

कार्यक्रममा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत रोशन घिमिरेले यो निर्वाचनमा प्रतिनिधिसभाका उम्मेदवारले २५ लाख र प्रदेशसभाका उम्मेदवारले १५ लाखसम्म निर्वाचन प्रचार खर्च गर्न पाउने बताए। उनले समानुपातिकतर्फ प्रतिनिधिसभातर्फ २ लाख र प्रदेशसभातर्फ १ लाख ७५ हजारसम्म खर्च गर्न पाउने बताए। त्यसै गरी प्रतिनिसभा सदस्यका उम्मेदवारले प्रचारप्रसारका लागि मुख्य निर्वाचन अधिकृतको अनुमतिमा ४ वटा हलुका ४ पांग्रे सवारीसाधन र बढीमा ४ वटा मोटरसाइकल प्रयोग गर्न पाउने र सवारी नचल्ने ठाउँमा बढीमा ४ वटा घोडा प्रयोग गर्ने पाउने उनको भनाइ छ। उनका अनुसार प्रदेशसभाका उम्मेदवारले २ वटा हलुका ४ पांग्रे सवारी र बढीमा ४ वटा मोटरसाइकल चुनावी प्रचारमा प्रयोग गर्न पाउने छन्।

यो निर्वाचनमा राजनीतिक दलहरूले निर्वाचन चिह्न अंकित पहिरन, टोपी, स्टीकर, टीसर्ट, लोगो, झोला टयाटु, गम्छाजस्ता सांकेतिक सामग्री उत्पादन र प्रयोग गर्न पाउने छैनन्। बैठकमा सहभागीहरूले विगतमा निर्वाचन उलंघन हुँदा पनि सरोकारवालाहरूले केही गर्न नसकेको गुनासो गरे। यस पटकको निर्वाचन आचारसंहिता स्वागतयोग्य भएकाले यसको कडाइका साथ पूर्ण रुपमा कार्यान्वयमा ल्याउन सरोकारवाला निकायले भूमिका खेल्नुपर्ने सहभागीहरूले सुझाव दिए।

बैठकमा रामेछापका निर्वाचन अधिकारी कपिलप्रसाद उपाध्यायले निर्वाचनका लागि रामेछापको प्रदेश क्षेत्र नम्बर १ बाट ७३ हजार १ सय ६७ र क्षेत्र नम्बर २ बाट ७९ हजार ३ सय ९२ मतदाताले भोट हाल्ने बताए। उनले निर्वाचनका लागि रामेछापमा १ सय ९१ मतदान केन्द्र र ९० वटा मतदानस्थल तोकिएको बताए। उनले निर्वाचन कार्यालयले यो निर्वाचनमा प्रभावकारी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने पनि बताए। यसका लागि कात्तिक १६ गतेदेखि सबै मतदान केन्द्रमा मतदाता शिक्षा टोली पठाउने तयारी भइरहेको उनको भनाइ छ।

## प्रचारमुखी हुँदै दलका नेताहरू

मुगु, (नेस)

आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाका लागि राजनीतिक दलहरूले आफ्नो उम्मेदवारी दर्ता गरी आजबाट घरदैलो अभियानमा जुटेका छन्।

बुधबार बेलुकी मनोनयन दर्ता गरेका राजनीतिक दलहरू आजबाट भोट माग्न गाउँ केन्द्रित भएका हुन्। आज दिउँसो नेपाली कांग्रेसका सभापति तथा क्षेत्र नम्बर २ का लागि प्रदेशसभाका उम्मेदवार बनेका खडकबहादुर शाही आफ्नो निर्वाचन क्षेत्रमा पर्ने सोरु गाउँपालिकातर्फ लागेका छन्।

त्यस्तै कांग्रेस प्रतिनिधिसभाका उम्मेदवार हस्तबहादुर मल्ल र क्षेत्र नम्बर १ बाट प्रदेशसभाका लागि नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका तिलकबहादुर मल्ल पनि जिल्लाको पूर्वी भेगमा पर्ने करान भेगतर्फ लागेका छन्।

वाम गठबन्धन र एमालेका तर्फबाट क्षेत्र नम्बर दुईबाट उम्मेदवार बनेका चन्द्रबहादुर शाही पनि चुनावी प्रचार अभियानका लागि खत्याड गाउँपालिका जाने तयारी गरिरहेका छन्। गठबन्धनबाट उम्मेदवार बनेका नेताहरू पनि कार्यकर्ताका साथ गाउँ-गाउँतर्फ हिँडेका छन्।

उम्मेदवारबीच यो बेला केही फरक स्वभाव देखिएको छ। कार्मारोङ गाउँपालिका हिँड्ने तयारी गरिरहेका नेकपा एमालेका तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार गोपालबहादुर बम र सोरु गाउँपालिकातर्फ चुनावी प्रचार अभियानमा लागेका छन्।

## 'वाम गठबन्धनले कांग्रेसलाई गुन लगाएको छ'

पोखरा, (नेस)

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले वाम गठबन्धनले नेपाली कांग्रेसलाई धेरै गुन लगाएको बताएका छन्। छरपष्ट भएको कांग्रेसलाई आफ्नो झगडा मिलाई एकताबद्ध बनाउन वाम गठबन्धनले सहयोग पुगेको स्पष्ट पारे। 'कांग्रेस छरपष्ट भइसकेको थियो', उनले भने- 'हाम्रो हालत खराब हुने भयो भनेर कांग्रेसीहरू एकै ठाँउमा मिल्न आए। तर हामीलाई रिल्याक्स होला भन्ने डर भयो।' उनले रिल्याक्स हुने अवस्था नभएको भन्दै चुनावमा गम्भीर हुनुपर्ने बताए।

पोखरास्थित कान्तिपुर पार्टी प्यालेसमा शुक्रबार कार्यकर्तालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले नजिकिंदै गएको प्रदेश तथा प्रतिनिधिसभाको चुनावपछि एउटै कम्युनिस्ट पार्टी हुने बताए। 'केही दिनका लागि एमाले/माओवादी पार्टी हो', उनले भने- 'चुनावपछि नेपालमा एउटै कम्युनिस्ट पार्टी हुन्छ।'

निर्वाचनमा मुख्यत: उम्मेदवार छान्दा पार्टी एकताको उद्देश्यलाई राखेको उनले सुनाए। अध्यक्ष प्रचण्डले भने- 'चुनावमा जो उठे पनि पार्टीको उम्मेदवार ठानेर चुनाव जिताउन पर्‍यो।' पार्टी एकतालाई केन्द्रविन्दुमा राखिएको भन्दै उनले ६०-४० को अनुपातमा क्राइटेरिया बनाइएको जिकिर गरे।

'हामी पनि कट्टर र एमाले पनि कट्टर भएर बसेको भए यो स्थिति आउने थिएन', उनको भनाइ थियो- 'वाम गठबन्धनले २१औं शताब्दीमा नेपालमा कम्युनिज्म नै आउने लागेको छ भनेर विश्वले नै अचम्म मानेको छ।' वाम गठबन्धनले चुनावमा सकारात्मक वातावरण बनेको बताए।

## ३० विद्यालयमा विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरिने

**विमल विष्ट, डोटी**

सामुदायिक विकास केन्द्र डोटीले जिल्लाका ३० वटा आधारभूत विद्यालयमा विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने भएको छ। सामुदायिक विकास केन्द्र डोटीले परियोजना क्षेत्रका विद्यालयमा गरेको जोखिम तथा बहुप्रकोप विश्लेषणका आधारमा उक्त योजना निर्माण गर्न लागेको हो।

सामुदायिक विकास केन्द्र डोटीका फिल्ड संयोजक प्रयागराज कापडीका अनुसार जिल्लाका विपद् जोखिमका दृष्टिकोणले उच्च जोखिममा रहेका विद्यालयमा जोखिम न्यूनीकरण गर्ने उद्देश्यले उक्त योजना निर्माण गर्न लागिएको हो। विपद् जोखिम व्यवस्थापन योजना निर्माणका लागि छनोट गरिएका आदर्श गाउँपालिका क्षेत्रका १२, सायल गाउँपालिका क्षेत्रका १४ र दिपायल सिलगढी नगरपालिका क्षेत्रका ५ वटा विद्यालयहरू भौगोलिक रुपमा विकट, पुराना शैलीमा निर्माण गरिएका र जीर्ण रहेको सो संस्थाले जनाएको छ।

हाल १० वटा विद्यालयमा विपद् जोखिम व्यवस्थापन योजना निर्माण भइसकेको र २० वटा विद्यालयमा योजना निर्माणको चरणमा रहेको बताइएको छ। परराष्ट्र मन्त्रालय जापानको आर्थिक सहयोगमा वर्ल्डभिजन इन्टरनेसनल नेपाल र सामुदायिक विकास केन्द्र डोटीको साझेदारीमा सञ्चालित समुदाय तथा विद्यालय विपद् पूर्व तयारी तथा उत्थानशीलता परियोजना अन्तरगत सायल गाउँपालिका क्षेत्रमा ४, आदर्श गाउँपालिका क्षेत्रमा ४ वटा र दिपायल सिलगढी नगरपालिका क्षेत्रमा २ वटा आवश्यक भौतिक संरचनासहितका नमुना विद्यालयसमेत निर्माण गरिने बताइएको छ। त्यसै गरी परियोजना क्षेत्रका १० वटा आमासमूहलाई दैवीप्रकोप व्यवस्थापनसम्बन्धी तालिम दिइएको छ भने २० वटालाई चालु आर्थिक वर्षमा दिने तयारी भइरहेको छ। ५ वटा विद्यालयमा गुनासो सुनुवाई संयन्त्र तथा उजुरीपेटिका राखिएको छ। ३० वटा विद्यालयमा विपद् पूर्व तयारीका लागि आपत्कालीन सामग्रीसहित झटपट झोला वितरण गरिएको छ। जसमा प्राथमिक उपचारका सामग्रीहरू, रेडियो टर्च लाइट, स्लिपिङ झोला, ड्राइ फुडहरू राखिएको फिल्ड संयोजक प्रयागराज कापडीले जानकारी दिनुभयो।

बाँकेमा वाम गठबन्धन

## एमालेलाई दुई, माओवादीलाई एक क्षेत्र को कहाँ बलियो ?

**कुमार श्रेष्ठ, बाँके**

बाँकेमा वाम गठबन्धनले क्षेत्र निर्धारण गरेका छन्। जिल्लाको ३ मध्ये २ वटामा एमाले र एउटा क्षेत्र माओवादी केन्द्रको भागमा परेको छ। प्रदेशसभाको ६ सिटमा आधा/आधा गरिएको नेताहरूले बताएका छन्।

एमालेले क्षेत्र नं. २ र ३ तथा माओवादी केन्द्रले १ नम्बर लिएका छन्। क्षेत्र नं. १ मा नरैनापुर, राप्तीसोनारी गाउँपालिका र कोहलपुर नगरपालिका पर्छ। यहाँ ९८ हजार ३ सय २० मतदाता रहेका छन्। माओवादी केन्द्रले यहाँबाट महेश्वर महतराज (अथक) लाई चुनावी मैदानमा उतार्ने बताइएको छ। यद्यपि, कृष्ण केसी (नमूना) को चर्चा पनि रहेको छ।

यो क्षेत्रको प्रदेश 'क' माओवादी र 'ख' एमालेलाई परेको छ। प्रदेश 'क'अन्तर्गत राप्तीसोनारी र नरैनापुर गाउँपालिका पर्छन्। 'ख'मा कोहलपुर क्षेत्र पर्छ।

स्थानीय निकायमा पाएको मतलाई हेर्दा क्षेत्र नं. १ मा वाम गठबन्धन र कांग्रेसका बीचमा टक्कर हुने देखिएको छ। यो क्षेत्रमा संघीय समाजवादी फोरमको पनि बलियो उपस्थिति रहेको छ। फोरमले नरैनापुर गाउँपालिका जितेको छ। कांग्रेसले राप्तीसोनारी गाउँपालिका र एमालेले कोहलपुर नगरपालिका जितेको छ।

नेपालगन्ज बजार र डुडुवा गाउँपालिका समेटिएको क्षेत्र नं. २ वाम गठबन्धनका तर्फबाट पशुपतिदयाल मिश्रको टिकट पक्का भइसकेको छ। राजपाबाट विद्रोह गरेर स्वतन्त्र राजनीतिक समूह बनाएका हृदयस त्रिपाठीलगायतको टोली एमालेबाट चुनाव लड्दा मिश्रलाई यो क्षेत्र दिइएको हो। नेपालगन्ज नगरमा एमाले चौथो र डुडुवामा तेस्रो भएको थियो। ८२ हजार ९ सय ४९ मतदाता रहेको क्षेत्र नं. २ मा राप्रपा र कांग्रेसको गठबन्धन बनेको छ। वाम गठबन्धन र राप्रपा-कांग्रेसको तालमेलले यो क्षेत्रको चुनावी रौनक बढाएको छ। कांग्रेसले राप्रपालाई यो क्षेत्र छोडेको छ। स्थानीय निकायको मतलाई हेर्दा राप्रपा-कांग्रेसको मत धेरै देखिन्छ। यद्यपि, थपिएको नयाँ मतदाता, व्यक्तित्व प्रभाव र संघीय समाजवादी फोरमको राम्रो उपस्थितिले नतिजा प्रभावित हुने देखिन्छ।

क्षेत्र नं. २ को प्रदेश सभामा 'क' माओवादी केन्द्र र 'ख' एमालेलाई परेको छ। 'क'अन्तर्गत नेपालगन्जका केही वडा र डुडुवा गाउँपालिका पर्छन् भने 'ख' मा नेपालगन्ज बजार पर्छ।

वाम गठबन्धनमा क्षेत्र नं. ३ एमालेको भागमा परेको छ। संगठित सदस्यका हिसाबले जिल्लामै एमालेको अति राम्रो देखिएको यो क्षेत्रमा एमालेका पुराना नेता नन्दलाल रोकाय, युवा नेता कमल बस्नेतको चर्चा रहेको छ। यही क्षेत्रका चर्चित नेता दलबहादुर सुनारको नाम पनि आइरहेको छ।

९५ हजार ४ सय ४९ जना मतदाता रहेको क्षेत्र नं. ३ मा वाम गठबन्धन बलियो रहेको छ। स्थानीय निकायको मतलाई हेर्दा यो क्षेत्रमा वाम गठबन्धन धेरैले अगाडि रहेको छ। यो क्षेत्रमा प्रदेशअन्तर्गत 'क' मा माओवादी केन्द्र र 'ख' मा एमालेले टिकट लिने सहमति गरेका छन्।

माओवादी केन्द्रका नेता आईपी खरेल र एमालेका जिल्ला सचिव रत्न खत्रीले वाम गठबन्धनमा उल्लेखित हिसाबले क्षेत्र बाँडफाँड भएको खबर आएको बताउनुभयो। क्षेत्र नं. ३ को 'क' मा एमालेको राम्रो पकड क्षेत्र भएकाले त्यो आफैंले लिनुपर्नेमा जिल्ला नेताहरूको दबाब रहे पनि त्यो माओवादीका भागमा परेको बताइएको छ। प्रदेश 'क' बाट जिल्ला सचिव खत्रीको सिफारिस थियो।

वाम गठबन्धनमा इमान्दारीपूर्वक मतदान भएमा ३ वटै क्षेत्र जित्ने नेताहरूले आकलन गरेका छन्। यद्यपि, केही नेता तथा कार्यकर्ताहरू 'यसलाई उसलाई मान्दैनौ' भन्ने तहमा उत्रिएका छन्। आफ्नै पार्टीका नेताविरुद्ध विद्रोह गर्ने चर्चा चलाइएका छन्। एक्ला एक्लै हुँदा टिकटको पक्का भएका नेताहरू गठबन्धनमा चिप्लिँदा घात अन्तरघातको सम्भावना गठबन्धनका लागि चुनौती बन्न सक्ने जानकारहरू बताउँछन्।

## गल्ती श्रीमान्को सजाय भोग्दै श्रीमती

**हिक्मत नेपाली, दैलेख**

दैलेखको आठबीस नगरपालिकाको राकमकर्णालीस्थित जाक्सी गाउँ निवासी नानीदेवी शाही हिजोआज एचआईभीसँग लडिरहेकी छन्। उनलाई एचआईभी संक्रमण भएको १० वर्ष भयो। उनका श्रीमान् मजदुरीका लागि भारत जान्थे। भारतमा असुरक्षित यौनसम्पर्क गरेका कारण एचआईभी संक्रमित भएपछि उनको मृत्यु भइसकेको छ। नानीदेवीले श्रीमान्को मृत्यु भएको ५ वर्षपछि मात्र आफूलाई पनि संक्रमण भएको जानकारी पाइन्। उपचारमा हालसम्म उनले आफ्नो खेतबारी बेचिसकेकी छन्।



बाँच्नका लागि संघर्ष गरिरहेकी उनले भनिन्- 'धन कमाउन गएका श्रीमान्ले, एचआईभी पनि बोकेर ल्याएछन्। आफू पनि बाँचेनन्, मलाई पनि मर्नु न बाँच्नुको अवस्था बनाए।' उनका देवरको पनि एचआईभी एड्सका कारण मृत्यु भइसकेको छ। 'रोग लागेको थाहा पाएपछि आत्महत्या गर्ने सोच बनाएँ, तर छोराछोरीको भविष्य हेरेर सम्हालिएँ', उनी भन्छिन्- 'श्रीमान्ले धोका दिए, म यिनै सन्तानको मुख हेरेर बाँचेकी छु। अहिले नियमित औषधि खाएकी छु, तर समाजको अगाडि शिर ठाडो पारेर हिँड्न सक्ने अवस्था छैन।' श्रीमान्को गल्तीका कारण आफूले गाउँमा अपहेलना र तिरस्कारको सजाय भोग्नु परेको उनले सुनाइन्।

जाक्सीकै ६३ वर्षीया धनसरा माझीको पीडा पनि कम छैन। उनले आफू एचआईभी संक्रमित भएको थाहा पाएको पनि १० वर्ष बित्यो। मजदुरीकै क्रममा उनका श्रीमान्को भारतमै मृत्यु भयो। एड्सकै कारण उनका श्रीमान्ले ज्यान गुमाए। श्रीमान्को मृत्युपछि उनी लामो समयसम्म बिरामी भइन्। नेपालगन्जमा परीक्षण गर्दा उनमा पनि संक्रमण भएको खुल्यो। 'एचआईभी भएको सुन्दा छाँगाबाट खसेजस्तै भएँ, तर पनि सजाय काटिरहेकी छु', उनले आफ्नो पीडा सुनाउँदै भनिन्- 'गल्ती श्रीमान्ले गरे, सजाय मैले भोगिरहेकी छु। अहिले समाजले हेला गर्छ, मान्छेहरू पनि मलाई देख्दा टाढा भाग्छन्।'

स्थानीय ३५ वर्षीया लक्ष्मी कार्कीलाई पनि एचआईभी संक्रमण भएको ९ वर्ष बित्यो। उनकी ५ वर्षीया छोरीलाई पनि एचआईभी संक्रमण भएको छ। श्रीमान्लाई संक्रमण भएपछि आफूलाई पनि संक्रमण भएको उनले बताइन्। उनले भनिन्- 'घरमा बसेर खान पुग्दैन, श्रीमान् कमाउनका लागि भारत जानुहुन्थ्यो। उहाँले उतैबाट रोग ल्याउनुभएछ, मलाई पनि सार्नुभयो।' अहिले पनि उनका श्रीमान् भारतमै ज्याला मजदुरी गर्छन्। आफूहरूलाई संक्रमण भएको केही वर्षपछि छोरी जन्मिएको र छोरी पनि संक्रमित भएको उनले सुनाइन्। ५३ वर्षीया ज्वाला माझी एचआईभी संक्रमित भएको १५ वर्ष भयो। श्रीमान् बितेको ३ वर्षपछि मात्र आफूलाई पनि संक्रमण भएको थाहा भएको उनले बताइन्। आँखाबाट आँसु झार्दै उनले भनिन्- 'के पाप गरेकी थिएँ र मैले ? यो सजाय भोग्दै छु। छिमेकीले मेरो चप्पल पनि छुँदैनन्, रोग सल्किन्छ भनेर सबैजना मबाट टाढा भाग्छन्।'

केही वर्ष अघिसम्म तराईबासीको चाडका रुपमा परिचित छठ पछिल्ला वर्षमा पहाडी जिल्लाहरूमा समेत लो कप्रिय बन्न थालेको छ।

नेपाल

# वाम गठबन्धन मजबुत बनाउन सन्देशमूलक कार्यक्रम

वीरबहादुर बम, मुगु




सदरमुकाम गमगढी शुक्रबार वाम गठबन्धनलाई मजबुत पार्न भन्दै नेपका एमाले र माओवादी केन्द्रले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी जिल्लामा पनि केन्द्रको नीतिअनुसार काम गर्ने गरी पाटी एकता संयोजक समिति गठन गरी सहमतीय हिसाबमा कार्य अगाडि बढाइने कुरा संयुक्त पत्रकार सम्मेलनमा बताएको छ। कात्तिक ९ गते संयुक्त बैठक बसी ६ वटा महत्त्वपूर्ण बुँदामा निर्णय भई कार्यान्वयनमा लैजान र बाम एकतालाई आउँदो प्रदेश र प्रतिनिधि सभाको चुनावमा मुगुबाट प्रतिनिधित्व गर्न हामीहरू पनि मुगु र समग्र देशको भलोका लागि केन्द्रको निर्णयअनुसार ६० र ४० को भाग बन्डाअनुसार मुगुमा माओवादी केन्द्रको भागमा कुनै पनि उम्मेदवारी नपाए पनि आफूहरूले सूर्य चिन्हमा मतदान गर्ने कुरा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य मंगलबहादुर शाहीले बताए।

जिल्लामा कार्यकर्ताबीच फाटो नहोस र गठबन्दनको निर्णय बेगर आफ्ना कार्यकर्ताले आफ्नो चिन्हमा भोट हालोस् र समानुपातिकमा भने आ-आफ्नै पाटीमा मतदान गर्ने गरी बाम एकता गरिएको आफ्ना कार्यकर्तामाझ बताउँदै आएका छन्। आफ्नो पक्षमा मतदान गर्न वाम एकतामा फाटो नआओस् भन्ने उद्देश्यले जिल्लामा पनि पाटी एकता संयोजक समितिमा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य मंगलबहादुर शाहीलाई तोकि ९ सदस्यीय समिति गठन गरिएको सयुक्त निर्वाचन परिचालन समिति बनाइएको छ भने संयुक्त निर्वाचन परिचालन समितिको कार्यालय स्थापना गरिनेछ। निर्वाचनलाई सहज बनाउन मूल समिति, स्थानीय तहमा निर्वाचन परिचालन समिति र उपसमिति गठन गरिने जिल्ला र गाउँमा १४ गते संयुक्त सन्देश सभा गठन गरिनेलगायतका निर्णयले पाटी एकता मजबुद्ध हुने ठहरी सोअनुसारका निर्णय भएको जिल्ला कमिटि मुगुका अध्यक्ष धर्मबहादुर शाहीले बताउँनुभयो।

जिल्ला बासीलाई वाम गठबन्धनको सन्देश फैलाउन वाम गठबनधन संयुक्त निर्वाचन सन्देश सभा कार्यक्रम गरी सदरमुकाम गमगढीमा ऱ्याली र कोण सभाको आयोजना गरी सबैलाई वाम गठबन्धनमा दुविधामा नरहन गठबन्धनको निर्णयमा मतदान गर्न दुबै पाटीका नेताले आफ्ना कार्यकर्तालाई मन्तव्यमार्फत् अपिलसमेत गरेका थिए। मंसिर १० गते हुने प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा माओवादी केन्द्रले मुगुमा भने कुनै उम्मेदवारी दिएको छैन। बिगतदेखिको द्वन्द्वरत नेकपा एमाले र माओवादीको शित युद्धको अन्त्य गर्न जस्तुसुकै सन्देशमूलक कार्यक्रम सञ्चालन गरी दूरी कम गरी जनमत आफ्नो पक्षमा पार्ने कुरा वाम गठबन्धन आयोजकले बताए।

# निवर्तमान सांसदहरूलाई योजना नबाँड्न निर्देशन

मोतीराम तिमल्सिना, काभ्रे

सांसद विकास कोष र सांसद क्षेत्र विकास कोषको रकममार्फत् असोज मसान्तभित्र जिल्ला समन्वय समितिमा पेश गर्नुपर्ने योजनाहरू पेश नगरी चुनावी कार्यक्रमहरूमा योजना वितरण गर्न लागेपछि त्यसलाई रोक्न दल र उम्मेदवाहरूलाई निर्देशन दिइएको छ।

प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाको अध्यक्षतामा बसेको बैठकमा दलका नेताहरूले निर्वतमान सांसदहरूले कहिलेसम्म रकम वितरण गर्न पाउने भन्दै प्रश्न उठाएका थिए। 'निवर्तमान सांसदहरूले पदमै भएसरह राज्यको ढुकुटीबाट वितरण गरिने साढे ३ करोड रकम एकलौटी वितरण गर्दा आचार संहिता लाग्छ कि लाग्दैन ?'- नेपाली कांग्रेसका उप-सभापति अच्युतप्रसाद पौड्यालले भने। मुख्य निर्वाचन अधिकृत अर्जून अधिकारीसहित प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाले कार्यकक्षमै निर्वाचन आचारसंहिता र अन्य विषयमा छलफल गर्ने गरी बैठक बोलाएका थिए।

नेपाली कांग्रेसका क्षेत्रीय सभापतिहरू एवं निवर्तमान सांसदहरू तीर्थ लामा र कञ्चनचन्द्र बादेले आफ्ना निर्वाचन क्षेत्रका लागि विनियोजन हुने साढे ३ करोड रकमका योजनाहरू चुनावी कार्यक्रमहरूमा वितरण गर्दै हिँडेको सार्वजनिक भएको थियो। समानुपातिकका केही सांसदहरू र प्रत्यक्षतर्फका सांसदहरूले भने जिल्ला समन्वय समितिमा असोज मसान्तभित्रै योजनाहरू पेश गरिसकेका थिए। पेश गरिएका योजनाहरू सबै कार्यकर्ताहरूलाई पोस्ने खालका मात्रै भएको भन्दै आलोचना भएको थियो। प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाले निर्वाचन अघि गाउँ र नगरपालिकामा भएको परिषद्ले पास गरेकाबाहेक कुनै पनि योजनाहरू कार्यान्वयन नगर्न र योजनाहरू घोषणासमेत नगर्न निर्देशन दिएको बताए। 'यदि त्यस्तो अवस्था भएको पाइएमा घोषणा गर्ने र कार्यान्वयन गर्ने दुबैलाई कारबाही गर्नेछौं' -प्रजिअ सिंखडाले भने।

सर्वदलीय बैठकमा मुख्य निर्वाचन अधिकृत अधिकारीले निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न निर्देशन दिएका थिए। सर्वदलीय बैठकमा उपस्थित नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका सबै दलका प्रमुखहरूले आचारसंहिता पूर्ण रूपमा पालना गर्नेमा प्रतिवद्धता जनाएका थिए। त्यस्तै निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै दलहरू प्रतिवद्ध रहेको निर्णय भएको प्रमुख जिल्ला अधिकारी सिंखडाले बताए। निर्वाचन बिथोल्न खोज्ने शक्ति वा व्यक्तिहरूलाई सुरक्षा निकायले नियन्त्रणमा लिन सबै दलहरूले सहयोग गर्ने निर्णयसमेत भएको उनले बताए।

बैठकमा राजनीतिक दलहरूले स्थानीय निर्वाचनमा भएका अभ्यासहरूका बारेमा बताउँदै निर्वाचन आयोगबाट खटाइने कर्मचारी व्यवस्थापन, मतदानको अवस्था, मतपेटिकाको सुरक्षा, मतगणनास्थलका बारेमा समेत जानकारी लिएका थिए।

# सरुमारानीको केन्द्रमा फोहोरै फोहोर

नेपाल समाचारपत्र
प्यूठान

जिल्ला भित्रने मुख्य सडकमा नै फोहोर थुप्रिएको छ। बजार क्षेत्रमा जम्मा भएका फोहोर सडकको छेउमा नै थुपार्ने गरिएको हो। व्यापारीले जथाभावी फोहोर फाल्दा बजारक्षेत्र कुरुप बन्दै जान थालेको छ। व्यावस्थापनमा चासो दिइएको छैन। बडडाडा भालुवागाँ सडकखण्डअन्तर्गत बजारनजिकै फोहोर थुपारिँदा सरुमारानी गाउँपालिकाको केन्द्र बडडाडा बजार दिनानुदिन दुर्गन्धित बन्दै गएको हो।

गाउँपालिकाको कार्यालय, विद्यालय र सरकारी कार्यालयहरू नजिकै रहेको बाटोमा आउजाउ पनि बाक्लै हुन्छ। बजारक्षेत्रदेखि नजिकैको दूरीमा फोहोर थुपारिएका छन। फोहोरको डगुँरले गर्दा पैदलयात्रीहरूलाई मुख छोपेर हिँड्नै पर्ने बाध्यता छ। फोहोरको सुरक्षित व्यावस्थापनका लागि गाउँपालिकाको कार्यालयले गम्भिर बेवास्ता दर्शाइरहेको छ। सडकमै फोहोर फाल्दा उत्पन्न हुने दुर्गन्ध र त्यस्को असर बारे पीडीत हुने सर्वसाधारणको मर्का बारे नगाउँपालिकाले केही नसोचेको स्थानीय बासिन्दा बताउँछन्। सडक छेउछाउमा फालिएका फोहोरले पेशा व्यावसाय सञ्चालन गर्न समस्या भएको भन्दै गाउँपालिकाले फोहोर व्यावस्थापनका लागि दिगो सामाधान खोज्न आवश्यक रहेको स्थानीयले बताए।

घरबाट निस्केको फोहोर नालीमा फाल्ने पुरानै चलन थियो। स्थानीय दानबहादुर गाहले सडकमै फोहोर फाल्न थालेको दुखेसो पोखे। 'फोहोरले बजारक्षेत्र दुर्गन्धित हुँदै गएको छ,' -उनले भने फोहोर हटाउन कसैले चासो लिएका छैनन्।

'गाउँपालिकाले फोहोर व्यावस्थापनमा ध्यान दिनुपर्ने हो' -गाहले भने। स्थानीयले पनि यस्मा चासो देखाउनुपर्ने उनको भनाइ छ। बडडाडा बजारमा ८० भन्दा धेरैले व्यापार व्यावसाय गर्दै आएका छन्। सरुमारानी गाउँपालिका जिल्ला पवेश गर्ने पहिलो नाका हो। यसै सडक भएर दिनहुँ सवारीसाधन आउजाउ गर्छन्। छिमेकी जिल्ला रोल्पा र अर्घाखाँची जान यो सडक प्रयोग हुन्छ। स्वर्गद्वारी आउने तीर्थयात्रीहरूले समेत आवतजावत गर्ने मुख्य सडक यही हो। गन्तव्यमा निस्केका यात्रीहरूले खाना नास्ता र विश्राम गर्ने थलो पनि यही हो। गाउँपालिकाको केन्द्र नै दुर्गन्धित हुँदा यहाँ आउने पर्यटकहरूमा जाने गलत सन्देशप्रति स्थानीयले चिन्ता प्रकट गरे। गाउँकार्यपालिका सदस्य मोहम्मद हलिमले जग्गाको खोजी भइरहेको र दीर्घकालीन योजना बनाएर चाँडै फोहोर व्यावस्थापनका लागि डम्पिङ साइड बनाइने जानकारी दिए। फोहोर व्यावस्थापनका लागि गाउँसभामार्फत् बजेटसमेत बिनियोजन गरिएको उनले बताए।

# नयाँ शक्तिका संयोजक कारबाहीमा

बैतडी, (नेस)

नयाँ शक्ति पार्टी नेपालले पार्टीको हितविपरीत वाम गठबन्धनमा मिसिएको भन्दै बैतडीका संयोजकसहितका नेता कार्यकर्तालाई कारबाही गरेको छ। पार्टी हितविपरीत गतिविधि गरेको भन्दै ७ नम्बर संयोजक कृष्णकुमार चौधरीले आज बैतडी जिल्ला संयोजक कृष्ण बड्, सहसंयोजक धनिराम ओडलगायतका नेता कार्यकर्ताहरूलाई पार्टीको सधारण सदस्यसमेत नरहने गरी निष्काशित गरेका छन्।

नयाँ शक्ति पार्टी नेपालका ७ नम्बर संयोजक चौधरीले उनीहरूलाई कारबाही गरिएको बारे जिल्ला कार्यसमितिमा पत्र पठाएको नयाँ शक्ति बैतडीका कार्यलय सचिव दलबहादुर पालले बताउनुभयो। नयाँ शक्तिका केही कार्यकर्ता वाम गठबन्धनमा गएको भए पनि पूरै जिल्ला कमिटी बाम गठबन्धनमा गएको भन्ने भ्रममा नपर्नसमेत विज्ञप्तीमार्फत् जनाएको छ। संयोजक बडुले नयाँ शक्तिले प्रदेश र प्रतिनिधीसभाको निर्वाचनमा बाम गठबन्धनलाई सघाउने पत्रमा केही दिन अगाडि हस्ताक्षर गरेका थिए।

बाम गठबन्धनसँग कुनै किसिमको तालमेल र एकता नहुने भन्दै नयाँ शक्तिका ७ नम्बर संयोजक चौधरीले नयाँ शक्ति बैतडी आफ्नै चुनाव चिन्ह 'आँखा'बाट चुनाव लड्ने बताउनुभएको छ।

# लोकप्रियता बढाउँदै छठ पर्व

नेपाल समाचारपत्र
हेटौंडा

छठमा सूर्यको आराधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइएको छ। हेटौंडामा छठ पर्वको विशेष रौनक देखियो। छठको अवसरमा सरकारले सार्वजनिक बिदा पनि दिएको थियो।

प्राचीन साँस्कृतिक राज्य मिथिलाञ्चलको लोकप्रिय चाड छठ आपसी भाइचाराको प्रतीक बनेको दृश्य हेटौंडामा देखियो। मधेसी मूलकाले मात्र मनाउने भनिएको छठ पूजा गर्न राप्तीतटमा लामबद्ध पहाडीमूलको संख्याले यसको लोकप्रियता बढेको अनुमान लगाउन सकिन्थ्यो।

बक्राकारमा बगेको राप्तीनदी किनारमा दिउँसोदेखि भेला भएका हजारौं भक्तजन बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर शुक्रबार विहान उदाउँदो सूर्यको अर्घ्य दिँदै छठ समापन गरिएकोछ। कात्तिक शुक्ल षष्ठीको दिन पोखरी, तलाउ वा नदीको किनारमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै विधिवत्रुपमा छठपर्व सुरु गरिएको हो।

पूजाका लागि सिंगारिएको नदी किनारमा श्रद्धालुहरूको बाक्लो उपस्थितिले छठ पूजा भित्री मधेसअन्तर्गत् पर्ने हेटौंडामा लोकप्रिय बन्दै गएको झल्को दिन्थ्यो। केही वर्ष अघिसम्म तराईबासीको चाडका रूपमा परिचित छठ पछिल्ला वर्षमा पहाडी जिल्लाहरूमा समेत लोकप्रिय बन्न थालेको छ।

बिहानैदेखि राप्ती नदीमा भेला भएका श्रद्धालुहरूले सरसफाइ गर्नुका साथै पूजाका सामग्री राखेर दिउँसोदेखि सूर्यलाई पृथ्वीको आत्मा मान्दै पूजाआजा गरेका थिए। अस्ताउँदो सूर्यलाई केरा, नियम निष्ठाले पकाइएका ठेकुवा, भुसना (मिठाइ) लगायत प्रसाद एक/एक गरी उठाएर चढाएपछि सूर्यको पूजा सम्पन्न हुन्छ।

शुक्रबार बिहान खोला, नदी वा पोखरीमा गई उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै छठ पर्व समाप्त भएको छ। चार दिनसम्म मनाइने छठको पहिलो दिन श्रद्धालु भक्तजन नुवाइधुवाइ गरेर चोखो बस्छन् भने दोस्रो दिन निराहार व्रत बस्छन्। छठ पर्वको तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिने र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व समापन गर्ने गरिन्छ।



छठ पर्वको व्रतले मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ। यस पर्वलाई सत्य, अहिंसा, आपसी सद्भाव र पृथ्वीको सबै प्राणीप्रति सहानुभूति पर्वको रूपमा लिइन्छ। हेटौंडामा हरेक वर्ष छठ पूजा आयोजक समितिले छठ पूजा व्यवस्थापन मिलाउँदै आएको छ। शुक्रबार करिब ५० हजारले पूजा अवलोकन गरेको समितिले बताएको छ। छठ पूजाका लागि हेटौंडाको राप्तीरोडदेखि राप्तीनदीसम्म झिलिमिली बत्ती टाँगिएका थिए।

ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो। उक्त समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ। लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो।

सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन्। फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन्। त्यही बेलादेखि छठ पर्व मनाउने परम्पराको शुरूआत भएको विश्वास गरिन्छ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन्। तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन। सूर्य किरणको चिकित्सामाथि कयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ। सूर्यको किरणबाट कयौं असाध्य तथा अक्षयरोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ।

# कर्णाली राजमार्गमा निर्माणाधीन पुल अलपत्र

नेपाल समाचारपत्र
दैलेख

कर्णाली राजमार्गअन्तर्गत विभिन्न खण्डमा पर्ने पुलहरू अझै अधुरै रहेका छन्। राजमार्गअन्तर्गतको दैलेख खण्डमा मात्रै ५ वटा पक्कीको निर्माण कार्य अलपत्र अवस्थामा छ। ७ वर्षअघिदेखि निर्माण कार्य शुरु गरिएका राजमार्गका पक्की पुलहरू अझै अधुरै छन्। पुल निर्माणको जिम्मा लिएका ठेकेदार सम्पर्कविहीन हुँदा पुल निर्माण योजना अलपत्र बनेका हुन् । सम्झौताबमोजिम तोकिएको निमार्ण कार्य पूरा नगरी ठेकेदार फरार भएका हुन्।

दैलेख खण्डमा मात्रै अलपत्र अवस्थामा रहेका पाँच पक्की पुलमा प्रयोग गर्न लगिएको सामग्रीसमेत अलपत्र अवस्थामा छन्। सडक डिभिजन कार्यालय सुर्खेतका अनुसार सुर्खेत दैलेख खण्डमा पर्ने २ कम्पनीहरू कालो सूचीमा परेका छन। दैलेखको किट्टु भिरनजिकको ४ करोड ५१ लाख लागतको घट्टे खोला पुल निर्माण कार्य ०६९ सालमा सम्झौता भए पनि अझै निर्माण हुन सकेको छैन। १५ महिनाभित्र काम सक्ने भन्दै याकथुमहाज्र गोल्डेन जेभी काठमाडौंले जिम्मा लिएको थियो। ठेकेदारको लापरबाहीले पुल निर्माण कार्य अधुरै रहेको छ।

दैलेख खण्डमा पर्ने गोठखोला र कुमाले खोलामा ४ करोड बढी लागतमा पुल निर्माणको जिम्मा लिएको बिटी धर्मेन्द्र १४ जेभीले कामै सम्पन्न नगरे पछि कालो सूचीमा राखेको सडक डिभिजन सुर्खेतका डिभिजन प्रमुख बेलबहादुर भुजेलले जानकारी दिए। फर्जी बैंक ग्यारेन्टी पेस गरेकाले डिभिजन कार्यालयले अदालतमा मुद्दा दर्ता गरेको छ। अनुगमनसंगै काम नगर्ने ठेकेदारहरूलाई कालो सूचीमा राखेको र कालो सूचीमा परेको टेन्डरहरू नयाँ आह्वान गरेको भुजेलले बताए। दैलेख खण्डको जाक्सी खोलामा पुल निर्माणको जिम्मा लिएको सिरुबार सुनकोशी र कबिर जेभीलाई तत्काल काम सम्पन्न गर्न ताकेता दिएपछि मात्र काम शुरू गरेको छ।



दैलेख कालिकोट र जुम्ला खण्डमा पक्कि पुल निर्माणको जिम्मा लिएका विभिन्न ११ कम्पनीहरू फरार् छन्। कतिले कामभन्दा धेरै रकम फर्जी बिलका आधारमा असुल गरिसकेको पाइएको छ। ठेकेदार कम्पनीले काम गरे नगरेको नियमन गर्ने निकायको रूपमा रहेको सडक डिभिजन कार्यालय र कामको गुणस्तर भए नभएको अनुगमन गर्न खट्ने प्राविधिकहरूको लापरवाहीका कारण पनि पुल निर्माणमा ढिलाइ भएको स्थानीयको आरोप छ। कर्णाली राजमार्गअन्तर्गतका विभिन्न खण्डमा निर्माणाधीन पुल निर्माण कार्य सम्पन्न नहुँदा कर्णाली राजमार्गको यात्रा कष्टकर हुने गरेको छ । स्थानीय बासीले पटकपटक दबाब दिए पनि ठेकेदारले अटेर गरेको दैलेख खण्डअन्तर्गत पर्ने रामाघाटका नैन शाहीले बताए। लामो समयसम्म पनि काम सुचारु नहुँदा यात्रा निकै जोखिमा छ उनले भने। सुर्खेतस्थित सडक डिभिजन कार्यालयका अनुसार अधिकांश ठेकेदारले पेश्की लिएर काम छाडेको पाइएको छ।

कर्णाली राजमार्गअन्तर्गत भट्टेखोला, कालेखोला, टाकुल्ला खोला, छिडेना खोला, खल्लागाड, बालीगढ, सिम्ला खोलाका पुल अधुरै छन्। विश्व बैंकले चालू आवमा राजमार्गमा सानाठुला पुलहरू निर्माण गर्नका निमित्त ७६ करोड सहायता प्रदान गरेको थियो।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेश्रो पटक प्रकाशित मितिः २०७४।०७।११**

यस कम्पनीको मिति २०७४।६।२६ गतेको निर्णय बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौको स्विकृती अनुरुप साविक कम्पनी **कामना न्यूज प्रा.लि. का.म.न.पा. ३२, अनामनगर** (प्रा.लि **नं.१६२२१७/०७३।०७४**) को नाम परिवर्तन गरी **कामना मिडिया प्रा.लि. का.म.न.पा. ३२, अनामनगर** गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**फोन नं.: ०१-४०१०७२०**

**सूचना ! सूचना ! सूचना !**

सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको १०औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले यस संस्थासँग आवद्ध सम्पूर्ण सदस्यज्यूहरूको उक्त कार्यक्रममा अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछु ।

**मितिः** २०७४ मंसीर ०२ गते शनिबार
**स्थानः** नेपाल प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्ष ।
**समयः** बिहानको ११ बजे ।

**छलफलका विषय वस्तुहरु :**
१. महासचिवको प्रतिवेदन
२. कोषाध्यक्षको प्रतिवेदन
३. आ.व. ०७३/०७४ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक तोकिने
४. विविध

**महेश कुमार खड्का**
महासचिव
**सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल**
**अनामनगर, काठमाडौं**
**फोन : ४७७०५०६/४७७०२८९**

# विश्व

### शल्यक्रिया

भारतको दिल्लीस्थित सरकारी अस्पतालमा १६ घण्टा लामो शल्यक्रिया गरी जुम्ल्याहा बालकको टाउको छुट्याइएको छ।



### सजाय

दक्षिण अफ्रिकामा एकजना काला जातिका व्यक्तिलाई जिउँदै जलाउन खोज्ने यी दुई गोरा कृषकलाई लामो कारावास सजाय तोकिएको छ।





विश्व २ मिनेट

## साउदी अरेबिया

### रोबोटलाई नागरिकता

रियाद, (एजेन्सी)

साउदी अरेबियाले एक गैरमानव महिलालाई नागरिकता दिएको छ। एउटा रोबोटलाई नागरिकताको अधिकार दिने साउदी अरेबिया सम्भवत: पहिलो राष्ट्र बनेको छ। आफ्ना महिला नागरिकलाई आधारभूत अधिकार दिन अस्वीकार गर्दै आइरहेको उक्त देशले रोबोटिक औंड्रे हेपबर्नलाई उक्त अधिकार दिनु आफैमा आश्चर्य हो। सोफिया नामले चिनिएका उक्त रोबोट मञ्चमा साउदी सरकारले सामान्यतया महिलाका लागि अनिवार्य गरिएको टाउको छोप्ने अबायाविना नै देखिएका थियो। 'यो अनुपम पहिचानका लागि म अत्यन्तै सम्मानित र गौरवान्वित महसुस गरिरहेको छु।' -मञ्चमा सोफियाले बताएकी थिइन्।

## अमेरिका

### ट्रम्पको आरोप

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाको परमाणु हतियार निर्मूल पार्ने अमेरिकी प्रयासमा चीन सहयोगी भइरहेको बेला रुसले भाँजो हालिरहेको आरोप लगाएका छन्। फक्स बिजिनेस नेटवर्कलाई दिएको एक अन्तर्वार्तामा ट्रम्पले यदि रुससँग अमेरिकाको राम्रो सम्बन्ध रहने हो भने उत्तर कोरियाको मुद्दा सहजै समाधान हुने बताए। चीनले आफूलाई सहयोग गरिरहेको तर रुसले उनीहरुको प्रयासलाई असफल पार्न अर्को मार्ग अवलम्बन गरिरहेको ट्रम्पले बताए। ट्रम्पले चीनलाई उत्तर कोरियाको परमाणु हतियार कार्यक्रम नष्ट गर्न सहयोगका लागि दबाब दिँदै आइरहेका छन्।

## दक्षिण अफ्रिका

### कारावास सजाय

जोहान्नेसवर्ग, (एजेन्सी)

दक्षिण अफ्रिकामा कालाजातिका एक व्यक्तिलाई जबरजस्ती कोफिनमा कोचेको अभियोगमा दुई जना गोरा कृषकलाई शुक्रबार जनही १० वर्षभन्दा लामो कारावास सजाय तोकिएको छ। थियो मार्टिन्स ज्याक्सन र विल्लेम ओस्थुइजेनलाई गत अगस्टमा यस घटनालाई लिएर हत्या प्रयास र अपहरणको अभियोग लगाइएको थियो। तिनीहरुले भिक्टोर लोत्स्वा नामक व्यक्तिलाई बिना अनुमति आफ्नो भूमिमा प्रवेश गरेको निहुँमा कुटपिट गरी कोफिनभित्र राखेर जिउँदै जलाइदिने चेतावनी दिएका थिए। ओस्थुइजेनलाई ११ र ज्याक्सनलाई १४ वर्षको जेल सजाय तोकिएको छ।

## भारत

### शल्यक्रिया सफल

नयाँदिल्ली, (एजेन्सी)

भारतको राजधानी दिल्लीको एउटा अस्पतालमा शल्य चिकित्सकहरु दुई जना जुम्ल्याहा बालकको जोडिएका टाउको छुट्याउन सफल भएका छन्। दुई वर्षीय जागा र कालिया नामक ती बालकको १६ घण्टा लामो शल्यक्रिया भएको थियो। डाक्टरहरुले अहिले तिनीहरुलाई सघन उपचार कक्षमा राखिएको बताएका छन्। भारतमा पहिलोपटक यस प्रकारको शल्यक्रिया गरिएको हो। सरकारी अस्पतालमा गरिएको सो शल्यक्रियामा ३० जना डाक्टरको सहभागिता रहेको थियो। ती बालकको जन्मिँदै टाउको जोडिएको र तिनीहरुको एउटै रक्त कोशिका र मस्तिष्क तन्तु रहेको थियो।

# रूसद्वारा विश्वको सबैभन्दा शक्तिशाली परमाणु क्षेप्यास्त्र परीक्षण




मस्को, (एजेन्सी)

रुसले खतरनाक आणविक क्षेप्यास्त्र सैटान-२ परीक्षण गरेको छ। अमेरिकालगायत पूरै विश्वमा खैलाबैला मच्चाउन सक्ने उक्त क्षेप्यास्त्र विश्वकै सबैभन्दा शक्तिशाली परमाणु क्षेप्यास्त्र मानिन्छ। उक्त सैटान-२ आणविक क्षेप्यास्त्रको परीक्षण गरेको रुसको रक्षा मन्त्रालयले जनाएको छ।

उक्त क्षेप्यास्त्र मस्कोबाट करिब ५ सय माइल उत्तर पर्ने प्लेस्टेक कोस्कोड्रोम स्पेसपोर्टबाट प्रहार गरिएको मस्कोका अधिकारीले बताए। आरएस २८ सर्माट नामले पनि चिनिएको उक्त क्षेप्यास्त्र ३ हजार ६ सय माइल पार गर्दै सुदूरपूर्वमा पर्ने करास्थित निसानामा प्रहार भएको थियो।

यसअघि नै उक्त क्षेप्यास्त्रको परीक्षण हुने दाबी रुसी रक्षा प्रमुख भेलरी गरेसिमोवले गरेका हुन्।

प्रति सेकेन्ड ७ किलोमिटरको गतिमा उड्ने उक्त क्षेप्यास्त्रको विस्तार क्षमता १० हजार किलोमिटर रहेको र त्यसको एक प्रहारबाट फ्रान्सको क्षत्रफल बराबरको भूभागलाई विध्वंश पार्न सक्ने रुसी सञ्चारमाध्यमहरुले दाबी गरेका छन्।

यसको बेगको अगाडि अमेरिकी क्षेप्यास्त्र भेदी प्रणाली असफल हुने बताइएको छ। सञ्चारमाध्यममा उक्त क्षेप्यास्त्रको तस्वीर गत वर्ष प्रकाशित भएको थियो। तर त्यसको परीक्षणका बारेका खुलासा गरेको थिएन। रुसी सुरक्षा प्रमुखले उक्त क्षेप्यास्त्र विश्वको अहिलेसम्मको सबैभन्दा शक्तिशाली क्षेप्यास्त्र भएको दाबी गरेका छन्।

रुसमा उक्त नयाँ क्षेप्यास्त्र आरएस २८ सर्माट भन्ने गरिन्छ। तर त्यसलाई सैतान-२ नाम २८ सदस्य रहेको सैन्य गठबन्धन समूह नेटोले दिएको हो।

केही स्रोतले यस वर्षको अन्त्यसम्ममा पश्चिम रुसको प्लेसेसेट परीक्षणस्थलमा यसको परीक्षण हुन सक्ने जनाएको छ। परीक्षणका लागि तयारी पूरा भइसकेको छ। रुसको यो परमाणु क्षेप्यास्त्रको अगाडि जापानको हिरोसिमा नागासाकीमा खसालिएका परमाणु बम खिलौना मात्र हो।

१ सय टनको यो आरएस २८ सर्माटलाई रुसी सेनाले सन् २०१९-२०२० सम्ममा आफ्नो सैन्य बेडामा समावेश गर्ने लक्ष्य लिएको छ।

नेटोका कमान्डर बाल्टिक फोर्सका जनरल बेन हजेसले रुस नेटोसँग चिढिएको बताएका छन्। त्यसैले रुस लगातार परमाणु हतियार बोक्ने क्षेप्यास्त्र विकास गर्दै आफ्नो सिमाना तैनाथ गरिरहेको उनको आरोप छ। यदि रुसले आक्रमण गरेमा नेटोले बाल्टिक इलाकाका देशहरुलाई बचाउन सक्दैन। रुसले बाल्टिक देशको राजधानीलाई मात्र ३६ घण्टामा ध्वस्त पार्न सक्ने जनाइएको छ।

# राष्ट्रपतीय निर्वाचनमा मत कम खस्यो

नैरोबी, (एजेन्सी)

केन्याको चुनाव आयोगले बिहीबार सम्पन्न राष्ट्रपतीय पुन: निर्वाचनमा ३४ प्रतिशतभन्दा पनि कम मत मात्र खसेको शुक्रबार जनाएको छ। गतअगस्टमा भएको सोही चुनावमा ८० प्रतिशत मत खसेको थियो। विपक्षी राजनीतिज्ञ राइला ओडिंगाले आफ्ना समर्थकहरुलाई चुनाव बहिष्कार गर्न आह्वान गरेका थिए।

तर प्रहरी र विपक्षी राजनीतिक कार्यकर्ताबीचको भिडन्तको कारण चारवटा मतदान क्षेत्रमा शनिबारसम्मका लागि मतदान स्थगित गरिएको छ। सत्तारूढ राष्ट्रपति केन्यात्ताले दोस्रो कार्यकालका लागि चुनाव लडेका छन् भने ओडिंगाले चुनाव बहिष्कार गरेका थिए।



केही विपक्षी समर्थकहरुले अन्य व्यक्तिहरुलाई पनि मतदान गर्न रोकेका थिए। नैरोबीस्थित बीबीसीका पत्रकार टोमी ओलाडिपोले शान्त वातारवरण रहेका मतदान क्षेत्रहरुमा पनि चुनावी प्रक्रियाप्रतिको अविश्वासको कारण मतदातको उपस्थिति न्यून रहेको जानकारी दिएका छन्।

धारिला हातहतियारहरु बोकेर आएका विपक्षी राजनीतिक पार्टीका समर्थकहरुले मतदान क्षेत्रमा ढुंगामुढा गर्न थालेपछि प्रहरीले हस्तक्षेप गर्नुपरेको बताइएको छ। निर्वाचन आयोगले सात दिनसम्ममा चुनावको परिमाण घोषणा गर्ने भएको छ। गत अगस्टको चुनावमा राष्ट्रपति उहुरु केन्यात्तालाई विजयी घोषित गरिएको थियो।

तर निर्वाचनमा अनियमितता भएको आरोप लागेपछि उनको विजयलाई अमान्य घोषित गरिएको थियो। यसपालिको निर्वाचनमा मतदान गरिसकेपछि केन्यात्ताले चुनाव लड्दा लड्दै आफू थाकिसकेको प्रतिक्रिया दिएका छन्।

बीबीसी केन्याका विश्लेषक डिकेन्स ओलेबीले राष्ट्रपति केन्यात्ताको किकुयु समुदाय र उपराष्ट्रपति विलियम रुतोको कालेन्जिन समुदाय बसोवास गर्ने क्षेत्रमा धेरै मत खसेको बताएका छन्। अगस्टमा केन्यात्तालाई विजयी घोषित गरिएपछि शुरू भएको हिंसात्मक दंगामा करिब ५० व्यक्ति मारिएका थिए।

# पाँच महिनासम्म महासागरमा अलपत्र यात्रुको उद्धार

वासिङ्टन, (एजेन्सी)

अमेरिकी नौसेनाले झन्डै पाँच महिनासम्म प्रशान्त महासागरमा अलपत्र परेका दुई अमेरिकी महिला र तिनीहरुका दुईवटा कुकुरलाई शुक्रबार सकुशल उद्धार गरेको सरकारी अधिकारीहरुले बताएका छन्।

जेनिफर एप्पेल र तासा फुइयावा सानो जहाजमा बसेर हवाईबाट टाहिटीको सफरमा निस्केका बेला खराब मौसमका कारण सो जहाजको इन्जिन बिग्रिएको थियो। त्यसपछि जापानदेखि करिब १ हजार ५ सय किमि दक्षिणपूर्वको खुला सागरमा सो जहाज तैरिरहेको थियो। एउटा माछा मार्ने जहाजले अमेरिकी सरकारलाई तिनीहरुबारे सूचना दिएपछि बल्ल तिनीहरुको उद्धार गरिएको हो। अमेरिकी नौसेनाद्वारा जारी गरिएको एक विज्ञप्तिमा मे महिनामा यात्रा प्रारम्भ गरेका तिनीहरुले बतासले घचेट्दै आफ्नो जहाजलाई सागर किनारमा पुर्‍याइदिने आशा गरेको



जनाइएको छ। तिनीहरुले दिनहुँ मद्दतका लागि कल गर्ने गरेको तर तिनीहरुनजिक कुनै जहाज नपुगेकाले तिनीहरुको कलिंग सिग्नल नटिपिएको बताइएको छ।

तर २४ अक्टोबरमा एउटा माछा मार्ने ताइवानी जहाजले महासागरमा यसरी एउटा जहाज अनियन्त्रित रूपमा देखेपछि गुआमस्थित अमेरिकी सेनालाई खबर गरिदिएको थियो। संयोगवश तिनीहरुसँग पानी शुद्धीकरण गर्ने यन्त्र र प्रशस्त ड्राइफुड भएकाले तिनीहरु जीवित रहन सफल भएको बुझिएको छ।

# जोयस अस्ट्रेलियाली उपप्रमका लागि अयोग्य

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको एक अदालतले अस्ट्रेलियाका उपप्रधानमन्त्री बार्नाबी जोयस र अन्य चार जना राजनीतिज्ञको दोहोरो नागरिकता भएकाले तिनीहरु गलत ढंगले निर्वाचित भएको शुक्रबार ठहर गरेको छ। अस्ट्रेलियाको उच्च अदालतले जोयसलगायत अन्य तीन जना आफ्नो पदका लागि अयोग्य रहेको जनाएको छ।

तीमध्ये एक जनाले गत जुलाईमा सरकारी पदबाट राजीनामा दिएका थिए। अस्ट्रेलियाको संविधानअनुसार दोहरो नागरिकता हुने व्यक्तिले निर्वाचनमा भाग लिन पाउँदैन। जोयसको बहिर्गमनपछि सरकार एक सिटको बहुमतबाट वञ्चित हुने भएको छ। तर उनी मध्यावधि चुनावमार्फत फर्कन सक्छन्। गत अगस्टमा आफ्नो न्युजिल्यान्डको नागरिकता त्यागेका जोयसले संसद्‌को तल्लो सभाका लागि पुन: चुनाव लड्ने प्रतिबद्धता जाहेर गरेका थिए। अदालतको निर्णयलगत्तै जोयसले भनेका छन्- 'म अदालतको निर्णयलाई सम्मान गर्छु।'



हामी गजबको प्रजातन्त्रमा बाँचेका छौं। म अदालतको छलफलका लागि धन्यवाद दिन्छु। अन्य चारजना राजनीतिज्ञमा फियोना नास, माल्कोम रोवर्टस, लारिसा वाटर्स र स्कट लुडलाम सिनेटमा निर्वाचित भएका थिए। अन्य दुईजना सिनेटर म्याट क्यानाभ्यान र निक जेनोफोनमाथि पनि यसै विषयलाई लिएर छानविन भइरहेको छ।

# दलितलाई धर्म परिवर्तन गराउने मायावतीको चेतावनी

लखनउ, (एजेन्सी)

भारतको बहुजन समाज पार्टीका नेता मायावतीले दलितप्रति भाजपा सरकारको रवैया परिवर्तन नहुने हो भने आफ्ना समर्थकहरुसहित हिन्दू धर्म छोडेर बौद्ध धर्म अपनाउने चेतावनी दिएकी छिन्।

आजमगढको एक र्‍यालीलाई सम्बोधन गर्दै मायावतीले केन्द्र सरकारको निन्दा गर्दै उक्त चेतावनी दिएकी थिइन्। लोकसभा चुनाव र पछि विधानसभाको चुनावमा बीएसपीले नराम्रो पराजय बेहोरेपछि सम्भवत: दलित समुदायमा मायावतीको प्रभाव समाप्त भएको अनुमान गरिएको थियो। तर मायावतीको उक्त बयानले दलित समुदाय पुन: एक पटक बीएसपी र मायावतीसँग उभिएको देखिएको छ।

विश्लेषकहरु उक्त समुदायको मत खस्केको आशंकामा मायावतीले उक्त



कदम अगाडि सारेको बताउँछन्। विगतका केही वर्षको चुनावमा हार बेहोरेको भए पनि मायावतीले हिम्मत नहारेको उनीहरु बताउँछन्। उनले आफ्ना दलित मतदातालाई कुनै पनि मूल्यमा आफूसँग राखिराख्ने प्रयासलाई त्यागेको छैन।

हिन्दू धर्म त्यागेर बौद्ध धर्म अपनाउने कुरा मायावती एक्लैले आफ्ना लागि गरेको होइन। उनको यो योजनामा उनका समर्थकहरुलाई पनि समावेश गरेको छ।

मायावतीको दलित मतदाता विगतका केही दिनमा खस्केको अवश्य हो तर उनीहरु फर्केरै आउँदैनन् भन्न सक्ने अवस्था छैन। अर्को, दलित समुदायको एउटा ठूलो हिस्सा अहिले पनि उनीसँग छ र उनीहरु मायावतीप्रति अत्यन्तै बफादार छन्। आफ्ना नेताका लागि उनीहरु जे पनि गर्न तयार हुन्छन्। तर मायावतीप्रति विमति राख्ने दलितहरु पनि त्यतिकै छन्।

२३ वर्षीय सुनील राज बीए पास हुन् र उनी निजी कम्पनीमा काम गर्छन्। उनी भन्छन्- 'मायावतीले जसरी दलित भोट लिइन्, त्यो हिसाबमा उनीहरुका लागि केही काम गरेको देखिँदैन। गरीब दलित आज पनि त्यही स्थितिमा छन्, जुन स्थितिमा उनीहरु ५० वर्ष पहिले थिए। यो अवधिमा केही दलितले धेरै राम्रो प्रगति गरेका छन्, यो भिन्न कुरा हो। जसले प्रगति गरेको छ, उनीहरुले उनको कुरा सुनेर अवश्य पनि धर्म परिवर्तन गर्नेछन् तर सबै दलितले गर्छन् भन्ने मलाई लाग्दैन।'

अर्जुनधारा नगरपालिका-११ का ११ वर्षीय बालक लक्ष्मण शिवाकोटीको हत्यारालाई कानुनी कारबाहीको माग गर्दै निकालिएको विरोधमाथि शनिश्चरे रोडमा प्रहरीले शुक्रबार बिहान दमन गरेको थियो।

# विश्व हिन्दू महासंघद्वारा ज्ञानेन्द्रको समर्थन




**नेपाल समाचारपत्र**
काठमाडौं

गएको साता पूर्वराजा ज्ञानेन्द्र शाहले दिनुभएको अभिव्यक्तिलाई विश्व हिन्दू महासंघले स्वागत गरेको छ। विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रियले शुक्रबार राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै महासंघले सो अभिव्यक्तिलाई स्वागत गरेको हो।

गएको साता कात्तिक ४ मा पूर्वराजा शाहले सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै देशको अभिभावकका रूपमा मुलुकलाई नेतृत्व दिन र जिम्मेवारी लिन तयार रहेको अभिव्यक्ति दिनुभएको थियो। महासंघले उहाँको सो अभिव्यक्तिलाई समय सान्दर्भिक, राजनीतिक स्थिति अनुकूल तथा स्वागतयोग्य भनेको छ। महासंघले यस कार्यक्रममार्फत सम्पूर्ण राष्ट्रवादी देशभक्त शक्तिहरूलाई राष्ट्रिय एकताका लागि एक जुट हुन आह्वानसमेत गरेको छ।

महासंघका अध्यक्ष भरतकेशर सिंहले देश लथालिंग अवस्थामा पुगेकोमा चिन्ता व्यक्त गर्दै विखण्डन हुनबाट राष्ट्रलाई बचाउन सबैलाई आह्वान गर्नुभयो। मुलुक नेतृत्वविहीन हुँदै गइरहेको आभास जनतामा बढ्दै आएको, राजनीतिक विचलन, अन्योलता, भ्रष्टाचार, हत्या, हिंसा, अराजकता, राजनैतिक खिचातानी र धर्म संस्कृति, परम्परा, मूल्य र मान्यतालाई समाप्त पार्दै नेपालको मौलिक पहिचान नै नामेट गरी राष्ट्रिय स्वाधीनता खतरामा परेको महासंघले जनाएको छ।

## प्रहरीको गोलीले एकको मृत्यु
# दुई दर्जन बढी घाइते, कर्फ्यु जारी

उत्तम नेपाल, भद्रपुर



झापाको बिर्तामोडमा भएको झडपमा प्रहरीको गोली लागेर एक प्रदर्शनकारीको मृत्यु भएको छ। मृत्यु हुनेमा अर्जुनधारा नगरपालिका-११ का ३० वर्षीय नरेश थापा रहेको प्रहरीले जानकारी दिएको छ। थापाको बायाँ पाखुरामा गोली लागेको थियो। प्रहरीसँगको झडपमा परी प्रदर्शनकारीका तर्फबाट ६ जना घाइते भएका छन्।

गोली लागेर गम्भीर घाइते भएका इलाम माई नगरपालिका-१ बस्ने ३५ वर्षीय मणि नेपालीको हाल बिर्तामोडमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। घाइते नेपालीको बायाँ पाखुरा र बायाँ कोखमा गोलीले छेडेकाले अवस्था गम्भीर रहेको छ। त्यस्तै प्रदर्शनकारीतर्फ घाइतेमध्ये मेचीनगरका अशोक बस्नेत, अर्जुनधारा-६ का पुण्यप्रसाद लुइँटेल, दुर्गापुरका नवराज कोइराला, र राजगढका सुनील पाठकको उपचार भइरहेको प्रहरीले जनाएको छ। त्यस्तै घाइते भएका बिर्तामोड नगरपालिका-६ बस्ने ४० वर्षीय देवानन्द राजवंशीको टाउको पछाडिपट्टिको भागमा गहिरो चोट लागेकाले मेची अञ्चल अस्पताल भद्रपुरमा उपचार भइरहेको छ।

यता दुवै पक्षबीच भएको झडपमा २५ जना प्रहरी घाइते भएको प्रहरी कार्यालय झापाका डीएसपी जितेन्द्र बस्नेतले जानकारी दिए। उनले प्रदर्शनकारीतर्फ ७ जना घाइते भएकोमध्ये थापाको मृत्यु भइसकेको जानकारी दिए।

यसैबीच प्रदर्शनकारीहरूले बिर्तामोडस्थित सडक विभागको यान्त्रिक कार्यालयमा आगजनी गरेका छन्। यस्तै बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार सिवाकोटीको घरभित्र पसेर २ वटा गाडी र एउटा मोटरसाइकल तोडफोड गरेको स्थानीय तीर्थ सिग्देलले जनाएका छन्। उता सशस्त्रका एसपी रमेश सुवेदीको टाउकोमा प्रदर्शनकारीले चलाएको ढुंगाले लागेर घाइते भएका छन्।

प्रदर्शनकारी र प्रहरीबीच झडप जारी भएलगत्तै जिल्ला प्रशासन कार्यालय झापाले बिर्तामोडलगायत आसपासका क्षेत्रमा कर्फ्यु लगाएको छ। प्रशासन कार्यालय झापामा शुक्रबार दिउँसो बसेको सुरक्षा समितिको आकस्मिक बैठकले दिउसो १:३० बजेदेखि कर्फ्यु आदेश जारी गरेको हो। सुरक्षा समितिको निर्णय अनुसार मुक्तिचोकदेखि बसपार्कपूर्व, चारपाने चोक पश्चिम, महानन्द चोक उत्तर र बिर्ताबजार दक्षिण क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको प्रशासन कार्यालयका प्रशासकीय अधिकृत राजु दाहालले जानकारी दिए। 'अर्को सूचना जारी नभएसम्म बिर्तामोडमा कर्फ्यु जारी रहेनछ।' -अधिकृत दाहालले बताए। कर्फ्यु जारी भएसँगै बिर्तामोड आसपासका क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइएको छ।

यसैबीच अर्जुनधारा नगरपालिका-११ का ११ वर्षीय बालक लक्ष्मण शिवाकोटीको हत्यारालाई कानुनी कारबाहीको माग गर्दै निकालिएको विरोधमाथि शनिश्चरे रोडमा प्रहरीले शुक्रबार बिहान दमन गरेको थियो। सयौंको संख्यामा बिर्तामोडमा भेला भएका सर्वसाधारणले प्रहरीविरुद्ध चर्को नाराबाजी गर्दै बिर्तामोड बजार परिक्रममा गर्ने क्रममा प्रहरीले दमन गरेपछि घटनाले उग्र रूप लिएको थियो। प्रदर्शनकारी बिर्तामोड बजार बन्द गराउन आएको सूचना पाएपछि प्रहरीले हस्तक्षेप गरेको थियो। प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रण गर्न दर्जनौ पटक आश्रुग्यास र फाइरिङ गरेको थियो। प्रदर्शनकारीले सडकमा चल्ने सवारीसाधन तथा पसलसमेत तोडफोड गरेका थिए।

# सकियो छठ

कृष्णउदास खनाल, वीरगन्ज

शुक्रबार पूर्वको आकाशबाट उदाउँदै गरेको सूर्यलाई अर्घ दिएपछि चारदिने महा अनुष्ठानको पर्व छठ सकिएको छ। बिहीबार साँझ अस्ताउँदै गरेको सूर्यलाई अर्घ दिएका व्रतालुहरूले बिहान उदाउँदै गरेका सूर्यलाई अर्घ दिएपछि छठ सम्पन्न भएको हो।

तराईबासीको मुख्य पर्व छठका लागि झिलिमिली पारिएका नदी, खोला र पोखरीस्थित छठघाटमा व्रतालुहरू बिहान उज्यालो नहुँदै पुगेका थिए। सूर्य देवको दर्शनका लागि एक टक लगाएर आकाशतर्फ नजर लगाएर बसेका उनीहरू सूर्य आगमनको छनक पाएपछि अर्घ दिएर घर फर्किएका छन्। बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिइएको थियो। कात्तिक शुक्ल षष्ठीका दिन सूर्यलाई विशेष विधिपूर्वक अर्घ दिएर छठ पर्व मनाइन्छ। सँझिया घाटे भनिने यस दिनलाई मुख्य दिनका रूपमा हेरिन्छ। छठ पर्व विशेष गरी नेपालको मध्य र पूर्वी तराई तथा काठमाडौं उपत्यका र केही पहाडी क्षेत्रमा पनि उल्लासका साथ मनाउने गरिन्छ।

विशेष नियम र निष्ठासाथ मनाइने छठ पर्वका लागि तीन दिन अघिदेखि नै नदी, पोखरी तथा जलाशयहरू सिँगारेर झकिझकाउ पारिएको थियो। छठपूजामा सूर्य भगवान् र छठी मातालाई पूजापाठ र अर्घ दिनका लागि गहुँ वा चामलको पिठोबाट ठेकुवा बनाउने गरिन्छ।

यस्तै मुला, गाजर, बेसारको हरियो बेर्ना, ज्यामिर, नरिवल, सुन्तला, केरा, स्याउ, पानीसिंगडा, सुथनी, उखुलगायतका फुलफूल पनि सूर्य भगवान् र छठी चढाइने गरिन्छ। छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ र सन्तान सुख प्राप्ति हुन्छ भन्ने धार्मिक जनविश्वास रहिआएको छ।

वीरगन्जको घडिअर्वा पोखरी, स्वीमिङ पुल, नगवा पोखरी, मुर्ली, छपकैया, रामगढवा, तेजारथ टोल, चिनी मिल आवासक्षेत्र, पिपरा, परवानीपुर, सुखचैनालगायत ग्रामीण क्षेत्रका पोखरी तलाउहरूमा छठका विशेष रौनक देखिन गरेको छ। सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईबासीको महान् चाड छठ पर्व मंगलबारदेखि विधिवत् रूपमा शुरू भएको थियो।

# 'सार्क सम्मेलन गर्न पाकिस्तान तयार'

काठमाडौं, (नेस)

नेपालका लागि पाकिस्तानी राजदूत मजहर जावेदले सार्कको शिखर सम्मेलन तत्काल गर्न पाकिस्तान तयार भएको बताउनुभएको छ। राजदूत जावेदले भारत पाकिस्तान खटपटका कारण २ वर्षदेखि स्थगित सार्क सम्मेलन गर्न तयार रहेको बताउनुभएको हो।

सन् २०१६ मा हुने भनिएको सार्क शिखर सम्मेलनमा भारतले पाकिस्तानको त्यस समयको अवस्था औंल्याउँदै उपस्थित हुन नसक्ने बताएको थियो। पछि सदस्य राष्ट्रहरूले पनि भारतको समर्थन गरेपछि अन्तिम समयमा पाकिस्तनले सम्मेलन स्थगन गरेको थियो।

काठमाडौंस्थित पाकिस्तानी दूतावासमा आयोजित कार्यक्रममा राजदूत जावेदले क्षेत्रीय शान्तिका लागि सार्कको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको हो। सार्क राष्ट्रबीच आपसी सद्भाव कायम गर्न सार्क राष्ट्रबीच सहकार्यको आवश्यकता औंल्याउँदै यस्तो धारणा राख्नुभएको हो।

सार्क सम्मेलन गर्न अन्य सदस्य मुलुकहरूले पनि ढिलाइ गर्न नहुने राजदूत जावेदको भनाइ थियो। राजदूत जावेदले बिहीबार पनि तत्काल शिखर सम्मेलन गर्न पाकिस्तान तयार भएको बताउनुभएको थियो।

# पश्चिम रुकुममा पार्टी एकता संयोजन समिति गठन

धनवीर दाहाल, मुसिकोट, रुकुम

नेकपा एमाले र नेकपा माओवादी केन्द्र रुकुम (पश्चिम)ले जिल्लास्तरको पार्टी एकता संयोजन समिति निर्माण गरेका छन्। चुनावी तालमेल हुँदै भविष्यमा पार्टी एकता गर्ने भनी एकताबद्ध भएका वाम गठबन्धनको प्रभाव रुकुममा पनि परेको छ। रुकुमका वामपन्थी पार्टी पनि पार्टी एकताका लागि तयार देखिएका छन्।

शुक्रबार पार्टी एकताका लागि भन्दै नेकपा एमाले, माओवादी केन्द्रले संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै पार्टी एकताका लागि आफूहरू एकजुट भएको बताएका छन्। हिजोका तितामीठा कुराहरूलाई बिर्सेर अब देश निर्माणका लागि लाग्नुपर्नेमा नेताहरूले जोड दिएका छन्। परिवर्तन र विकासका लागि आन्दोलन गर्दागर्दै नेपाली जनताहरू हैरान भएकोले अब परिवर्तन र विकासका लागि पार्टी एकतामा लागेको नेताहरूको भनाइ छ।

कम्युनिस्टहरूको एकता हुन सक्दैन भन्ने भ्रमलाई गलत सावित गर्दै कम्युनिस्टको नीतिअनुसार समाजवाद हुँदै साम्यवाद पुग्नका लागि एकताको खाँचो भएकोले पार्टी एकता गर्ने लागेको पत्रकार सम्मेलनमा बताएका छन्। उक्त पत्रकार सम्मेलनमा पार्टी एकता संयोजन समिति रुकुम (पश्चिम)का प्रमुख नेता एवं नेकपा एमालेका केन्द्रीय सदस्य शेरबहादुर केसीले जनताको चाहना अनुसार पार्टी एकता प्रक्रिया शुरू भएको बताउनुभयो।

कतिपयले यो निवार्चनसम्मका लागि मात्र हो भनी भ्रम छर्ने काम गरेको भन्दै पार्टी एकताका लागि आफूहरू होमिएको जानकारी दिनुभयो। रुकुममा एमालेको अस्तित्त्व समाप्त भयो नि? भन्ने पत्रकारको जिज्ञासामा नेता केसीले पार्टी एकता हुने भएकोले कसैको अस्तित्त्व समाप्त नहुने दाबी गर्नुभयो।

पार्टी एकतापछि एमाले वा माओवादी केन्द्र नभई एउटै कम्युनिस्ट केन्द्र बन्ने बताउनुभयो। यसै गरी एकता संयोजन समितिका प्रमुख नेता एवं माओवादी केन्द्रका रुकुम (पश्चिम) इन्चार्ज राजकुमार शर्माले अब गाउँ-गाउँमा संयुक्त निर्वाचन परिचालन कमिटी निर्माण हुने जानकारी दिनुभयो।

पार्टी एकताले जनतामा खुसी छाएको बताउनुहुँदै नेता शर्माले राष्ट्रलाई समृद्ध बनाउनका लागि एक हुनुको विकल्प नभएको उहाँको धारणा छ। आगामी मंसिर १० गते हुने निर्वाचनमा रुकुममा आफ्नो गठबन्धनले भारी मतका साथ आफ्ना उम्मेदवारलाई विजयी बनाउने दाबी गर्नुभयो।

यसै गरी एकता संयोजन समितिका सदस्य बुद्धिप्रसाद शर्माले अब सबै गाउँ तथा नगरपालिकास्तरमा एकता संयोजन समिति निर्माण हुने जानकारी दिनुभयो। यस्तै एकता संयोजन समितिका सदस्य ठगेन्द्रप्रकाश पुरीले केही मान्छेहरूले एमालेले रुकुममा माओवादीलाई कसरी भोट हाल्छ भनेर जनतामा भ्रम छरेको भन्दै कुनै पनि भ्रममा नपर्न आग्रह गर्नुभयो।

भविष्यमा पार्टी एउटै हुने भएकाले अहिलेका उम्मेदवार साझा भएको ढुक्क भएर संयुक्त वाम गठबन्धनका उम्मेदवारलाई भोट हाल्न सबैमा आग्रह गर्नुभयो।

एकता संयोजन समितिमा नेकपा एमालेका तर्फबाट केन्द्रीय सदस्य एवं रुकुम (पश्चिम) इन्चार्ज केसी र माओवादी केन्द्रका तर्फबाट रुकुम (पश्चिम) इन्चार्ज शर्मालाई प्रमुख नेता मानेर एमालेबाट विमलकुमार पुन र पुरी तथा माओवादी केन्द्रबाट शर्मा, महेन्द्र केसी र बुद्धिप्रसाद शर्मा रहेको र आवश्यकताअनुसार थपघट हुन सक्ने पत्रकार सम्मेलन जानकारी गराइएको छ। पार्टी एकता संयोजन समिति सबै स्थानीय तहमा तत्कालै गठन हुने र निर्वाचन परिचालन कमिटी पनि गठन हुने जानकारी दिइएको छ।

# भुस्याहा कुकुर नियन्त्रणमा, घरपालुवालाई ट्याग

**नेपाल समाचारमपत्र**
हेटौंडा

सार्वजनिक स्थल, सडकपेटीमा रहेका भुस्याहा कुकुरलाई हेटौंडा उपमहानगरपालिका कार्यालयले नियन्त्रणमा लिने अभियान थाल्ने भएको छ। करिब २० दिनसम्म अभियानलाई निरन्तरता दिइनेछ।

उपमहानगरपालिका क्षेत्रमा भुस्याहा (सामुदायिक) कुकुर नियन्त्रणको पहल थालिने भएको हो। उपमहानगरपालिकाका प्रबन्धक बीके महर्जनका अनुसार भुस्याहा कुकुर नियन्त्रण अभियानमा पहल थालिने भए पनि भुस्याहा कुकुरलाई के गर्ने भन्ने मा नगरपालिका अन्योलमा छ।

वडानम्बर १ देखि १९ सम्मका भुस्याहा कुकुर हटाउने अभियानमा वडा अध्यक्ष र अधिकारीबीच बहस चलेको छ। महर्जनका अनुसार केही वडा अध्यक्षले भुस्याहा कुकुर धेरै भएकाले मार्नु नै अन्तिम विकल्प भएको बताएका छन् भने केहीले पशु अधिकारको ख्याल गर्दै ज्यान लिन नहुने तर सम्बन्धित घरका मालिकलाई जिम्मा लगाउनुपर्ने बताएका छन्। नगरपालिका स्वयम् पनि कुकुरलाई मार्ने कुराको विपक्षमा छ। घरमा पालिएका कुकुरको पहिचानका लागि बेल्ट लगाइदिन र छाडा नछाड्न उपमहानगरपालिकाले अनुरोध गरेको छ।

कुकुरलाई व्यवस्थित नगर्दा सार्वजनिकस्थलमा भुस्याहा कुकुरले सर्वसाधारणलाई सताउने, टोक्ने गर्दा विभिन्न रोगको संक्रमण हुने सम्भावना भएपछि अभियान थालिएको हो। नगर वरिपरि भुस्याहा कुकुरले सर्वसाधारणमाथि आक्रमण गरेको गुनासो आएपछि कार्यालयले अभियान थालेको हो। नगरपालिका हेटौंडालाई रेबिजमुक्तनगर बनाउने अभियानमा छ।

नगरपालिका अब घरपालुवा कुकुरको सशुल्क दर्ता गर्ने सोचमा छ। 'घरमा पालिएका कुकुरको दर्ता गरी ती कुकुरलाई ट्याग दिइनेछ र कुकुरलाई दिसापिसाब गराइने ठाउँ र भ्याक्सिनबारे निरन्तर अनुगमन गरिनेछ।' -महर्जनले अनलाइन पद्धतिबाट उनीहरूले पालेको कुकुरबारे जानकारी सम्बन्धित धनीलाई दिने व्यवस्था गरिने बताए।

महर्जनले कुकुरको दिसा अन्य जनावरको भन्दा हानिकारक भएको बताए। मानिस, गाईभैंसी, घोडालगायत जनावरको दिसाभन्दा कुकुरको दिसा खतरनाक हुने उनको भनाइ छ। मानवीय चेतनाका कारण यसको नियन्त्रण गर्न सकिने उनको विश्वास छ।

उनले कुकुर पालन गम्भीर विषय भएको भन्दै कुकुरको दिसा र कुकुरमा लाग्ने रोगले मानिसको स्वास्थ्यमा प्रतिकुल असर निम्त्याउने बताए। नगरमा भुस्याहा कुकुर हटाउँदै सडकमा खुलारूपमा कुकुरलाई दिसा गराउने परम्परा अन्त्य नगराएसम्म नगर सरसफाइमा चुनौती देखापरिरहने उनले बताए।

## आँखा...

आँखामा हुने रोगबाट बच्नका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने प्रतिष्ठानले बताएको छ। मधुमेह तथा उच्च रक्तचाप भएका सबैले जाँच गराउनुपर्ने तिलगंगा आँखा प्रतिष्ठानले जनाएको छ। आँखाको दृष्टिमा कमी आई औषधि, चस्मा वा शल्यक्रियाबाट दृष्टि सामान्य अवस्थामा फर्काउन नसक्दा न्यून दृष्टि हुने भएकाले समयमै आँखाको चेकजाँच गर्नुपर्ने नेत्र रोग विशेषज्ञहरूले बताएका छन।

यस्तै, तिलगंगा आँखा प्रतिष्ठानमा मात्रै वार्षिक करिब १० हजार अकुलोप्लास्टिक समस्या भएका बिरामीहरू आइरहेका छन् भने साना ठूलो शल्यक्रिया गर्नेको संख्या करिव १ हजार ५ सय रहेको हाराहारीमा रहेको छ। अकुलोप्लास्टिक भन्नाले आँखाको प्लास्टिक शल्यक्रिया हो।

## जनप्रतिनिधि...

नगरकार्यपालिका एक सदस्यले नेपाल समाचारपत्रलाई बताएअनुसार सुविधा लिने निर्णय गर्ने भनेपछि सबै जना सहमतिमा आएका थिए। उनले भने- 'शुरूमा छलफल गर्दा जनताले थाहा पाए विरोध गर्छन् कि भन्ने कुरा पनि उठेको थियो तर निर्णय गर्दा भने घुमाउरो तरिकाले गरे। यसमा सबै दलका निर्वाचित प्रतिनिधि मिलेकै हुन्।'

यस विषयमा नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनसँग जिज्ञासा राख्दा चाडपर्व खर्च भन्दै नगरपालिकाको रकम बाँडीचुँडी नगरेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'हामीले चाडपर्व खर्च भनेर रकम बाँडफाँड गरेका होइनौं। यो हल्ला मात्रै हो। हामीले रकम त बाँडेका छौं तर त्यो रकम पेस्कीका रूपमा बाँडेको हो दामासाही होइन।'

उहाँका अनुसार अरू नगरपालिकाले तलबसमेत बाँडिसकेको अवस्थामा महानगरले पनि चाडपर्व खर्च बाँड्न थालेपछि पेस्कीस्वरूप ५०/५० हजारका दरले १२ लाख रुपियाँ बाँडेको हो।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिहरूले यसरी मनपरी सुविधा बढाउन नपाउने प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो- 'नेपालको संविधानअनुसार कानुन बनाएर मात्र स्थानीय निकायका जनप्रतिनिधिले सुविधा लिन पाउँछन्। सुविधाको हकमा संविधानले यस्तो भनेको छ तर जनप्रतिनिधि भने आफूखुसी सुविधा भोगमा लागिरहनुभएको छ।'

कतिपय नियम स्थानीय निकायले बनाउन पाए पनि सुविधा तोक्ने नियम भने प्रदेशसभालाई तोकिएको छ। संविधानमा गाउँ र नगरसभाको सुविधा तोक्ने अधिकार प्रदेशसभालाई दिएको छ। संविधानको धारा २२७ मा यसको व्यवस्था प्रस्ट पारेको छ तर यस्तो व्यवस्थालाई लत्याउँदै निर्वाचित प्रतिनिधि भने सुविधा लिन लिप्त उन्मुख छन्।

लामो समयपछि स्थानीय निकायमा जनप्रतिनिधि निर्वाचित भएपछि केही होला भन्ने जनतालाई लागेको थियो। तर एक पछि अर्को स्थानीय निकायका जनप्रतिनिधिहरू सुविधाका लागि मनपरी ढंगले निर्णय गर्दै जाने कार्यले गर्दा जनताहरू जनप्रतिनिधिप्रति उदासीन देखिने जानकारहरू बताउँछन्।

## गठबन्धनको...

बाँकेका ३ सिटमध्ये एमाले र माओवादीले एक/एक बाँडेका छन् भने १ स्वतन्त्रलाई दिइएको छ। रूपन्देहीमा एमालेले ४ सिट पाएको छ भने माओवादीले १ सिट लिएको छ। झापामा माओवादीले प्रतिनिधिसभाको १ र प्रदेशसभाको २ सिट पाएको छ। मोरङमा एमालेले ३ र माओवादीले २ सिट लिने सहमति भएको छ।



# अर्थ

लामो समयसम्म बन्द रहेका र आवश्यकताभन्दा बढी जग्गा ओगटेका उद्योगको जग्गा फिर्ता लिएर नयाँ उद्योग स्थापना गर्ने तयारी उद्योगीकै हितमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको दाबी छ।




# भारतसँगको पीपीए नवीकरण



प्राधिकरणले भारत सरकार मातहतको विद्युत् व्यापार निगमसँग गरेको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौताअनुसार ढल्केबर मुजफ्फर अन्तर्देशीय प्रसारणलाइनबाट नेपालले वर्षेनी १ सय ५० मेगावाट विद्युत् आयात गर्नुपर्छ।

**हेमन्त जोशी, काठमाडौं**

नेपाल विद्युत प्राधिकरण र भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) बीच ढल्केबर-मुजफ्पुर अन्तर्देशीय प्रसारणलाइनबाट आगामी डिसेम्बर महिनासम्म हालकै दरमा बिजुली आयात गर्ने गरी विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) नवीकरण भएको छ।

हालकै दर अर्थात ५ रुपियाँ ७६ पैसा (३ दशमलव ६० भारतीय रुपियाँ) मा अतिरिक्त २ महिनासम्म विद्युत् आयात गर्ने गरी पीपीए सम्झौता नवीकरण भएको प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले नेपाल समाचारपत्रलाई जानकारी गराउनुभयो। अधिकारीले भन्नुभयो-'अहिले २ महिनासम्मका लागि सम्झौता नवीकरण भएको छ। आगामी डिसेम्बर ३१ अगाडि उक्त सम्झौता फेरि नवीकरण गर्नुपर्नेछ।'

एनभीभीएन र प्राधिकरणबीच गत अगस्ट २८ मा भएको ऊर्जा सचिवस्तरीय बैठकले गरेको विद्युत् खरिद सम्झौता अक्टोबर मसान्तमा सकिन लागेको थियो। तर, सम्झौता नवीकरण गर्न दुई देशका ऊर्जा सचिवहबीच बैठक बस्न नसक्दा उक्त सम्झौताबारे के भन्ने अन्योलता रहेको थियो। नेपाल र भारतका ऊर्जा सचिवस्तरीय ज्वाइन्ट स्टेरिङ कम्पनी (जेएससी) मार्फत सम्झौता नवीकरण गर्नुपर्ने भए पनि बैठक बस्न नसक्दा प्रँधिकरण आफैंले उक्त काम गरेको हो। आगामी डिसेम्बरसम्मका लागि सम्झौता नवीकरण भए पनि सो समयभित्र ऊर्जा सचिवहरूको बैठकमार्फत उक्त विषय टुङ्ग्याउनु पर्नेछ।

यसबाट डिसेम्बर मसान्तसम्म १ सय ३२ केभी प्रसारणलाइनमार्फत् नेपालले १ सय ६० मेगावाट विद्युत् आयात गर्नेछ। उक्त सम्झौतामा नेपालका तर्फबाट प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङ र भारतका तर्फबाट भारतीय विद्युत व्यापार निगमका सीईओ अरुण कुमार गर्गले हस्ताक्षर गर्नुभयो।

प्राधिकरणले भारत सरकार मातहतको विद्युत् व्यापार निगमसँग गरेको २५ वर्षे दीर्घकालीन विद्युत् व्यापार सम्बन्धी सम्झौता अनुसार ढल्केबर मुजफ्फर अन्तर्देशीय प्रसारणलाइनबाट नेपालले वर्षेनी १ सय ५० मेगावाट विद्युत् आयात गर्नुपर्छ।

दीर्घकालीन रुपमा नेपालमा उत्पादित विद्युत् उक्त प्रसारणलाइनमार्फत् निर्यातको लक्ष्य राखिए पनि अहिले भने १ सय ६० मेगावाट विद्युत् आयात भइरहेको छ। प्राधिकरणले प्रसारणलाइन निर्माण गर्ने नेपाली कम्पनी पीटीसीएन र भारतीय कम्पनी सीपीटीसीलाई वार्षिक १ अर्ब रुपियाँ तिर्दै आएको छ।

प्राधिकरणको कार्य तालिकाअनुसार यसै महिना ढल्केबर सवस्टेशनको काम सम्पन्न गर्ने लक्ष्य लिइएको भए पनि चिनियाँ ठेकेदार कम्पनीले काम समयमा सकेको छैन। ढल्केबर-मुजफ्फरपुर अन्तर्देशीय प्रसारणलाइनलाई २ सय २० केभीमा चार्ज गरेर सोही प्रसारणलाइनमार्फत् २ सय मेगावाट विद्युत् आयात गर्ने तयारीमा प्राधिकरण थियो।

## टनकपुरबाट थप ३० मेगावाट विद्युत् आयात

नेपाल विद्युत प्राधिकरणले सुख्खायामको विद्युत् माग व्यवस्थापन गर्न टनकपुर नाकाबाट थप ३० मेगावाट विद्युत् आयात गर्ने भएको छ।

बिहीबार विद्युत आयात गर्न द्विपक्षीय सम्झौतामा बिहीबार प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतको पावर ट्रेड कर्पोरेशन (पीटीसी) का तर्फबाट डा. राजीवकुमार मिश्रले हस्ताक्षर गर्नुभयो।

प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीका अनुसार सम्झौता कात्तिक १५ बाट लागू भई आगामी जेठमा सकिनेछ। प्रवक्ता अधिकारीले हिउँदमा देखिने विद्युत् माग व्यवस्थापनका लागि २२ देखि ३० मेगावाटसम्म भारतबाट आयात गरिने बताउनुभयो। हरेक वर्ष महाकाली सन्धी अनुसार नेपालले ७ करोड युनिट विद्युत् नि:शुल्क पाउँदै आएको छ। सम्झौताअनुसार प्राधिकरणले पीटीसीसँग प्रतियुनिट ३ दशमलव ४४ भारतीय रुपियाँमा विद्युत् खरिद गर्नेछ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191 IS:1786

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक ११ अक्टोबर २८ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।७७ | १०४।३७ |
| युरो १ का रु. | १२०।५१ | १२१।२० |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३५।९२ | १३६।७१ |
| स्विस फ्रन्क १ का रु. | १०३।५९ | १०४।१८ |
| अस्ट्रेलियन डलर १ का रु. | ७९।३१ | ७९।७७ |
| क्यानाडियन डलर १ का रु. | ८०।५२ | ८०।९९ |
| सिङ्गापुर डलर १ का रु. | ७५।७५ | ७६।१९ |
| जापानी यन १० का रु. | ९।०९ | ९।१४ |
| चिनियाँ युआन १ का रु. | १५।६० | १५।६९ |
| साउदी अरब रियाल १ का रु. | २७।६७ | २७।८३ |
| कतारी रियाल १ का रु. | २७।४३ | २७।५९ |
| थाई भाट १ का रु. | ३।११ | ३।१३ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।२५ | २८।४२ |
| मलसियन रिङ्गिट १ का रु. | २४।४६ | २४।६० |
| दक्षिण कारियन वन १०० का रु. | ९।२० | ९।२५ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३७ |
| डनिस क्रानर १ का रु. | १६।१९ |
| हङकङ डलर १ का रु. | १३।३० |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# जग्गा विवादले औद्योगिक क्षेत्र र उद्योगीबीच टकराव

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा औद्योगिक क्षेत्रका उद्योगी र औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयबीच तित्तता बढेको छ। हेटौंडा औद्योगिक क्षेत्रले बन्द उद्योगको जग्गा फिर्ता लिएर नयाँ उद्योग स्थापना गर्ने अभियान अघि बढाएपछि यस्तो अवस्था सिर्जना भएको हो।

औद्योगिक क्षेत्र आफैंले विगतमा सम्झौता गरेर भाडामा उपलब्ध गराएको जग्गा एकलौटी निर्णय गरेर फिर्ता प्रक्रिया अघि बढाएको भन्दै उद्योगीले असन्तुष्टि जनाएका हुन्। लामो समयसम्म बन्द रहेको उद्योगको मात्र होइन, हाल सञ्चालनमा रहेका तर बढी जग्गा ओगटेका उद्योगको जग्गा फिर्ता लिने दाउमा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय लागेको उनीहरूको आरोप छ।

व्यवस्थापक पक्ष पानी, बिजुली र बाटोघाटो जस्ता भौतिक पूर्वाधारको उपयुक्त व्यवस्था गर्न नसकेको आरोप व्यवसायीले लगाएका छन्। औद्योगिक क्षेत्रले उद्योगीले भाडा तिरिरहेको जग्गा फिर्ता लिन खोज्नु गलत भएको उद्योग संघ, हेटौंडाको बुझाइ छ। संघका अध्यक्ष नवराज अर्यालले आफ्नो कमजोरी लुकाउन औद्योगिक क्षेत्र व्यवस्थापनले




प्रपञ्च फैलाएको दाबी गर्नुभएको छ। व्यवस्थापनले उद्योगीलाई बदनाम गराउन खोजेको भन्दै उहाँले बिजुली, पानी आदिको व्यवस्था भए तत्काल उद्योगी प्रतिवादमा उत्रिने पनि बताउनुभयो।

लामो समयसम्म बन्द रहेका र आवश्यकताभन्दा बढी जग्गा ओगटेका उद्योगको जग्गा फिर्ता लिएर नयाँ उद्योग स्थापना गर्ने तयारी उद्योगीकै हितमा रहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको दाबी छ। हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय प्रमुख नेपाल भुषण वैद्यले औद्योगिक क्षेत्रमा रहेका विभिन्न उद्योगका ४७ दशमलव १८ रोपनी जग्गा टेण्डरका लागि केन्द्रीय कार्यालयलाई पत्राचार गरिसकिएको बताउनुभयो।

यस्तै औद्योगिक क्षेत्रले नीतिगत निर्णय गरेर जग्गाफिर्ता प्रक्रिया अघि बढाएको उहाँको भनाइ छ।

यद्यपि, उद्योग व्यवसायीले भने निर्णय प्रक्रियामा उद्योगीलाई समेत सहभागी बनाएर आवश्यकताभन्दा बढी जमिन ओगटिएका ठाउँमा नयाँ उद्योग सञ्चालन गर्ने वातावरण बनाउनु उपयुक्त रहेको बताएका छन्। विवादमा अल्झिनु भन्दा समस्याको उचित समाधानतर्फ उद्योगी र हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय लाग्नु जरुरी देखिएको इच्छुक उद्योग व्यवसायीहरूकोको सुझाव रहेको छ।

# ओम डेभलपमेन्ट बैंक ११औं वर्षमा प्रवेश

पोखरा, (नेस)

ओम डेभलपमेन्ट बैंक स्थापनाको ११ औं वर्षमा प्रवेश गरेको छ। बैंकले पोखरा चिप्लेढुंगास्थित प्रधान कार्यालयमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

उक्त कार्यक्रममा १ सय १ जना रक्तदाताले रक्तदान गर्नुभएको प्रमुख कार्यकारी अधिकृत विश्व मोहन अधिकारीले बताउनुभयो। नियमित बैंकिङ तथा वित्तीय सेवाका अलावा बैंकले सामाजिक उत्तरदायित्व बहन गरी जिम्मेवार संस्थाको भूमिका निर्वाह गर्ने क्रममा उक्त कार्यक्रम गरेको जनाएको छ। वार्षिकोत्सवकै अवसर पारेर गत बिहीबार पोखरा, नारायणगढ र काठमाडौंमा प्रभातफेरी कार्यक्रमको आयोजना गरी सर्वसाधारणमा बैंकिङ सचेतना कार्यक्रमसमेत गरेको छ।

यसैगरी महानगरपालिकाहरूद्वारा आयोजित नियमित सरसफाईका कार्यक्रमहरूमा निरन्तर सहभागी भइरहेको र यसलाई आगामी दिनमा निरन्तरता दिइरहने प्रतिबद्धता बैंकले जनाएको छ।



अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रुपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको हो।

अर्थ

# टानको निर्वाचनमा लम्साल र दाहाल भिड्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) को ३९औं वार्षिक साधारणसभाले आगामी दुई वर्षे कार्यकालका निम्ति नयाँ नेतृत्व चयन गर्दै छ। आइबारबार काठमाडौंमा हुने साधारणसभामा अध्यक्षका लागि दुई जनाको उम्मेदवारी परेको छ। अध्यक्षमा पूर्वमहासचिवद्वय मोहन लम्साल र नवराज दाहालले मनोयन दर्ता गर्नु भएको हो।

दाहाल समूहको वरिष्ठ उपाध्यक्षमा पूर्णचन्द्र भूसाल, प्रथम उपाध्यक्षमा जीवन थापा मगर, द्वितीय उपाध्यक्षमा ऋृषिप्रसाद नेपाल, महासचिवमा आङपेम्बा शेर्पा र कोषाध्यक्षमा रामकृष्ण तिमल्सिनाले मनोनयन दर्ता गर्नुभएको छ। त्यस्तै सचिवमा सुजन लामिछाने, सहकोषाध्यक्षमा तारा लामा तथा सदस्यहरूमा राजनप्रसाद काप्री, जीवन लामा, रविन्द्र अधिकारी, सुकबहादुर लामा, हर्कबहादुर गुरुङ, बाबुराम गुरुङ, हरिशरण खरेल, गोपाल श्रेष्ठ र रामबहादुर खड्का रहनुभएको छ।

त्यस्तै लम्साल समूहको वरिष्ठ उपाध्यक्षमा खुम बहादुर सुवेदी, प्रथम उपाध्यक्षमा बाबुकाजी सिटौला, द्वितीय उपाध्यक्षमा निलहरी बास्तोला, महासचिवमा चेवन देवकोटा, सचिवमा चोलेन्द्रबहादुर कार्की, कोषाध्यक्षमा सुवास केसीले मनोनयन दर्ता गर्नुभएको छ। त्यस्तै सह-कोषाध्यक्षमा किरण धरेल तथा कार्यसमिति सदस्यहरूमा शेरबहादुर परियार, तपनराज भण्डारी, लाम्गेल जाङ्गबु शेर्पा, जंगबहादुर लामा, आङबाबु शेर्पा, रितु ग्यान्दम, सूर्यबहादुर थापा, कुलप्रसाद सुवेदी र सरोज कट्टेलले टानको सचिवालय मालिगाउँमा भर्खरै मनोनयन दर्ता गराउनुभएको हो।

मनोनयन दर्ता गर्दै अध्यक्षयका प्रत्यासी मोहन लम्सालले समृद्ध टान बनाउने अभियानस्वरुप आफ्नो टिम आएको बताउनुभएको छ। उहाँले आफू ३० वर्ष देखि व्यवसायीको हकहितमा संलग्न हुँदै आएको तथा ३ कार्यकाल कार्य समितिमा रहेर काम गरिसकेको हुनाले व्यवसायीको माग सम्बोधन गर्न सक्ने तागत राखेको हुनाले आगामी कार्यकालको लागि अध्यक्षमा मनोनयन दर्ता गरेको बताउनुभयो। आफ्नो टिमको उम्मेदवारी सम्पूर्ण व्यवसायीको हकहित र सुरक्षाको लागि भएको उहाँको दाबी छ।

नेपाल समाचारपत्रसँग कुरा गर्दै लम्सालले भन्नुभयो- 'पर्यटन ऐन संशोधन गर्नुपर्ने आजको आवश्यकता हो। तसर्थ, मैले जिते त्यसमा दबाबपूर्ण भूमिका खेल्दै पर्यटन व्यवसायीमैत्री वातावरण तयार गर्न लागि पर्न समेत पहल गर्ने छु।' पर्यटन व्यवसायमा संलग्न साना तथा ठूला व्यापारीको कर सम्बन्धित साना तिना उल्झन रहेका अवस्थामा आफू अडिटरसमेत रहेकाले ती समस्यालाई समाधान गर्न लागि पर्ने उहाँको भनाइ छ। पर्यटनमैत्री वातावरण बनाउनको लागि सरकारसँग भौतिक पूर्वाधार बनाउन समेत पहल गर्ने लम्सालको दाबी छ।

अध्यक्षयका अर्का प्रत्यासी दाहालले नेपालको पर्यटन क्षेत्रलाई गुणस्तरीय बनाउन, टानमा भएको आन्तरिक समस्यालाई निर्मुल गर्ने लक्ष्यसहित आफू चुनावी मैदानमा उत्रिएको बताउनुभयो। उहाँले टिम्स कार्डको समस्यालाई समाधान गर्न, आन्तरिक तथा बाह्य पर्यटकलाई नेपालप्रति आकर्षित गराउन र युवालाई पर्यटन क्षेत्रमा अग्रसर गराउनका लागि उम्मेदवार दर्ता गरेको दाबी गर्नुभयो।

दाहालले टानलाई नयाँ उचाई पुऱ्याउने र साँच्चिकै समावेशी र भौगोलिक रुपले समेत समावेशी बनाउने बताउनुभयो। दाहालले भन्नुभयो- 'संस्थागत सुधार गर्नका लागि मेरो समूहले उम्मेदवारी दिएको हो। पर्यटन व्यवसायीको हकहितका लागि मेरो नेतृत्वको समूहले काम गर्ने छ। व्यवसायी र मजदूरको दूरी कम गर्न समेत मेरो नेतृत्वले पहल गर्ने छ।'

अहिले केही ठाउँमा परमिटका समस्या रहेकोमा तिनलाई समेत सुधार गर्नुपर्ने आवश्यकता छ। सरकारसँग आधिकारिक इजाजत लिएर व्यवसाय सञ्चालन गरिरहेका संघसंस्थालाई मात्र व्यवसाय सञ्चालन गर्न दिने वातावरण तयार गर्नुपर्ने छ। 'पर्यटन व्यवसायलाई थप व्यवस्थित तथा मर्यादित बनाउनको लागि सरकारसँग पहल गर्ने र नेपालमा पर्यटन भित्र्याउनको लागि संघले ट्राभल मार्ट आयोजना गरी ट्रेकिङको प्रचार प्रसार गर्ने छु।' दाहालले भन्नुभयो।

लम्साल र दाहाल १८औं कार्यकालका लागि चुनावी मैदानको दौडमा रहनुभएको हो। टानको चुनावमा करिब १२ सयको हाराहारीमा मतदाता रहेका छन्। साधारणसभाको औपचारिक उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले गर्नुहुने आयोजकल जनाएको छ। साधारणसभाले १९ सदस्यीय कार्यसमिति निर्वाचित गर्न लागेको हो। कार्यसमितिमा थप ४ जना सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था टानको विधानमा रहेको छ।

# आन्तरिकतर्फ ५१ अर्ब राजस्व संकलन

काठमाडौं, (नेस)

आन्तरिक राजस्व विभागले असोज मसान्तसम्म ५१ अर्ब ६२ करोड ९७ लाख १३ हजार रुपियाँ राजस्व संकलन गरेको छ। विभागको असोज मसान्तसम्म ५१ अर्ब ३३ करोड ९९ रुपियाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा सो बराबरको राजस्व संकलन भएको हो।

चालू आर्थिक वर्षको पहिलो ३ महिनाको राजस्व संकलन गत वर्षको तुलनामा २४ प्रतिशतले वृद्धि भएको हो। गत आर्थिक वर्षको असोज महिनासम्म ४१ अर्ब ६३ करोड रुपियाँ राजस्व संकलन गरिएको थियो।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ २० अर्ब ७३ लाख ८२ हजार रुपियाँ, मूल्य अभिवृद्धि कर १८ अर्ब ३२ करोड २७ लाख ५२ हजार र अन्तःशुल्कतर्फ १२ अर्ब ८१ करोड ९३ लाख ३८ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ३ प्रतिशत कम तथा मूल्य अभिवृद्धि कर र अन्तःशुल्क तर्फ ३-३ प्रतिशत बढी हो।

त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः २० करोड २२ लाख ८४ हजार र २७ करोड ७९ लाख ५७ हजार रुपियाँ संकलन भएको छ। शिक्षा सेवा शुल्कतर्फ लक्ष्यभन्दा १५ प्रतिशत कम र स्वास्थ्यसेवा करतर्फ लक्ष्यभन्दा २७ प्रतिशत कम राजस्व संकलन भएको हो।

विभागले राजस्व संकलनमा गत वर्षको पहिलो ३ महिनाको तुलनामा आयकर वृद्धिदर १६ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २५ प्रतिशत, अन्तःशुल्कको वृद्धिदर ३७ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १५ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १६ प्रतिशत रहेको जनाएको छ।

आन्तरिक राजस्व विभागमा आयोजित वार्षिक समीक्षा कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक किशोरजंग कार्कीले सो जानकारी दिनुभएको हो। कार्कीले चालू आवको शुरुका २ महिना राजस्व संकलनमा केही समस्या भए पनि अहिले लक्ष्य पूरा गरेकोमा सबै कर प्रशासनमा काम गर्ने कर्मचारीलाई बधाई पनि दिनुभयो।

सरकारको चालू आवका लागि २ खर्ब ९९ अर्ब ९१ करोड ३७ लाख ४५ हजार रुपियाँ आन्तरिक राजस्व संकलनको लक्ष्य रहेको छ।

# अन्नपूर्ण बेसक्याम्पमा होटल अभाव

**धन बस्नेत, पोखरा**

पदयात्राको सिजनमा अन्नपूर्ण आधार शिविरमा जानेको संख्या बढ्दै गए पनि पर्यटकलाई होटल पाउन मुस्किल पर्न थालेको छ। होटलको कोठा थपिनेतर्फ ध्यान सम्बन्धित निकायको ध्यान नपुग्दा त्यहाँ जाने पर्यटकले सास्ती पाउन थालेका हुन्।

अन्नपूर्ण आधार शिविरमा पदयात्रा शुरु भएको पनि ४ दशक पूरा भइसकेको छ। तर, आधुनिक पर्यटनले उचाई लिए पनि समस्या पनि पुरानै छ। झुपडीयुक्त बेसक्याम्प जाने बाटोमा पहिले टि हाउस मात्रै थिए। तर, अहिले होटल बनिसकेका छन्। ती पनि पर्याप्त छैनन्। होटलको अभावमा गत असोजमा आयोजना गरिएको अन्नपूर्ण महोत्सवमा पर्यटकलाई टेन्टको व्यवस्था गरिएको थियो।

पर्यटकको आगमनमा देखिएको वृद्धिले होटल थप्नुपर्ने अवस्था सिर्जना गरेको छ। तर, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले भएका होटलमा कोठा थप्न स्वीकृति नदिँदा भएका होटलमा पनि कोठा थप्न नसकिएको व्यवसायीको छ। आधार शिविरमा होटल तथा कोठा नथपिँदा आन्तरिक तथा बाह्य पर्यटक सिजनको बेलामा होटलको पिँढीमा रात कटाएर फर्किनुपर्ने बाध्यता रहेको छ।

हाल पदयात्रा मार्गमा रहेका सिनुवा, ब्याम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे आधार शिविर गरी अन्नपूर्ण आधार शिविरमा जम्मा २६ वटा होटल सञ्चालनमा रहेको छन्। 'अहिले होटलको संख्या दुई दशकअघि जतिकै छ। तर, पर्यटकको आगमन भने वर्षेनी बढ्दै गएको छ।' अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सव-२०७४ का संयोजक ललित गुरुङले भन्नुभयो। होटलको संख्या कम हुँदा पर्यटकले सास्ती पाएका छन्। होटल थप्न स्वीकृति मागेका पनि सम्बन्धित निकायबाट त्यो पाउन नसकेको उहाँको दाबी छ।

गइरहेको होटलले पर्यटकको चापलाई नथेग्ने तर नयाँ पनि बनाउन नदिँदा पदयात्रामा गम्भीर असर पुगेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख युवराज कुँवरले बताउनुभयो। उहाँले भन्नुभयो- 'अब नयाँ होटल थप्नेतर्फ बहस चलाउछौं। आवश्यकताअनुसार होटल थप्न एक्यापसँग आग्रह गर्नेछौं।'

अन्नपूर्ण पदमार्ग क्षेत्रको समग्र विकासका लागि बृहत् गुरुयोजनासहित अघि बढ्नु अपरिहार्य भईसकेको उहाँको भनाइ छ। पदमार्ग क्षेत्रमा रहेका धार्मिक तथा इतिहासिक स्थललाई थप व्यवस्थित गर्दै त्यसको प्रचारप्रसार गर्नु अपरिहार्य रहेको गाउँपालिकाका प्रमुख कुँवरले बताउनुभयो।

पदमार्गमा देउरालीको पूर्वतर्फको पहाडमा अवस्थित बुद्धाकृति, दोभान र हिमालको बीचमा अवस्थित अति प्राचीन पूजनीयम् बराह र उक्त मन्दिर परिसरबाट देखिने १०८ धारा, झिनुडाँडास्थित तातो पानीको कुण्डलगायत स्थल रहेका छन्।

घान्द्रुकबाट पदयात्रा गर्दै आधार शिविरसम्म पुग्न पर्यटकले सामान्यतः ३ देखि ४ दिनको समय लाग्दछ। अन्नपूर्ण बेसक्याम्पका लागि ४ दशक अघिदेखि पदयात्रा शुरु भएको थियो। त्यतिबेला अन्नपूर्ण आधार शिविर जाने पर्यटकको बास भैंडी गोठमा हुन्थ्यो। त्यो बाहेक चित्राले बारेको अस्थायी झुपडीमा रात कटाएर गन्तव्यतर्फ उक्लनु पर्थ्यो। हाल अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) द्वारा २०४३ सालदेखि संरक्षण हुँदै आएको यस क्षेत्रमा एक्यापको मापदण्डअनुसार प्रत्येक होटलमा ६ वटा कोठाका दरले १ सय ५६ वटा कोठा रहेका छन्।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै यस अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको हो।

# अदुवा निकासीमा जीएसटी नलगाउन आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं



वाणिज्य मन्त्रालयको पहलमा नेपाल सरकारको एक टोलीले भारतको सिलगुडीस्थित भन्सार भन्सार आयुक्तलगायत भारतीय पदाधिकारीसँग छलफल गरेको छ।

विगत केही दिनेदेखि नेपालबाट भारततर्फ अलैंची, अदुवा निकासीमा भैरहेको अवरोध सम्बन्धमा टोलीले भारतीय पदाधिकारीसँग छलफल गरेको हो।

छलफलमा नेपाली टोलीले नेपालको काँचो अदुवा निकासी गर्दा भारतमा लाईसेन्स लिईरहनु नपर्ने, अदुवाको अन्य प्रकारबाट काँचो अदुवा निकासी हुँदा जीएसटी लाग्नेभएकाले काँचो अदुवाभैं निकासीमा जीएसटी नलाग्ने व्यवस्था गर्न अनुरोध गरेको छ। टोलीले नेपाल भारत वाणिज्य सन्धीअनुसार नेपालको कृषिजन्य वस्तु निर्वाध रुपमा भारत निकासी हुनुपर्ने प्रावधान रहेकाले अदुवा निकासीमा देखिएको अवरोध तत्काल हटाउन पहल गर्न भारतीय पक्षलाई आग्रह गरेको थियो।

नेपाली पक्षले उठाएका विषयमा सकारात्मक हुँदै भारतीय पक्षले समस्या समाधानका लागि तत्काल सम्बन्धित निकायमा आवश्यक पहल गर्ने आश्वासन दिएको थियो।

छलफलमा नेपालका तर्फबाट वाणिज्य मन्त्रालयका उपसचिव तर्कराज भट्ट, नेपाली महावाणिज्य दूतावास कोलकाताका उपमहावाणिज्यदूत नारायण शर्मा, मेची भन्सार कार्यालयका प्रमुख टेक बहादुर अर्यालगायतको सहभागीता रहेको थियो।

# पोल्यान्डले अन्तर्राष्ट्रिय एक्स्पो आयोजनाको दाबी गर्ने

काठमाडौं, (नेस)

पोल्यान्डले इन्टरनेसनल एक्स्पो २०२२ आयोजना गर्न दाबी गर्ने भएको छ। पोल्यान्डको भारतमा रहेको कुटनीतिक नियोग शुक्रबारसो कुराको जानकारी दिएको हो।

पोल्यान्डको दाबीमा नेपाल चेम्बर अफ कमर्सले पनि सहयोग गर्ने भएको छ। कार्यक्रममा भारतका लागि पोल्यान्डको कुटनितीक नियोग प्रमुख, रोबर्ट जिजिकको पनि सहभागिता रहेको थियो।

# चेम्बरद्वारा बिदाको विरोध

काठमाडौं, (नेस)

नेपाल चेम्बर अफ कमर्सले जात्रा वा पर्वको नाममा बिदा बढाउँदै गएको प्रति विरोध जनाएको छ। बिदाको समयमा पनि आर्थिक एवं वित्तीय संस्थामा सुचारुरूपले कार्य सञ्चालन हुनुपर्ने माग चेम्बरले राखेको छ।

चेम्बरले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी जात्रा पर्वका नाममा धेरै बिदा दिँदा आर्थिक क्षेत्रमा नकारात्मक असर पुग्न थालेको जनाएको छ।

संस्कृति, जात्रा र पर्वमा सार्वजनिक बिदा दिने वर्तमान सरकारी व्यवस्थाले नेपालको आर्थिक विकासमा नकारात्मक असर पर्न थालेको चेम्बरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ- 'व्यापार घाटाले मुलुक आक्रान्त बनेको बेला सरकारी कामका सेवाग्राही मात्रै पीडित नभई मुलुकको अर्थतन्त्र नै डामाडोलको अवस्था पुगेको छ।'

बिदाले अर्थतन्त्रमा पारेको प्रभावको विषयमा चेम्बरले पटकपटक सरकारको ध्यानाकर्षण गराउँदै गएको भए पनि सरकारले वास्ता नगरेको भन्दै बिदा दिँदा आर्थिक एवं वित्तीय संस्थामा सुचारु रूपले कार्य सञ्चालन हुनुपर्ने माग राखेको हो।

सरकारले शुक्रबार पनि छठको आकस्मिक बिदा घोषणा गरेपछि चेम्बरले विरोध जनाएको हो।

# पुनर्निर्माणबारे जापान र भारतको चासो

काठमाडौं, (नेस)

नेपालका लागि जापानका राजदूत मासासी ओगावाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) युवराज भूसालसँग शिष्टाचार भेट गर्नुभएको छ। शुक्रबार भएको भेटमा राजदूत ओगावाले हनुमानढोका, पाटन दरबार स्क्वायर र देवी तलेजु मन्दिर पुनर्निर्माणवारे चासो राख्नुभयो। सम्पदा पुनर्निर्माणमा जापानले गरेको सहयोगअनुसार काम अघि बढ्न नसकेकोप्रति चिन्ता व्यक्त व्यक्त गर्दै उहाँले जतिसक्दो छिटो यसलाई गति दिनुपर्नेमा जोड दिनुभयो।

सो क्रममा सीईओ भूसालले तत्काल पुरातत्व विभागसहित सराकोरवाला निकायसँग छलफल गरी सम्पदा पुनर्निर्माणलाई थप गति दिन पहल गर्ने बताउनुभयो। सीईओ भूसालले अबको तीन महिनाभित्र पुनर्निर्माणमा ठोस प्रगति देखिने गरी काम गर्ने बताउँदै आउँदो बर्षायाम शुरु हुनु अघि नै करिब ६० प्रतिशत भूकम्पपीडितलाई नयाँ घरमा पुर्नस्थापना गर्ने बताउनुभयो।

पुनर्निर्माणको क्षेत्रमा जापानले गरेको सहयोगप्रति धन्यवाद दिँदै सीईओ भूसालले पुनर्निर्माणको अभियानलाई सफल बनाउन सबैको सहयोग अपरिहार्य रहने उल्लेख गर्नुभयो। भेटमा जापानी राजदुत ओगावाले प्राधिकरणको अबको नेतृत्वले पुनर्निर्माणलाई सफल बनाउनेमा आफुहरू आशावादी रहेको भन्दै आगामी दिनमा पनि जापानको सहयोगलाई निरन्तरता दिने बताउनुभयो।

यसैबीच शुक्रबारै भारतीय दूतावासका प्रतिनिधिले पनि सीईओ भूसालसँग शिष्टाचार भेट गरेका छन्। भेटमा पुनर्निर्माणका लागि भारतले गरेको सहयोग र त्यसको प्रगतिबारे छलफल भएको थियो। भारतीय दुतावासका डेपुटी चिप अफ मिसन प्रमुख डा. अजय कुमारसहितको टोलीले सीईओ भूसाललाई आगामी कार्यकालको शुभकामना दिँदै पुनर्निर्माणका लागि सहकार्य गरेर अघि बढ्ने बताउनुभयो। सीईओ भूसालले नेपालको असल छिमेकी मुलुक भएकाले पनि नेपालको पुनर्निर्माणमा भारतसँगको सहकार्य निकै महत्त्वपूर्ण भएको उल्लेख गर्नुभयो।

# पर्यटकका लागि नयाँ गन्तव्य बन्दै भालुढुंगा



**गणेश घिमिरे, इलाम**

इलामको महत्त्वपूर्ण पर्यटकीय गन्तव्य भालुढंगाको विकासमा इलामे युवा जुट्न थालेका छन्। इलाम नगरपालिमा जिल्लाकै सदरमुकाम भए पनि प्रचारप्रसार तथा संरक्षण अभावले ओझेलमा परेको भालुढुंगाको संरक्षणमा स्थानीय युवा जुट्न थालेका हुन्।

इलाम नगरपालिका- ६ मा पर्ने भालुढुंगा प्राकृतिक रुपले अत्यन्तै सुन्दर भए पनि पर्यटन प्रवर्द्धनमा सम्बन्धित निकायको आँखा पुग्न सकेको छैन। इलाम नगरपालिकाभित्रै यस्ता पर्यटकीय गन्तव्य भए पनि यो क्षेत्र ओझेलमा परेको थियो। तर, यतिखेर यस क्षेत्रको संरक्षण र प्रचारको जरुरी भएको महशुस गर्दै स्थानीय युवा सक्रिय भएर जुट्न थालेका छन्। उक्त क्षेत्रको विकासका लागि स्थानीय युवा भालुढुंगा संरक्षण समिति नै गठन गरेर आर्थिक सहयोग समेत जुटाउन थालेका छन्।

स्थानीय युवा तथा भालुढुंगा संरक्षण समितिका सदस्य कपिल कोइरालाका अनुसार करिब १४ हेक्टर क्षेत्रफलमा फैलिएको वन क्षेत्रमा रहेको पर्यटकीय गन्तव्य समिति सक्रिय भएर लागेको छ। उहाँले भन्नुभयो- 'यहाँका विकासका लागि भालुढुंगा क्षेत्र परिसरमा रेलिङ लगाउने र बाटो बनाउनेलगायतका कार्य गरिहेका छौं।'

भालुढंगाको पर्यटन प्रवर्द्धनमा सक्रिय रुपमा लागेका स्थानीय युवा हरि गुरुङले योजना र कामको शुरुवातसँगै पर्यटकीयस्थलको विकासका लागि सरोकारवाला निकायको भूमिका महत्वपूर्ण रहने बताउनुभयो। गुरुङले भन्नुभयो-'यस क्षेत्रको विकासका लागि अझै धेरै काम गर्न बाँकी रहेको छ। तर, बजेट अभावका कारण गर्न सकिरहेका छैनौं।' उहाँका अनुसार विभिन्न निकाय तथा व्यक्तिबाट आर्थिक सहयोग जुटाउने कार्यमा समिति अघि बढिरहेको छ। सबैको सहयोग पुगेमा सिंगो इलाम जिल्लाका नेपालकै नयाँ पर्यटकीय गन्तव्य बन्ने उहाँको दाबी छ।

पर्यटनको क्षेत्रमा मेचीका तीन जिल्ला इलाम, पाँचथर र ताप्लेजुङमा काम गर्दै आएको मेची पहाडी पर्यटन प्रवर्द्धन विकास समितिका कार्यकारी निर्देशक केशव कुमार घ्यौरालीले सदरमुकामको नजिक रहेर पनि ओझेलमा परेको भालुढुंगाको संरक्षण अनि विकासका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो।

भालुढंगाबाट जिल्लाका प्राकृतिक तथा धार्मिक पर्यटकीय गन्तव्यहरू माईपोखरी, जसबिरे, पुवाखोला सहित जिल्लाका विभिन्न गाउँको दृश्यावलोकन आँखै अगाडिबाट नियाल्न सकिन्छ। इलाम बजारबाट १ किलोमिटरको दुरीमा पर्ने भालुढुंगा जंगलको बीचमा पर्दछ। यो क्षेत्र इलाम बजारबाट ओपिधारा-इलाम चियाबारी हुँदै पुग्न सकिन्छ। भालुढंगामा प्राकृतिक रुपमा गुफा समेत रहेकाले धार्मिक हिसाबले पनि महत्वपूर्ण रहेको छ। यतिखेर भालुढुंगाको प्रचारप्रसार बढ्न थालेपछि आन्तरिकका साथै बाह्य पर्यटक पनि त्यहाँ पुग्न थालेका छन्।

# ब्रान्ड भ्यालुमा फेडेरर अगाडि

नयाँ दिल्ली, (एजेन्सी)



विश्वप्रसिद्ध म्यागाजिन फोर्ब्सको "दि मोस्ट भ्यालुएबल ब्रान्ड एमोन्ग स्पोर्ट्स एथ्लीट्स" सूचीको शीर्षस्थानमा स्विजरल्यान्डका रोजर फेडेरर सूचीकृत भएका छन्।

वर्तमान समयमा सबैभन्दा बढी ब्राण्ड भ्यालु भएको खेलाडीमा टेनिस लेजेन्ड रोजर फेडेरर शीर्षस्थानमा परेका हुन्। फेडेररको ब्राण्ड भ्यालु ३७.२ मिलियन अमेरिकी डलर बराबर रहेको छ। दोस्रो स्थानमा ३३.४ मिलियन डलरसहित अमेरिकी बास्केटबल खेलाडी लेब्रोन जेम्स र तेस्रोमा २७ मिलियन डलर सहित जमैकाका कीर्तिमानी धावक उसेन बोल्ट छन्।

फुटबल खेलाडीतर्फ फिफा बेस्ट अवार्ड विजेता क्रिस्टियानो रोनाल्डो अगाडि छन्। उक्त सूचीको चौथो स्थानमा रहेको उनको ब्रान्ड भ्यालु २१.५ मिलियन डलर रहेको छ। यसैगरी पाँचौ र छैठौं स्थानमा अमेरिकी व्यवसायिक गल्फ खेलाडीद्वय फिल मिकेल्सन र टाइगर उड्स रहेका छन्। यी दुई गल्फरको क्रमश: १९.६ र १६.६ मिलियन डलर ब्रान्ड भ्यालु रहेको छ।

यता अर्का स्टार फुटबल खेलाडी लियोनल मेसीलाई भारतीय क्रिकेट टिमका कप्तान विराट कोहलीले पछि पारेका छन्। सूचीको सातौं स्थानमा रहेका कोहलीको ब्रान्ड भ्यालु १४.५ मिलियन डलर रहेको छ भने १३.५ मिलियन डलर ब्रान्ड भ्यालु रहेका मेसी नवौं स्थानमा छन्। रोनाल्डोको ब्रान्ड भ्यालु १३.२ प्रतिशतले वृद्धि हुँदा मेसीको १० प्रतिशत घटेको हो।

आठौं स्थानमा रहेको आयरल्यान्डका गल्फ खेलाडी रोरी मेकलोरीले ब्रान्ड भ्यालु १३.६ मिलियन डलर छ। उनले मेसीलाई शून्य दशमलव एक मिलियन डलरले पछाडि पारेका छन्। यसैगरी १३.४ डलर ब्रान्ड भ्यालु सहित अमेरिकी बास्केटबल खेलाडी स्टेफेन करीले सूचीको दसौं स्थान ओगटेको छ। शीर्ष दशको सूचीमा गल्फका सबैभन्दा धेरै तीन खेलाडी छन् भने फुटबल र बास्केटबलका समान दुई-दुई खेलाडी छन्।

यता मोस्ट ब्राण्ड भ्यालु भएको टिमतर्फ भने शीर्ष दशमा तीन फुटबल क्लब छन्। धेरै ब्राण्ड भ्यालु भएको टिमतर्फ अमेरिकन प्रोफेसनल फुटबल टिम डल्लास काउब्वाइज छ। जसको ब्राण्ड भ्यालु ६७६ मिलियन पाउण्ड रहेको छ। दोस्रो स्थानमा अमेरिकन बेसबल क्लब न्यूयोर्क याक्रिज तथा तेस्रो स्थानमा अमेरिकन बास्केटबल टिम लस एन्जलस लेकर्स छन्।

प्रिमियर लिगमा दोस्रो स्थानमा रहेको म्यानचेस्टर युनाइटेड धेरै प्रतियोगिता जित्न नसके पनि फुटबलमध्ये सबैभन्दा अगाडि छ। युनाइटेडको ब्राण्ड भ्यालु यस वर्ष १२.८ प्रतिशतले वृद्धि भएको हो। त्यसपछि स्पानिस क्लबद्वय बार्सिलोना र रियल मड्रिड छन्। चौथो स्थानको युनाइटेडको ब्राण्ड भ्यालु ४०५ मिलियन पाउन्ड भने भने पाँचौ स्थानमा रहेको बार्सिलोनाको ४०५ मिलियन छ। यस्तै ३८५ मिलियन ब्रान्ड भ्यालुका साथ रियल सातौं स्थानमा छ। बार्सिलोनाको भ्यालु ५.५ प्रतिशतले वृद्धि हुँदा रियलको भने २.१ प्रतिशतले घटेको छ।

# दोस्रो चरणमा २२ खेलाडी छनोट

काठमाडौं, (नेस)

आगामी नोभेम्बरमा हुने आईसीसी विश्व टी २० छनोटको एसिया क्षेत्रका लागि नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीमा २२ खेलाडी छनोट भएका छन्।

छनोट समितिले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको मैदानमा भएको तीन दिनको अभ्यासपछि दोस्रो चरणका लागि खेलाडी छनोट गरेको हो। छनोट समितिले ४४ खेलाडीबाट २२ खेलाडी नै कटौती गरेको थियो। सो समितिमा आईसीसीतर्फका प्रतिनिधि अमिनुल इस्लाम, पुरुष राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक जगत टमाटा, महिला राष्ट्रिय टोलीका प्रशिक्षक सामसन जंग थापा र महिला राष्ट्रिय टोलीकी कप्तान रुबीना क्षत्रीद्वारा खेलाडी छानेका थिए।

थाइल्यान्डमा नोभेम्बर २० देखि शुरु हुने विश्व टी २० छनोटमा नेपालले हङकङ, यूएई र चीनसँग प्रतिस्पर्धा गर्नेछ। नेपालले पहिलो खेलमा आयोजक राष्ट्र थाइल्यान्डसँग नोभेम्बर २० मै सामना गर्नेछ।

त्यस्तै नेपालले २१ नोभेम्बरमा हङकङ, २३ नोभेम्बरमा यूएई र २६ नोभेम्बरमा चीनविरुद्ध खेल्ने कार्यक्रम रहेको छ। यो छनोट प्रतियोगिताको विजेताले अर्को वर्ष वेस्ट इन्डिजमा हुने महिला विश्व टी २० प्रतियोगितामा सहभागिता जनाउन पाउनेछ।

नेपाली टोलीमा छनोट भएका खेलाडी यसप्रकारका छन्: रुबीना क्षत्री बेलबासी -कप्तान), सीता रानामगर, ज्योति पाण्डे, सरिता मगर, नेरी थापा, रोमान थापा, इन्दु बर्मा, करुणा भण्डारी, सोनु खड्का, शोभा आले, नीतु भण्डारी, एलीश क्षत्री, कबिता कुँवर, बीनु बुढामगर, सरस्वती चौधरी, लक्ष्मी चौधरी, रितु कनोजीया, संगीता राई, अञ्जली चन्द, काजोल श्रेष्ठ, रेखा रावल र शबनम राई।

## धरहरा

### पूर्वराजा र धुपौरे



केही दिनयता मुलुकको राजनीति तरंगित भएको छ। पूर्वराजा ज्ञानेन्द्रले अहिले दल सिल्ली भएकाले अब देशको नेतृतव लिन आफू तयार भएको बताएपछि राजनीति एकाएक तरंगित हुन पुगेको छ।

दुईदुई पटक राजा हुँदा पनि नपुगेर पूर्वराजा ज्ञानेन्द्रले बोलेको वाणी सुनेर धरहरा पनि तीन छक परेको छ भन्या। सत्ता भनेको अचम्मको चिज रहेछ। जति शासन गरे पनि नपुग्ने। हैन हिजो जनताले पुरै चक्रपथ घेरेर सत्ताबाट हटेका राजाको पछिल्लो अभिव्यक्तिपछि केही राजावादीहरूले देखाएको चुरीफुरीले धरहरा हास्दा हास्दा मुर्छित भएको छ। बाच्नुमात्र पर्छ के के देख्न पाइन्छ पाइन्छ।

जनताले अब तिमी राजा होइन, जनता भएर बस भनेर दिएको जवाफलाई भुलेर पूर्वमहाराजबाट भएको त्यो महान्वाणीले कसलाई कहाँ पुऱ्याउने हो केही भन्न नसक्ने अवस्थामा धरहरा पुगेको छ है पाठकवृन्द?

# कटारीमा तेक्वान्दो छनोट हुने




उदयपुर, (नेस)

उदयपुरको कटारीमा पूर्वाञ्चल क्षेत्रीय तेक्वान्दो छनोट प्रतियोगिता हुने भएको छ। शुक्रबार कटारीमा पत्रकार सम्मेलन गर्दै आउँदो कात्तिक १७ र १८ गते प्रतियोगिता आयोजना गरिने प्रतियोगिताका संयोजक घनश्याम बुर्जा मगरले जानकारी दिए। पूर्वाञ्चलका १६ जिल्लाका २ सय तेक्वान्दो खेलाडीहरूले सहभागिता जनाउने भएका छन।

कटारी नगरपालिका, साथी समूहलगायत कटारीका स्थानीय युवाहरूको सहयोगमा सम्पन्न गरिने प्रतियोगिताको आयोजना त्रिवेणी तेक्वान्दो डोजाङ र युनिटी तेक्वान्दो डोजाङ कटारीले गर्नेछन्। प्रतिस्पर्धामा १६ र पुम्से कातामा ८ गरी २४ जना राष्ट्रिय प्रतियोगिताका लागि छनोट हुनेछन्।

# पहिलो लेगमा रियल मेड्रिड विजयी

लन्डन, (एजेन्सी)

स्पेनमा जारी कोपा डेल रेको अन्तिम ३२ को पहिलो लेगमा रियल मेड्रिडले फुएन्लाब्राडालाई पराजित गरेको छ।

बिहीबार राति भएको खेलमा रियल २-० ले विजयी भएको हो। स्पेनिस लिगको तेस्रो डिभिजनको क्लबलाई हराउन रियलले पेनाल्टीको सहारा लिनुपरेको थियो। रियलले दुबै गोल दोस्रो हाफमा पाएको दुईवटा पेनाल्टी अवसरमा गरेको थियो। रियलका लागि मार्को एसेन्सियो र लुकास भाज्क्वेजले एक-एक गोल गरेका हुन्।

खेलमा फुएन्लाब्रादाका क्यान्डेला पास्कल र रियल मेड्रिडका भालेयोले रातो कार्ड पाएपछि दुबै टोली १० जनामा समेटिएका थिए। अघिल्लो खेलबाट ६ खेलाडी परिवर्तन गरेको रियललाई पहिलो गोल गर्न खेलको ६३औं मिनेटसम्म पर्खनु पऱ्यो। फ्रान गार्सियाले १८ वर्षीय अच्राफ हाकिमीलाई फल गर्दा पाएको पेनाल्टीलाई मार्को असेन्सियोले गोलमा परिणत गरेका थिए।

दोस्रो पहेलो कार्ड पाउँदै फुएन्लाब्राडाका खेलाडी पाको कान्डेला बाहिरिएपछि खेलको ७९ औं मिनेटमा घरेलु टोली १० खेलाडीमा सिमित भयो। कान्डेलाको फलमा पाएको पेनाल्टीमा लुकास भाजक्वेजले गोल गर्दै रियलको अग्रता दोब्बर पारे। रियलका २१ वर्षीय जिसस भालेजोले डेब्यु खेलको ८९औं मिनेटमा सोझै रातो कार्डको सामना गरे। यी दुईबीच दोस्रो लेगको खेल नोभेम्बर २९ मा रियल मेड्रिडको मैदानमा हुनेछ।

प्रतियोगिताकै अन्य खेलहरूमा रियल सोसिडाड, लस पाल्मास र लेभान्ते पनि विजयी भएका छन्। लस पाल्मासले डेपोर्टिभो ला कोरुनालाई ४-१ ले हराउँदा रियल सोसिडाडले लिडालाई १-० ले तथा लेभान्तेले जिरोनालाई २-० को गोलअन्तरले पराजित गरेका छन्। यस्तै टेनेरिफ र इस्पान्योलले भने गोलरहित बराबरीमा खेल टुंग्याए।

# टेनिस रेन्किङलाई केशा ग्रुपको प्रायोजन

काठमाडौं, (नेस)

अखिल नेपाल लन टेनिस संघको आयोजनामा एनएलटीए यु-१४ रेन्किङ प्रतियोगितालाई केशा ग्रुपले प्रायोजन गर्ने भएको छ। यो सम्झौतापछि प्रतियोगिताको केशा ग्रुप एनएलटीए यु-१४ रेन्किङको नामबाट आयोजना हुनेछ। केशा ग्रुपले यस बापत आयोजक अखिल नेपाल लन टेनिस संघलाई प्रतियोगिता आयोजना गर्न ५ लाख नगद प्रदान गर्ने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

सर्किट १ र २ गरी दुई प्रतियोगिता हुने र उक्त प्रतियोगितामा नेपालसहित भारत, हङकङ र अमेरिकाले सहभागिता जनाउनेछन्। सर्किट १ अक्टोबर ३० देखि नोभेक्बर ३ तारिखसम्म र सर्किट २ नोभेम्बर ६ देखि १० गतेसम्म सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा खेलाइने आयोजकले जनाएका छन्। एशियाली टेनिस महासंघको सहयोगमा हुने प्रतियोगितामा नेपाली ९ पुरुष र १३ महिला खेलाडी सहभागी हुनेछन्। १० लाख ५० हजारको अनुमानित लागत रहेको प्रतियोगितामा खेलाडीहरूको दर्ता शुल्क ३० डलर रहेको समेत पत्रकार सम्मेलनमा जानकारी गराइयो।

# सेपाकताक्रोले विश्व कप खेल्ने

काठमाडौं, (नेस)

नेपाल सेपाकताक्रोले भारतको हैदरावादमा आयोजना हुने 'आईएसटीएएफ विश्व कप-अन्तर रेगु सेपाकताक्रो च्याम्पियनसिप २०१७' मा प्रतिस्पर्धा गर्ने भएको छ।

च्याम्पियनसिपमा सहभागी हुने १४ सदस्यीय महिला तथा पुरुष नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्टले शुक्रबार एक कार्यक्रमबीच शुभकामनासहित बिदाई गरे।

कात्तिक १६ देखि १९ गतेसम्म आयोजना हुने च्याम्पियनसिपमा सहभागी हुने पुरुष टोलीमा रुपेश सुनार, रोशन तामाङ, सुजन डंगोल, संगिन थापामगर र रबिन भट्टराई रहेका छन्। टिम प्रशिक्षकमा गंगाबहादुर गुरुङ र ब्यवस्थापकमा नेत्रप्रसाद गुरुङ रहेका छन्। यस्तै महिला टोलीमा सोममाया थापा मगर, चन्द्रा चौधरी, सुमित्रा डंगोल, उषा महर्जन र स्वस्तिका श्रेष्ठ रहेका छन्। प्रशिक्षकमा ध्रुव गुरुङ र टिम व्यवस्थापकमा जितेन्द्र थापामगर रहेका छन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ